विश्वासीहरूको निम्ति लेखिएको

पवित्र बाइबलको टिप्पणी

# अय्यूबको पुस्तकको टिप्पणी

विलियम म्याक डोनाल्ड

Title of the English Original:
**Believer's Bible Commentary by William MacDonald**

Indian Publisher of the English Original:
**Authentic Media, Medchal Road, Suchitra Junction, Secunderabad – 500 067, India**

ISBN of the English Original: ISBN 9789381905593

Copyright of the English Original: © 1995 by Christian Mission in Many Lands, Inc. P.O. Box 13, Spring Lake, NJ 07762, USA www.cmml.us

Copyright of the Nepali translation: © 2017 by Christian Mission in Many Lands, , Inc. P.O. Box 13, Spring Lake, NJ 07762, USA www.cmml.us

Publisher of the Nepali translation:
**जीवन मार्ग प्रकाशन**
**पी.ओ. बोक्स नं. २३**
**पी.ओ. कालिम्पोङ्ग - ७३४३०१**
**दार्जीलिङ्ग, पश्चिम बंगाल**
**भारत**

Please visit our webpage for additional literature.
These publications are available as pdf files from:
www.nbcinepal.org
or write to: nbcinepal@gmail.com

Printed at:

# अय्यूबको पुस्तकको भूमिका

*‘मानिसको भाग्य के हो र यहाँ, यस पृथ्वीमा मानिससँग परमेश्वरको व्यवहार केकस्तो हुँदो रहेछ, सो सम्बन्धमा, अँ, यस कहिल्यै नटुङ्गिने मामिलाको बारेमा यो पुस्तक हाम्रो हातमा आएको पहिलो, सबैभन्दा पुरानो लेख हो । योचाहिँ एकजना मानिसको असाध्य दुःख र परमेश्वरसित तिनको परम सुन्दर मेलमिलापको विषयमा लेखिएको, मानिसको हृदयमा उत्पन्न भएको सबैभन्दा पुरानो भजनकीर्तनको रचना हो; यसको धुन कति मधुर छ – गर्मी यामको एउटा न्यानो, अँध्यारो रातको राग सम्झनुहोस् ! यसको उचाइ र गहिराइ कति महान् छ – एउटा विशाल सृष्टि त्यसका सागरहरू र त्यसका ताराहरूसित कल्पना गर्नुहोस् ! मेरो विचारमा, पवित्र बाइबलमा र अन्य साहित्यमा अय्यूबको पुस्तकसित तुलना गर्न सकिने अरू कुनै साहित्य रत्न लेखिएकै छैन ।’*

*श्री थोमस कर्लाइल*

## क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान

पवित्र बाइबलभरि अय्यूबको पुस्तकजस्तो अरू कुनै पुस्तक नै छैन; यो अद्वितीय छ । यसमा कविताको रूपमा लेखिएको एउटा नाटकीय लामो वार्ता प्रस्तुत गरिएको छ, जुनचाहिँ यस पुस्तकको ऐतिहासिक वृत्तान्तरूपी भूमिका र उ३२पसंहारको बीचमा एउटा ठूलो बहुमुखी मणिको रूपमा सजिएको छ। यो पुस्तक हिब्रू भाषामा लेखियो; अनि अय्यूब १ र २ अध्याय, अय्यूब ३२ः१-६[क] र ४२ः७-१७ पदका खण्डहरू छोड़ेर यसको मूल-रचना प्रायः कविताको रूपमा लेखिएको हो ।

श्री सामुएल रिडूले पवित्र धर्मशास्त्र बाइबलमा यस पुस्तकको स्थानको विषयमा यस प्रकारको टिप्पणी गरेका छन्ः

> ‘अय्यूबको पुस्तक एउटा ठूलो किताब हो; अनि यसमा प्रस्तुत गरिएका सामग्रीहरूमाथि लगाइएकोएकै नजरले स्पष्ट बुझिन्छ, कि अय्यूबको पुस्तकचाहिँ परमेश्वरको वचनको महत्त्वपूर्ण अङ्ग हुनुपर्छ । तर दुःखलाग्दो कुरा के हो भने, प्रायः यसको बेवास्ता गरिएको छ । यस पुस्तकका अन्तर्वस्तुहरूसित कोचाहिँ सुपरिचित भएको छ होला ? यस्तो व्यक्ति विरलै पाइन्छ ।’ **1)**

यस पुस्तकमा प्रयोग गरिएको भाषाको महानतालाई मान्यता दिइएको छ, अँ, विश्वास नगर्ने मानिसहरू समेत यो कुरा मान्न तयार छन्; यसको भाषाको तारिफ गर्नेहरू तिनीहरू हुन् । तर तर्कवादीहरूचाहिँ छिटै आफ्ना सिद्धान्तहरू पेश गर्न सधैं तयार हुँदा रहेछन्; तिनीहरूले यसका स्रोतहरूको कुरा, यसको संपादन गरिएको कुरा र यसमा थपिएका प्रक्षेपहरूको कुरा त गर्छन्, तर तिनीहरूसँग कुनै पाण्डुलिपि नै छैन, जुन पाण्डुलिपिले तिनीहरूको विनाशकारी सिद्धान्त र तिनीहरूका व्यर्थ तर्कहरू समर्थन गर्छ ।

महान् धर्मसुधारक श्री मार्टिन लुथरचाहिँ एक प्रतिभाशाली लेखक र निपुण बाइबल-अनुवादक थिए; तिनले अय्यूबको पुस्तकको विषयमा आफ्नो राय यसरी दिएः 'पवित्र धर्मशास्त्र बाइबलका पुस्तकहरूमा यो पुस्तक सबैभन्दा प्रतापी र उत्कृष्ट छ।' श्री अल्फ्रेड लर्ड टेन्निसन इङ्गल्याण्डको पदक-प्राप्त कवि थिए; यिनी साहित्यको उच्च रचना चिन्नमा पूरा सक्षम हुन्थे; यस कुरामा कुनै शङ्का छैन। अनि यिनले 'हामीले चाहे प्राचीन साहित्यको हिसाबले, चाहे आधुनिक साहित्यको हिसाबले कुरा गर्नु हो भने, हामीले जुनै हिसाबले पनि हेरेर अय्यूबको पुस्तकचाहिँ सबैभन्दा महान् कविता मान्नुपर्छ।'

अय्यूबको पुस्तकको उत्कृष्ट शैली र मानिसको अवस्थाको विषयमा यसको गहन अन्तर्दृष्टिको कारणले गर्दा यस पुस्तकले हाम्रो दैनिक बोली निक्कै प्रभावित पारेर हाम्रो भाषा धनी तुल्याएको र सिँगारेकोमा कुनै अचम्मको कुरा नहोला। निम्न केही उक्तिहरू सीधा अय्यूबको पुस्तकबाट आएका हुन्; यो सुस्पष्ट छ। यी उक्तिहरूमध्ये धेरैचाहिँ अय्यूबको पुस्तकबाट जस्ताका त्यस्तै उद्धृत गरिएका हुन् र हाम्रो दैनिक बोलीका अभिन्न अङ्गहरू बनेका छन्, जस्तैः

**अय्यूब ४ः१५[ख]ः** *'मेरो शरीरको रौं ठाड़ो भयो।'* (हाम्रो शब्दमाः 'मेरो रौं खड़ा भयो')।

**अय्यूब ७ः७[क]ः** *'मेरो जीवन हावा मात्र हो।'*

**अय्यूब १३ः१४[ख]ः** *'आफ्नो प्राण आफ्नो हत्केलामा राख्नु।'* (हाम्रो बोलीमाः 'आफ्नो जीवन आफ्ना हातमा लिनु')।

*'अय्यूबका सान्त्वना दिने दाताहरू'* (यीजस्तै उस्तै शब्दहरू फेला परिँदैनन्, तर १६ः२ पदमा अय्यूबले आफ्ना साथीहरूलाई 'दुःखदायी सान्त्वना दिनेहरू' भने)।

**अय्यूब १९ः७ः** *'न्याय छैन।'*

**अय्यूब १९ः२०[ख]ः** *'म आफ्नो दाँतको छालासित उम्कें।'*

**अय्यूब १९ः२८[ख]ः** *'यस कुराको जरा।'*

**अय्यूब २१ः५[ख]ः** *'आफ्नो हात आफ्नो मुखमाथि राख!'*

**अय्यूब २८ः१३[ख]ः** *'जीवितहरूको देश।'*

**अय्यूब २९ः१५ः** *'अन्धाको निम्ति आँखाहरू र लङ्गड़ाको निम्ति खुट्टाहरू हुनु।'*

**अय्यूब ३०ः१०[ख]ः** *'मेरो मुखमा थुक्नु।'*

**अय्यूब ३२ः९ः** *'ठूला मानिसहरू सधैंभरि बुद्धिमान् हुँदैनन्।'*

**अय्यूब ३५ः१६[ख]ः** *'विनाज्ञानका शब्दहरू।'*

**अय्यूब ३८ः११ः** *'तँ यहींसम्म आउलास्, तर यहाँबाट अघि बढ्न पाउँदैनस्! अनि यहाँ तेरा घमण्डी छालहरू रोकिऊन्।'*

**अय्यूब ३८ः१७[क]ः** *'मृत्युका मूल-ढोकाहरू।'*

**अय्यूब ३९ः२५ः** *'त्यसले टाढ़ैबाट लड़ाइँको गन्ध थाहा पाउँछ।'* (हाम्रो बोलीमा 'लड़ाइँको गन्ध' भनिन्छ।)

**अय्यूब ४२ः६[ख]ः** *'धूलो र खरानीमा बसेर म पश्चात्ताप गर्छु।'*

*'किनकि म जान्दछु, मेरा उद्धारक जीवित हुनुहुन्छ'* (१९ः२५) भन्ने वाक्य श्री जर्च फ्रेड्रिक ह्याण्डल्सले रचेको 'मसीह' नामक अद्‌भुत संगीतले गर्दा सुप्रसिद्ध भयो; किनकि तिनी अति सुन्दर ढङ्गले यस वाक्यका शब्दहरू आफ्नो संगीतमा हाल्न सक्षम भए।

अनि के.जे.वी.अनुसार याकूब ५ः११ पदमा *'अय्यूबको धीरज'* भन्ने शब्द लेखिएको छ; यो शब्द अय्यूबको पुस्तकमा नभए तापनि यो हाम्रो दैनिक कुराकानीको एउटा अङ्ग बनेको छ।

अनि यस पुस्तकको सामग्रीको विषयमा हामीले ध्यानमा राख्नुपर्छः अय्यूबले जीवन, मृत्यु, दुःखकष्ट र मृत्युपछिको जीवनको बारेमा जुन-जुन गहन प्रश्नहरू सोधे, यी सबै

प्रश्नहरूको उत्तर प्रभु येशू ख्रीष्टमा पाइन्छ, जसको बाटो अय्यूबले हेरिरहेका थिए ।

**ख) यस पुस्तकको लेखक को हुन् ?**

अय्यूबको पुस्तक लेख्ने लेखक अज्ञात छन् । तर यहूदी परम्पराले 'मोशा यसको लेखक हुन्' भनेर भन्छ । अरू सुझाउहरू पनि दिइएका छन्, जस्तैः एलिहू, सुलेमान, हिजकियाह, एज्रा वा ख्रीष्टपूर्व ५०० र २०० सालको बीचमा बाँचेको एक बेनामी यहूदी मानिस अथवा अय्यूब आफै । अय्यूब यस पुस्तकमा उल्लेख गरिएका घटनाहरू घटेको अवधिदेखि अझै एक सय चालीस वर्ष बाँचेका हुनाले अनि यस पुस्तकमा प्रस्तुत गरिएका सबै घटनाहरू र बातचितहरू आफैले अनुभव गरेका हुनाले, हुन सक्छ, उनी नै यस पुस्तकको सबैभन्दा सम्भावित लेखक भए होलान् ।

**ग) यस पुस्तकको लेख्ने मिति के हो ?**

यस पुस्तकमा प्रस्तुत गरिएका घटनाहरूबाट प्रायः अनुमान गरिन्छ, कि अय्यूब अब्राहाम-भन्दा अघि जिएका मानिस थिए । यसो हो भने, अय्यूबको पुस्तकमा उल्लेख गरिएका घटनाहरू उत्पत्ति ११ अध्यायको अन्ततिर घटे होलान् । अय्यूबको पुस्तक मानव इतिहासको यस अवधिमा निर्दिष्ट गरिएका धेरै कारणहरू छन् । सबैभन्दा पहिलो कारण यही होः उनी यहूदी थिए भन्ने कुराको विषयमा यस पुस्तकमा केही पनि लेखिएको छैन। अनि यस पुस्तकमा इस्राएलीहरूको मिस्र देशबाटको प्रस्थान र मोशाको व्यवस्थाको बारेमा कुनै कुरा उल्लेख गरिएको छैन । अनि वास्तवमा कुरा यस्तो छः अय्यूबले आफ्नै परिवारको लागि पूजाहारीको काम गर्थे (१:५), अनि यस प्रकारको पारिवारिक पूजाहारीगिरीचाहिँ उहिलेका पिता-पुर्खाहरूको अवधिको विशेषता थियो । अनि गाईवस्तु र अन्य पशुधनको आधारमा मानिस धनी भएको-नभएको कुरा निर्धारित गर्नु पनि पितापुर्खाहरूको अवधिको लक्षण हो । अय्यूबको उमेर दुई सय वर्षभन्दा बढ़ी थियो; अनि यति लामो उमेर बाँच्नु अब्राहामको समय-भन्दा अगाड़िको युगको विशेषता थियो । अनि बाइबल-विद्वान्हरूले हाम्रो ध्यानमा ल्याउन खोजेका छन्, कि अय्यूबको पुस्तकमा जुन बाजाहरू (२१:१२) र जुन पैसाको मुद्रा (४२:११) उल्लेख गरिएका छन्, ती बाजाहरू र त्यस पैसाको मुद्राको प्रयोगचाहिँ कालक्रम-अनुसार उत्पत्तिको पुस्तकको शुरुको समयमा पर्छन् ।[2)]

यस पुस्तकको लेख्ने समयको बारेमा विद्वान्हरूको बीचमा कुरा यस्तो छः कति छन्, जसले अय्यूबको पुस्तक उहिलेका पिता-पुर्खाहरूको अवधिमा अर्थात् ख्रीष्टपूर्व २१००-१९०० सालमा लेखियो भन्छन्; अरू पनि छन्, जसको अनुमानमा यस पुस्तकको लेख्ने मिति ख्रीष्टपूर्वको दोस्रो शताब्दी थियो अरे । (यो अन्तिम धारणा परम-उदारवादीहरूले कायम राखेका छन्; तर यो असम्भव देखिन्छ, किनकि मृत सागरमा फेला परेका मुठाहरूमा अय्यूबको पुस्तकका केही अंशहरू भेट्टाइए । यिनको बारेमा केकस्तो छ ? यसर्थ यो पुस्तक त्यस अवधिको रचना हुनै सक्दैन ।)

तर यस पुस्तकको लेख्ने समयको सम्बन्धमा दुईवटा सम्भावित युगहरू बढ़ी सम्भव देखिन्छन्ः कि त पितापुर्खाहरूको उहिलेको युग, कि त राजा सुलेमानको अवधि । पश्चिमका आधुनिक मानिसहरूको विचारमा यति लामा, जटिल बातचितहरूको सबैभन्दा असल संरक्षण गर्ने तरिकाचाहिँ यी बातचितहरू बोल्नेबित्तिकै लेखिराख्नु हो । तर पूर्वीय जातिहरू र यहूदीहरूको मौखिक हस्तान्तरण आफ्नो विशुद्धताको लागि प्रख्यात छ ।

अय्यूबको पुस्तकको लेख्ने मिति सुलेमानको अवधिमा पार्नेको निम्ति सबैभन्दा असल

तर्कचाहिँ यस पुस्तकको शैली र यसको सामग्री हुन् । अय्यूबको पुस्तक पनि ‘बुद्धिको साहित्य’ मानिन्छ, र राजा सुलेमानका रचनाहरूजस्तै छ । श्री फ्रान्ज डेलित्च र श्री मेरिल एफ. अङ्गरजस्ता पुरानो नियमका शास्त्रसम्मत् विद्वान्हरू छन्, जसले अय्यूबको पुस्तकको खास लेख्ने मिति सुलेमानको अवधिमा पारेका छन्, तर उनीहरू लामो अवधिमा जस्तोको त्यस्तै यसको मौखिक हस्तान्तरण भएको धारणाको विरोधमा छैनन् । पश्चिमका मानिसहरूको विचारमा यस प्रकारको अक्षरशः हस्तान्तरण एउटा साहित्यको असाधारण तरिका मानिन्छ, जुन तरिकाचाहिँ पूर्वका मानिसहरूको बुझाइमा अलिकति पनि गाह्रो हुँदैन ।

## घ) यस पुस्तकको सन्दर्भ र यसका विषयवस्तुहरू के-के हुन् ?

अय्यूबको पुस्तकको लेखक अज्ञात छन्; यसो भए पनि यस पुस्तकको रचना परमेश्वरको आत्माको प्रेरणाको फल हो र यसको ऐतिहासिक विशुद्धताको बारेमा कुनै प्रश्न उठ्दैन । प्रेरित पावलले १ कोरिन्थी ३ :१९ पदमा अय्यूब ५ :१३ पदबाट यसो उद्धृत गरेका छन्ः ‘उहाँले बुद्धिमान्हरूलाई तिनीहरूकै धूर्ततामा पक्रनुहुन्छ ।’ अनि इजकिएल १४ :१४ पदअनुसार अय्यूब एक काल्पनिक पात्र थिएनन्, तर एकजना ऐतिहासिक व्यक्ति थिए । अनि याकूब ५ :११ पदमा उनको नाम फेरि लिइएको छ, जहाँ यस्तो लेखिएको छः *‘तिमीहरूले अय्यूबको धीरजको विषयमा सुनेका छौ, अनि प्रभुबाटको परिणाम देखेका छौ; किनकि प्रभु अति नै टिठाउनुहुने र दयालु हुनुहुन्छ ।’*

यस पुस्तकको विषयवस्तुचाहिँ मानिसले सहनुपरेको दुःखकष्टमा भएको रहस्य र पीड़ाबाट उठेको समस्या हो । सबै मानिसहरूले केही न केही दुःखकष्ट भोग्नुपर्छ; किन होला ? अनि विशेष गरेर धर्मी जनहरूले दुःखकष्ट सहनुपर्छ; यसको कारण के होला त नि ? अय्यूबमा हामी एकजना मानिसलाई देख्छौं, जसले एकै दिनमा अरू सबै मानिसहरूले भन्दा धेरै प्रकोपहरू सामना गर्नुपरेको थियो । हाम्रो यस उक्त रायबाट हामीले प्रभु येशूलाई बाहेक गर्नुपर्ला । परमप्रभुले यी दुःखकष्टहरू यस हेतुले अय्यूबको जीवनमाथि आइपर्न दिनुभयो, कि यी दुःखकष्टहरूले उनमा परमेश्वरसँग सङ्गति गर्ने क्षमता बढ़ाइदिऊन् । अनि कसले जान्दछ, सायद यस पुस्तकको उद्देश्यचाहिँ यहूदीहरूले सहनुपरेका दुःखकष्टहरूमाथि पूर्वछाया पारिदिनु थियो कि ? यो पनि सम्भव देखिन्छ ।

यदि यहूदीहरूले एक शूरवीर मक्काबीलाई होइन, तर दुःखकष्ट सहनुभएको मसीहलाई स्वीकार गर्नु हो भने, तिनीहरूलाई स्पष्टसँग देखाउनु र विश्वास दिलाउनु थियो, कि दुःखकष्टहरू सधैं व्यक्तिगत पापहरूको प्रतिफल थिएनन् । किनभने ख्रीष्ट येशूले हाम्रो लागि कष्ट भोग्नुभयो; यी धर्मी जनले हामी अधर्मीहरूको निम्ति दुःख सहनुभयो ।

यस पुस्तकका कति खण्डहरू छन्, जुन खण्डहरू प्रभु येशूमाथि लागू गर्न सकिन्छः

**क) अय्यूब ९ :३३ः** *‘न ता हाम्रो बीचमा कुनै निर्णायक छन्, जसले हामी दुवैमाथि आफ्नो हात राख्न सक्छन् ।’* (परमेश्वर र मानिसहरूको बीचमा भएको खाड़लमाथि ख्रीष्ट येशूले पुलको काम गर्न सक्ने मध्यस्थ हुनुहुन्छ ।)

**ख) अय्यूब १६ :८-१९ः** अय्यूबका कष्टहरूको सिलसिलामा यस खण्डमा धेरै अभिव्यक्तिहरू छन्, जुन अभिव्यक्तिहरूको अर्थ भजनसंग्रहको पुस्तकमा मसीहले भोग्नुपरेका कष्टहरूमा लागू गरिएको छ ।

**ग) अय्यूब १६ :२१ः** *‘मानिसले आफ्नो छिमेकीको निम्ति मुद्दा लड़ेझैं कसैले मानिसको निम्ति परमेश्वरसँग मुद्दा लड़्ने भए त !’*

(प्रभु येशू ख्रीष्ट हाम्रा वकील हुनुहुन्छ, जसले परमेश्वर पिताको सामु हाम्रो मुद्दा लड्नुहुन्छ।)

**घ) अय्यूब १९ः२५-२६ः** *'किनकि म जान्दछु, मेरा उद्धारक जीवित हुनुहुन्छ।'* (ख्रीष्ट येशू हाम्रा उद्धारकर्ता र भावी राजाको भूमिका खेल्नुहुन्छ भन्ने कुरा यहाँ, यस ठाउँमा स्पष्ट रूपले वर्णन गरिएको छ।)

**ङ) अय्यूब ३३ः२४ः** *'त्यसलाई तल खाड़लमा जानदेखि छुटाऊ ! मैले छुटकाराको दाम पाएको छु।'* (यहाँ प्रयोग गरिएको 'छुटकाराको दाम' भन्ने शब्द र 'प्रायश्चित्त' भन्ने शब्द एउटै हो। ख्रीष्ट येशूले क्रूसमा पूरा गर्नुभएको प्रायश्चित्तको कामद्वारा ख्रीष्ट-विश्वासीहरूले नरकको खाड़लबाट छुटकारा पाएका छन्।)

अय्यूबको पुस्तकमा कति विवरणहरू छन्, जुन विवरणहरूबाट विज्ञानको सम्बन्धमा यी मानिसहरूको ज्ञान निक्कै विकसित भएको कुरा प्रकट हुन्छ, जस्तैः

१) पानी वाफ हुने वाष्पीकरण र वृष्टि-पातको चक्र (३६ः२७-२८)।

२) हावा र मौसमका परिचालनहरू (३७ः९ र १७)।

३) मानिसको शरीरको बनावट (३३ः६)।

४) पृथ्वी शून्यमा झुन्डिएको (२६ः७)।

५) समुद्रको गहिराइमा हुने असाधारण तथ्यहरू (३८ः१६)।

६) बादल र वज्रपातको बीचको सम्बन्ध (३७ः११)।

७) आकाशका पिण्डहरूका परिक्रमाहरू र यस पृथ्वीमा तिनको प्रभाव (३८ः३२-३३)।

# रूपरेखाः

**खण्ड १) अय्यूब १-२ः पुस्तकको भूमिकाः अय्यूबको जाँच**

**क) अय्यूब १ः१-५ः** दृश्य १ः ऊज देशमा जिइरहेका अय्यूब

**ख) अय्यूब १ः६-१२ः** दृश्य २ः स्वर्गमा परमप्रभुको उपस्थितिमा

**ग) अय्यूब १ः१३-२२ः** दृश्य ३ः ऊज देशमा अय्यूबको सम्पत्ति र उनका सन्तानहरूमाथि आइपरेका विपत्तिहरू

**घ) अय्यूब २ः१-६ः** दृश्य ४ः स्वर्गमा परमप्रभुको उपस्थितिमा

**ङ) अय्यूब २ः७-१३ः** दृश्य ५ः ऊज देशमा अय्यूबमाथि आइपरेको विपत्ति

**खण्ड २) अय्यूब ३-३१ः अय्यूब र उनका साथीहरूको बीचको तर्कवितर्क**

**क) अय्यूब ३-१४ः** बातचितहरूको पहिलो चक्र

**अ) अय्यूब ३ः** अय्यूबको विलापको शुरुवात

**आ) अय्यूब ४-५ः** एलिपजको पहिलो तर्क

**इ) अय्यूब ६-७ः** अय्यूबको जवाफ

**ई) अय्यूब ८ः** बिल्ददको पहिलो तर्क

**उ) अय्यूब ९-१०ः** अय्यूबको जवाफ

**ऊ) अय्यूब ११ः** सोपरको पहिलो तर्क

**ओ) अय्यूब १२-१४ः** अय्यूबको जवाफ

**ख) अय्यूब १५-२१ः** बातचितहरूको दोस्रो चक्र

**अ) अय्यूब १५ः** एलिपजको दोस्रो तर्क

**आ) अय्यूब १६-१७ः** अय्यूबको जवाफ

**इ) अय्यूब १८ः** बिल्ददको दोस्रो तर्क

**ई) अय्यूब १९ः** अय्यूबको जवाफ

**उ) अय्यूब २०ः** सोपरको दोस्रो तर्क

**ऊ) अय्यूब २१ः** अय्यूबको जवाफ

**ग) अय्यूब २२-३१ः** बातचितहरूको तेस्रो चक्र

**अ) अय्यूब २२ः** एलिपजको तेस्रो तर्क

**आ) अय्यूब २३-२४ः** अय्यूबको जवाफ

**इ) अय्यूब २५ः** बिल्ददको तेस्रो तर्क

**ई) अय्यूब २६ः** अय्यूबको जवाफ

उ) **अय्यूब २७-३१ः** अय्यूबको एकालाप

**खण्ड ३) अय्यूब ३२-३७ः एलिहूको हस्तक्षेप**

क) **अय्यूब ३२ः** एलिहूले अय्यूबका तीनजना साथीहरूसँग बातचित गरेको

ख) **अय्यूब ३३ः** अय्यूबसँग एलिहूको बातचित

ग) **अय्यूब ३४ः** एलिहूले अय्यूबका तीनजना साथीहरूसँग दोस्रो पल्ट बातचित गरेको

घ) **अय्यूब ३५-३७ः** अय्यूबसँग एलिहूको दोस्रो बातचित

**खण्ड ४) अय्यूब ३८ः१-४२ः६ः परमप्रभुको प्रकाश**

क) **अय्यूब ३८ः१-४०ः२ः** परमप्रभुले अय्यूबलाई दिनुभएको पहिलो चुनौती

अ) **अय्यूब ३८ः१-३ः** उहाँको तर्कको परिचय

आ) **अय्यूब ३८ः४-३८ः** सृष्टिका निर्जीव थोकहरूमा देखा परेका आश्चर्यकर्महरू उहाँको तर्कको पहिलो जग हुन्

इ) **अय्यूब ३८ः३९-४०ः२ः** पशुजगत्मा देखिने आश्चर्यकर्महरू उहाँको तर्कको दोस्रो जग हुन्

ख) **अय्यूब ४०ः३-५ः** अय्यूबको जवाफ

ग) **अय्यूब ४०ः६-४१ः३४ः** परमप्रभुले अय्यूबलाई दिनुभएको दोस्रो चुनौती

अ) **अय्यूब ४०ः६-१४ः** परमप्रभुको चुनौतीः 'हे अय्यूब, मानिसलाई सुहाउँदो रीतिले मलाई जवाफ देऊ !'

आ) **अय्यूब ४०ः१५-२४ः** परमप्रभुको चुनौतीः 'हे अय्यूब, बिहेमोतलाई विचार गर !'

इ) **अय्यूब ४१ः** परमप्रभुको चुनौतीः 'हे अय्यूब, लिव्यातानलाई विचार गर !'

घ) **अय्यूब ४२ः१-६ः** अय्यूबको विनम्र जवाफ

**खण्ड ५) अय्यूब ४२ः७-१७ः उपसंहारः अय्यूबको विजय**

क) **अय्यूब ४२ः७-९ः** अय्यूबका साथीहरूले हप्की खाए, र तिनीहरूको पुनर्स्थापना भयो

ख) **अय्यूब ४२ः१०-१७ः** अय्यूबको समृद्धिको पुनर्स्थापना

**खण्ड ६) निष्कर्षः अय्यूबको पुस्तकबाट हामीले सिक्न पाउने पाठहरू**

# अय्यूबको पुस्तकको टिप्पणी

## खण्ड १

## अय्यूब १–२ः

### अय्यूबको जाँच

**क) अय्यूब १ः१-५ः दृश्य १ः ऊज देशमा जिइरहेका अय्यूब**

**अय्यूब १ः१-३ः** अय्यूब ऊज देशमा जिउने एक धनी मानिस थिए। अनि विलाप ४ः२१ पदबाट के देखिन्छ भने, ऊजचाहिँ एदोममा अर्थात् कनान देशको दक्षिण-पूर्वमा अवस्थित थियो।[3)] यी सीधा चाल चल्ने र परमेश्‍वरको भय मान्‍ने अय्यूबका सातजना छोराहरू र तीनजना छोरीहरू थिए। उनको पशुधन यति विशाल थियो कि उनी पूर्वमा सबैभन्दा महान् मानिस गनिन्थे।

**अय्यूब १ः४-५ः** अय्यूबको पुस्तकमा उल्लेख गरिएका घटनाहरू पितापुर्खाहरूको उहिलेको युगमा घटे भन्‍ने बलिया तर्कहरूमध्ये एउटा यो हो कि अय्यूबले आफ्नो परिवारको शिरको रूपमा पूजाहारीको काम गर्थे र आफ्ना छोराहरूको लागि होमबलिहरू चढ़ाउँथे। किनकि अरू बेला हो भने आफ्नो भक्ति कायम राख्न सक्ने मानिसहरूले भोजभतेर गर्दा र मोज गर्दा तुच्छ, क्षुद्र कुरा गर्ने, अँ, ईश्‍वरनिन्दासम्म गनिने अपवित्र कुरा गर्ने खतरा सधैं जारी रहन्छ। श्री सी. एच. स्पर्जनले बड़ादिन अर्थात् ख्रीष्टमसको दिनको सम्बन्धमा लेखेको आफ्नो साँझको मननमा निम्न असल प्रयोग हामी इसाई युगमा जिउनेहरूमाथि लागू गरेका छन्ः

> ‘पारिवारिक मनमोज सकेपछि जुन कुरा यी कुलपिता अय्यूबले एकाबिहानै आफ्ना छोराहरूको निम्ति गरे, त्यही कुरा हे ख्रीष्ट-विश्‍वासीहो, तपाईंले आज राती ओछ्यानमा विश्राम लिनुभन्दा अघि आफ्नो लागि गर्नुभएको भए असल हुनेथियो। किनकि पारिवारिक जमघटको खुशीयालीमा हामीलाई पापमय बकवादमा फस्न र इसाईको भक्तिपूर्ण आफ्नो चरित्र भुल्न सजिलो हुन्छ। खास यस्तो हुनुहुँदैन; तर के गर्ने ? यस्तै भइरहेको छ। किनभने हाय, हाम्रा

भोजका दिनहरू पवित्र आनन्द लिने दिनहरू हुनुको सट्टामा अपवित्र किसिमको मोजमज्जामा पतित हुँदा रहेछन् ! ... हामीलाई पवित्र पार्न शोकमा जतिकै गुण हुन्छ, पवित्र कृतज्ञतामा पनि उत्तिकै गुण हुनुपर्नेथियो । तर हाय, हाम्रा हृदयहरू कति निर्बल हुन्छन् ! किनकि हाम्रो निम्ति भोजको घरमा बस्नुभन्दा शोकको घरमा जानु असल हुन्छ । यसको निम्ति प्रमाणहरू धेरै छन् । यसकारण ख्रीष्ट-विश्वासी भाइबहिनीहो, आउनुहोस्, र आफ्नो जीवन नियालेर हेर्नुहोस् ! आज तपाईंले कुनचाहिँ पाप गर्नुभयो ? के अरूले जस्तै हामीले पनि व्यर्थको बातचित गरेका र छाड़ा बोली छोड़ेका हौं कि ? यसो हो भने, हामी आफ्नो पाप स्वीकार गरौं र त्यस एकमात्र बलिदानकहाँ भागौं ! ख्रीष्ट येशूको बलिदानले पवित्र तुल्याउँछ । मारिनुभएको थुमाको यस बहुमूल्य रगतले हाम्रो दोष मेटाउँछ, अनि अज्ञानता र लापरवाहीमा गरेका हाम्रा पापहरूको अशुद्धता हटाइदिन्छ'।[4)]

### ख) अय्यूब १:६-१२: दृश्य २: स्वर्गमा परमप्रभुको उपस्थितिमा

यो वृत्तान्त अघि बढ्दा हाम्रो सामु स्वर्गको दृश्य प्रस्तुत गरिन्छ; यस दृश्यमा परमेश्वरका छोराहरू[5)] अर्थात् स्वर्गदूतहरू परमप्रभुको सामु देखा परे । शैतान पनि त्यहाँ उपस्थित भयो । (शैतान अभियोगकर्ताको लागि प्रयोग भएको हिब्रू शब्द हो) । अनि जब परमेश्वरले शैतानसँग आफ्नो सेवक अय्यूबको इमानदारीको बारेमा कुरा गर्नुभयो, तब शैतानले यस कुरामा निम्न अर्थ लगायोः परमेश्वरले अय्यूबको भलाइ गर्नुभएको र उनको भलाइ मात्र गर्नुभएको कुराचाहिँ उनले परमेश्वरको डर मान्ने एकमात्र कारण थियो अरे । शैतानको विचारमा, परमप्रभुले अय्यूबको वरिपरि लगाइदिनुभएको बार हटाउनु मात्र पर्नेथियो, र उनले उहाँलाई, आफ्ना सृष्टिकर्तालाई मुखमा सराप्नेथिए ।

### ग) अय्यूब १:१३-२२: दृश्य ३: ऊज देशमा अय्यूबको सम्पत्ति र उनका सन्तान-हरूमाथि आइपरेका विपत्तिहरू

**अय्यूब १:१३-१९:** तब परमप्रभुले शैतानलाई अय्यूबको सम्पत्ति लुटेर उनलाई जाँच्ने अनुमति दिनुभयो। तर शैतानले अय्यूबलाई छुन पाउँदैनथियो। त्यसपछि क्रमशः छिटो-छिटो एकपछि अर्कै गर्दै भयानक विपत्तिहरू उनीमाथि आइलागे, जस्तैः

**क)** शबाका मानिसहरूले हमला गरे अनि पाँच सय हल गोरुहरू र पाँच सय गधाहरू चोरेर लगे र यी नोकरहरूलाई मारे, जसको जिम्मामा यी वस्तुहरू रहेका थिए ।

**ख)** चट्याङ हानेर सात हजार भेड़ाहरू र तिनका चराउने नोकरहरू नष्ट भए ।

**ग)** कल्दीहरूले तीन हजार ऊँटहरू चोरे र तिनको हेरचाह गर्ने नोकरहरूलाई मारे ।

**घ)** अय्यूबका छोराछोरीहरूले खानपिन गरिरहेको र दाखमद्य पिइरहेको बेलामा ठूलो हुरीबतास आएर तिनीहरू बसेको घर ढालिदियो, र तिनीहरू सबैजनाको मृत्यु भयो ।

**अय्यूब १:२०-२२:** यी डरलाग्दा हानिहरू उठाउनुपरेका अय्यूबले परमेश्वरलाई दण्डवत् गरे । 'आफ्नी आमाको गर्भबाट म नाङ्गै निस्केर आएँ, र नाङ्गै म त्यहाँ फर्केर जानेछु; परमप्रभुले दिनुभयो, र परमप्रभुले लैजानुभयो; परमप्रभुको नाम धन्यको होस्' भनेर उनी परमप्रभुलाई आराधना गर्न सक्षम भए ।

### घ) अय्यूब २:१-६: दृश्य ४: स्वर्गमा परमप्रभुको उपस्थितिमा

दुई अध्यायमा शैतान फेरि परमप्रभुको सामु देखा परेको छ । यसपालि शैतानले के सुझाउ दियो भने, त्यसले अय्यूबको शरीर छुन पायो भने, उनले परमेश्वरप्रति आफ्नो निष्ठा तत्कालै

छोड्नेथिए । तब शैतानलाई उनको शरीर प्रहार गर्ने अनुमति दिइयो ।

### ङ) अय्यूब २:७-१३: दृश्य ५: ऊज देशमा अय्यूबमाथि आइपरेको विपत्ति

**अय्यूब २:७-१०:** तब अय्यूबका पाउका पैतालादेखि उनको शिरको थाप्लोसम्म उनको शरीरभरि नराम्रोसँग पोल्ने खटिराहरू निस्के । उनको कष्ट यति धेरै ठूलो थियो कि उनकी पत्नीले उनलाई परमेश्वरलाई सरापेर मर्ने आग्रह गरिन् । तर अय्यूबले तिनलाई यसो भन्दै जवाफ दिए: 'हो, हामी परमेश्वरको हातबाट असल कुरा लिन्छौं; तब के, के हामी खराब कुरा नलिऔं त ?' अय्यूबकी पत्नीको सन्दर्भमा श्री हरोल्ड सेन्त जोह्नले निम्न अनुच्छेद उद्धृत गरेका छन्:

'जब म यी पुरुषवादी टिप्पणीकारहरूको विषयमा विचार गर्छु, जसले अय्यूबकी पत्नीको बारेमा क्रूर र एकतर्फी कुराहरू के-के लेखे, तब म आफ्नो पुरुषजातिको निम्ति साह्रै लज्जित हुन्छु । किनकि एउटी स्त्रीको कुरा बुझ्न एउटी स्त्रीलाई आवश्यक पर्छ । अनि निम्न कुरा ख्याल गर्न एकजना लेखिकाको भाग थियो, शायद यिनको नाम श्रीमती लुइस हटन थियो; किनकि यिनले यसो लेखिन्: "जबसम्म अय्यूबकी पत्नी आफ्ना पतिका कष्टहरूमा सहभागी हुन सकिन्, तबसम्म तिनले साहससित यो सहिन् । तर जब अय्यूबमाथि अर्को कष्ट आइपर्‍यो, जुन कष्टबाट तिनी पूरा वञ्चित थिइन्, तब तिनले हिम्मत हारिन् । किनकि तिनको लागि असह्य कष्ट भनेको त्यो कष्ट थियो, जुनचाहिँ आफ्ना पतिसँग भोग्न तिनलाई मनाही गरिएको थियो ।" ' [6]

**अय्यूब २:११-१३:** अनि केही समयपछि अय्यूबका तीनजना साथीहरूले उनीमाथि आइपरेको खराबीको विषयमा सुने र सान्त्वनाका वचनहरू लिएर उनलाई भेट्ने निर्णय गरे । उनका साथीहरू एलिपज, बिल्दद र सोपर थिए ।

तर जब तिनीहरूले अय्यूबको पीड़ादायक र दयनीय अवस्था देखे, तब तिनीहरूलाई यति साह्रै झट्का लाग्यो कि तिनीहरू सात दिनसम्म उनीसँग बोल्नै सकेनन् ।

# खण्ड २

# अय्यूब ३-३१:

## अय्यूब र उनका साथीहरूको बीचको बातचित

तीन अध्यायदेखि अय्यूब र उनका साथीहरूको बीचका बातचितहरूका क्रमहरू शुरु हुन्छन्; यो यस पुस्तकको हामीलाई निक्कै जटिल लाग्न सक्ने मूल-खण्ड हो । यो खण्ड श्री सामुएल रिडूले यसरी राम्रो ढङ्गले वर्णन गरेका छन्:

'यस खण्डले "उल्झन" भन्ने नाम पाएको छ; किनभने यो खण्ड तर्क-वितर्क, दोष-आरोप, शङ्का-उपशङ्का र किसिम-किसिमका सिद्धान्तहरूले पूर्ण छ, जुन सिद्धान्तहरूमा केही सत्य त थिए, साथै बीच-बीचमा विश्वास र आशाका झलकहरू पनि हालिएका छन् – सारा खण्ड कविताको उत्कृष्ट भाषामा, पूर्वीय दृश्य-काव्यको प्रतापी भव्यताको साथ प्रस्तुत गरिएको छ । अनि अनियमित रूपले पढ्ने पाठकको लागि यस तर्कवितर्कमा कुनै स्पष्ट प्रगति गरेको देखिँदैन । अनि यो हामीले मानिलिनुपर्छ, कि परमेश्वरका जनहरूले यी अध्यायहरूबाट धेरै फाइदा उठाउन सकेका छैनन्; किनकि सुपरिचित, सुन्दर र घरिघरि उद्धृत गरिएका केही पदहरू यसको योगफल हुन् ।' [7]

यी बातचितहरू हामीले तीनवटा क्रमहरूमा विभाजन गर्न सक्छौं, जुन क्रम अय्यूबबाट

शुरु हुन्छ; उनी बोल्छन्, त्यसपछि उनका साथीहरूमध्ये एकजनाले उनलाई जवाफ दिन्छन्; अनि अय्यूबले तिनलाई फेरि जवाफ दिन्छन्; तर नभन्दै उनको दोस्रो साथीले उनको कुरा काट्छन् । बिचरा अय्यूबले आफ्नो सफाइ र प्रतिवाद गर्न खोज्दा-खोज्दै उनको तेस्रो साथीले उनलाई हप्काइदिन्छन् ।

निम्न प्रकारले उनीहरूको बीचका बातचितहरूका तीनवटा क्रमहरू छुट्ट्याउन सकिन्छ, जस्तैः

*बातचितको पहिलो चक्रः*
अय्यूबः अध्याय ३
एलिपजः अध्यायहरू ४-५
अय्यूबः अध्यायहरू ६-७
बिल्ददः अध्याय ८
अय्यूबः अध्यायहरू ९-१०
सोपरः अध्याय ११

*बातचितको दोस्रो चक्रः*
अय्यूबः अध्यायहरू १२-१४
एलिपजः अध्याय १५
अय्यूबः अध्यायहरू १६-१७
बिल्ददः अध्याय १८
अय्यूबः अध्याय १९
सोपरः अध्याय २०

*बातचितको तेस्रो चक्रः*
अय्यूबः अध्याय २१
एलिपजः अध्याय २२
अय्यूबः अध्यायहरू २३-२४
बिल्ददः अध्याय २५
अय्यूबः अध्यायहरू २६-३१
(सोपर बोल्दैनन्)

अय्यूबका तीनजना साथीहरूका तर्कहरूको संक्षिप्त सार निम्नानुसार दिन सकिन्छः

एलिपजले अनुभवमाथि वा सामान्य दृष्टिगोचर अवलोकनमाथि जोड़ दिन्छन्। तिनले घरिघरि 'मैले देखेको छु ...' भनेर भन्छन्, जस्तैः ४:८ र १५; ५:३; १५:७ र २२:१९ ।

बिल्ददले परम्पराको निम्ति आफ्नो आवाज उठाउँछन् र प्राचीनत्व आफ्नो एकमात्र अधिकार तुल्याउँछन् (८:८) । 'यिनका बातचितहरू लोकोक्ति र नैतिक सामान्योक्तिहरूले पूर्ण छन्, जुनचाहिँ साँचो त थिए, तर केवल सर्वमान्य र सर्वविदित कुराहरू मात्र हुन्थे (९:१-३ र १३:२) ।'[8]

सोपर विधिवादी र कर्मकाण्डवादी थिए, जसले अय्यूबलाई धर्मनिष्ठ हुने सल्लाह दिए (११:१४-१५) । 'तिनले हरेक अवस्थामा परमेश्वरले के गर्नुहुनेछ, उहाँले यसो किन गर्नुहुनेछ, र हरेक कुराको सम्बन्धमा उहाँको विचार के हो, सो जान्दछु भन्ने अनुमान गर्छन् ।'[9] तर तिनका विचारहरू केवल अनुमानहरू हुन्थे, बिलकुल तिनको हठधर्मका फलहरू हुन्थे ।

अय्यूबको पुस्तकको बाँकी भागमा पहिले बत्तीस अध्यायदेखि सैंतीस अध्यायसम्म एलिहू नामक जवान मानिसको लामो वक्तव्य आउँछ, र त्यसपछि परमेश्वर र अय्यूबको बीचको बातचित पेश गरिएको छ (३८-४२ अध्यायहरू) । अय्यूबको पुस्तक गद्य शैलीमा लेखिएको उपसंहारको साथ समाप्त हुन्छ, जुन उपसंहारचाहिँ यस पुस्तकको प्रस्तावनासँग मेल खान्छ ।

### क) अय्यूब ३-१४: बातचितहरूको पहिलो चक्र

#### अ) अय्यूब ३: अय्यूबको विलापको शुरुवात

**अय्यूब ३:१-९:** यस अध्यायलाई 'अभाग्य जन्मदिन' भन्ने शीर्षक दिइएको छ; किनकि यसमा अय्यूबले आफ्नो जन्मदिन सराप्छन्, मृत्युमा हुने आशिषहरूको तारिफ गर्छन्, तर

आफै किन मर्न नसकेको कुराको विषयमा गुनासो गर्छन् ! 'हाय त्यो दिन, जुन दिनमा उनको गर्भधारण भयो ! त्यो दिन निस्पट्ट अन्धकारले पूर्ण, पूरा अँध्यारो भएको होस् !' यो उनको निर्धारित नियत थियो ।

**अय्यूब ३:१०-१२:** ठिक्कै छ, उनको गर्भधारण र उनको जन्म भएछ, तर उनी जन्मँदा उनको मृत्यु किन नभएको ? (यो कुरा हाम्रो ध्यानमा राख्न लायक छ कि अय्यूबले आफ्नो यस साह्है तिक्त अनुभव र भारी शोकमा गर्भपात वा भ्रूणहत्या गर्ने कुनै सुझाउ दिँदैनन् । गर्भपातचाहिँ प्राचीन संसारमा सामान्य खराबी थियो, जुन खराबी वर्तमान समयमा पश्चिमी मुलुकहरूमा फेरि व्याप्त भएको छ ।)

**अय्यूब ३:१३-१९:** अय्यूबले मृत्युको प्रशंसा गर्छन्, किनकि उनको विचारमा, मृत्युमा थकित हुनेहरूले विश्राम पाउँछन्; त्यहाँ साना र ठूला सबै मानिसहरू जम्मा हुन्छन्, र नोकर आफ्नो मालिकको हातबाट मुक्त हुन्छ ।

**अय्यूब ३:२०-२६:** त्यसपछि उनले यो प्रश्न गर्छन्: जीवनको ज्योति किन ती मानिसहरूलाई दिइन्छ, जसले उनले जस्तै कष्ट भोगिरहेका छन् र जसले लुकाइराखिएको धनभन्दा बढ़ी मृत्युको लालसा गर्छन् ?

पच्चीस पद धेरै प्रसिद्ध छ, जहाँ यसो लेखिएको छः

> *'किनकि जुन कुरासँग म डराउँथें, त्यही कुरा ममाथि आइपरेको छ, र जुन कुरादेखि मलाई डर लाग्थ्यो, त्यही कुरा मकहाँ आइपुगेको छ ।'*

के अय्यूबलाई आफ्नो समृद्धिका सुखी दिनहरूमा पनि आफूसँग भएको धनसम्पत्ति गुमाउने डर थियो ? यो पद यसको स्पष्ट सङ्केत हुन सक्छ । किनकि प्रशस्त धनसम्पत्ति भएका मानिसहरूको एउटा सामान्य विशेषता के हो भने, तिनीहरूलाई आफ्नो धनसम्पत्ति गुमाएर मितव्ययी जीवन बिताउनुपर्ला भन्ने ठूलो डर लागेको हुन्छ । किनभने धनसम्पत्तिमा कुनै वास्तविक सुरक्षा छैन । परमेश्वरले मात्र हामीलाई सुरक्षा दिन सक्नुहुन्छ ।

### आ) अय्यूब ४-५: एलिपजको पहिलो तर्क

चार अध्यायमा अय्यूबका साथीहरूका तर्कहरू र उनले तिनीहरूलाई दिएका जवाफ-हरूको पहिलो चक्र शुरु गर्छ । श्री सामुएल रिडूले तिनीहरूको सन्देशको संक्षिप्त सार निम्नानुसार गरेका छन्:

> 'यी तीनजना साथीहरूको वादविवादमा एउटा साझा नैतिक सिद्धान्तमाथि स्थापित गरिएको धारणाको विषयमा एकमत छ । अनि त्यो नैतिक सिद्धान्त यस प्रकारको छः सबै दुःखकष्टहरूमा शिक्षाप्रद हुने लाभ थोरै हुन्छ, किनकि ती दुःखकष्टहरू दण्डात्मक हुन्छन्; दुःखकष्टहरू परमेश्वरको प्रेमका चिन्हहरू होइनन्, तर उहाँको न्यायमाथि स्थापित भएका कामहरू हुन्छन् । यद्यपि उहाँका सबै चालहरूमा उहाँका यी दुवै सद्गुणहरू संयुक्त रूपले काम गर्छन् । तर यस प्रकारको एकतर्फी सिद्धान्तले धर्मी जनले भोग्नुपर्ने दुःखकष्टहरू र दुष्ट मानिसले पाउने दुःखकष्टहरूको बीचमाछुट्ट्याउँदैन, र यसकारण यसले त्यस कुरामा फेल खानु अनिवार्य हो ।' 10)

अय्यूब ४ र ५ अध्यायमा एलिपज बोल्छन् । एलिपजको नामको अर्थ कि त 'परमेश्वर शक्ति हुनुहुन्छ' कि त 'परमेश्वर निखुर सुन हुनुहुन्छ' हो । तिनी निष्ठावान् मानिस थिए, एक प्रमुख व्यक्ति थिए; परमेश्वरको महानताको विषयमा तिनको धारणा शास्त्रसम्मत् थियो, तर त्यसमा दयाको निम्ति कुनै ठाउँ थिएन । बातचितहरूका क्रमहरू अघि बढ़्दाखेरि तिनी आफ्नो कुरामा कठोर, झन् कठोर हुँदै जान्छन् । अनि यस सिलसिलामा यो कुरा हाम्रो ध्यानमा राख्न लायक छ, कि अय्यूबको पुस्तक अघि बढ़्दै जाँदा जब उनका तीनजना साथीहरूको समझ कम, झन् कम हुँदै जान्छ, तब परमेश्वरका चालहरूको विषयमा अय्यूबको

समक्ष बढ्दै, अझै बढ्दै जान्छ र अन्तमा एलीहूका बातचितहरू र परमप्रभुसँग साँचो भेटघाटमा चरमसीमामा पुग्छ; तब उनले साँचो नम्रताको साथ आफ्नो जीवनमा परमेश्वरको इच्छा स्वीकार गर्छन् ।

**अय्यूब ४:१-११:** एलिपजले भन्न खोजेको तत्पार्य के हो भने, 'तिमीले अरूलाई सहायता गरेका छौ, तर अब तिमीले आफैलाई सहायता गर्न सक्दैनौ ।' अथवा जेम्स मोफातअनुसार 'तिम्रा वचनहरूले मानिसहरूलाई सम्हालेका छन्' (४:४) । (यी शब्दहरूले प्रभु येशू क्रूसमा झुन्डिनुभएको बेलामा उहाँलाई गिल्ला गर्नेहरूको कुरा सम्झना दिलाउँछन्, जसले यसो भनेः 'यसले अरूलाई बचायो, तर आफैलाई चाहिँ बचाउन सक्दैन') । एलिपजको विचारमा, अय्यूबमाथि आइपरेका दुःखहरूको एकमात्र कारण उनको स्वधार्मिकता थियो । अय्यूब ४:६ पद जे. एन. डार्बीको अनुवादअनुसार यसरी पढ़िन्छः 'के तिम्रो भक्ति तिम्रो भरोसा थिएन र ? अनि तिम्रा चालहरूको सिद्धता तिम्रो आशा थिएन र ?' मानिसहरूले आफ्नो दुष्टताको खातिर कष्ट भोग्छन् भने, अय्यूबले पनि पाप गरेको हुनुपर्छ (४:७-९) ।

**अय्यूब ४:१२-२१:** अब एलिपजले एउटा दर्शनको बारेमा कुरा निकाल्छन्, जुन दर्शन-चाहिँ रातको समयमा गुप्त रीतिले तिनीकहाँ ल्याइएको थियो । यस दर्शनमा एउटा आत्माले निम्न प्रश्न सोधेः *'के मरणशील मानिस परमेश्वरभन्दा धर्मी हुन सक्छ ? के मानिस आफ्नो सृष्टिकर्ताभन्दा शुद्ध हुन सक्छ ?'* (पद १७) । अनि यस भनाइको अर्थ यस प्रकारको भएको देखिन्छः मानिससँग परमेश्वरको कुरा काट्ने वा खण्डन गर्ने अधिकार छैन । मानिसले कष्ट भोग्यो भने, त्यो उसकै दोषको खातिर भएको हुनुपर्छ; यसमा परमेश्वरको कुनै दोष छैन । अन्तिम आएर परमेश्वर यति महान् हुनुहुन्छ कि उहाँले आफ्ना दासहरूमाथि भरोसा राख्नुहुन्न, र उहाँको तुलनामा उहाँका दूतहरू कति भूल गर्ने प्राणी हुन्, अँ, कति दोषी छन् । यसो हो भने, पुतालीजस्तै क्षणिक भएका मरणशील मानिसहरू झन् कति बढ़ता गरी भरोसाको योग्य हुँदैनन्, तर चुक्ने र भूल गर्ने दोषक्षम प्राणी हुन्छन् !

**अय्यूब ५:१-७:** एलिपजले अय्यूबलाई चुनौती दिन्छन्ः 'पाप गरेपछि पाप गर्ने मानिसमाथि न्याय आइपर्छ भन्ने कुरा खण्डन गर्ने मानिसहरूलाई वा पवित्र जनहरूलाई भेला पार !' पवित्र जनहरू यहाँ, यस ठाउँमा स्वर्गदूतहरू भएका हुनुपर्छ। तिनी आफैले दुष्टता र दण्डको बीचमा अपरिवर्तनीय सम्बन्ध रहेको कुरा ख्याल गरेका छन्। कुनै कारणविनाको समस्या हुँदै-हुँदैन । मानिस पापी भएको हुनाले उसको निश्चित भाग्य कष्ट भोग्नु हो, जसरी आगोका झिल्काहरू अनिवार्य रूपले माथि आकाशतिर उड़िरहेका हुन्छन् ।

**अय्यूब ५:८-१६:** तब मानिसले गर्नुपर्ने कर्तव्य के हो ? उसले परमेश्वरको खोजी गर्नुपर्छ र आफ्नो मामिला उहाँको हातमा सुम्पनुपर्छ; किनकि उहाँ सर्वज्ञानी र सर्वशक्तिमान् हुनुहुन्छ। प्रकृति उहाँको नियन्त्रणमा रहेको कुराबाट यो देखिन्छ, र मानव जातिसँगको उहाँको पूर्वप्रबन्ध र व्यवहारमा पनि देखिन्छ । यस संसारको बुद्धिको पर्दाफास गर्ने प्रेरित पावलले १ कोरिन्थी ३:१९ पदमा अय्यूब ५:१३ पद उद्धृत गरेका छन् ।

**अय्यूब ५:१७-२७:** एलिपजले के भन्छन् भने, सर्वशक्तिमान्‌को ताड़नाको अधीनतामा बस्ने मानिसहरूले अनिकाल, लड़ाइँ, निन्दा, गृहयुद्ध, खतरा, खड़ेरी, जङ्गली जनावरहरू र बाली-क्षतिबाट ईश्वरीय छुटकारा पाउँछन् । तिनीहरूले आफ्नो परिवारमा शान्ति र सुरक्षा, फलवन्त जीवन र दीर्घायु उपभोग गर्छन् ।

### इ) अय्यूब ६-७: अय्यूबको जवाफ

**अय्यूब ६:१-१३:** हो, अय्यूब मानि-लिन्छन्ः उनका शब्दहरू हतारमा निस्के; तर

यसको निम्ति एउटा कारण छ ! किनकि उनको शोक र उनको विपत्ति समुद्रको बालुवाभन्दा गह्रौं थियो; अनि उनको आत्माले सर्वशक्तिमान्‌का काँड़हरूको विष पिउँदैथियो । यस पुस्तकमा विशेष गरी अय्यूबद्वारा व्यक्त गरिएका धेरै नकारात्मक र डरलाग्दा कुराहरू भए ता पनि ती कुराहरू यति सुन्दर ढङ्गले व्यक्त गरिएका छन्, कि ध्यानसित पढ्ने पाठकलाई तिनको शक्तिको घत लाग्छ-लाग्छ। पशुहरूले कारणविना डुक्राउँदैनन् भने, अय्यूबले पनि विनाकारण यति तिक्त प्रकारले गुनासो गर्दैनन्; यो उनको प्रतिवाद थियो । स्वादहीन भोजन र नुनको बीचमा भएको सम्बन्ध जस्तै छ, कष्ट र रोदनको बीचमा सम्बन्ध उस्तै हुन्छ । उनी मर्ने इच्छा गर्छन्; किनभने उनीसँग सहने शक्ति रहेन र उज्ज्वल भविष्यको लागि कुनै आशा थिएन । तब उनको आयु लम्म्याउनु व्यर्थ भयो ।

**अय्यूब ६:१४-२३ः** अय्यूबका साथी-हरूले, जसलाई उनले यहाँ आफ्ना दाजुभाइहरू भन्छन्, उनलाई धोका दिएका छन् र उनलाई तिनीहरूको आवश्यकता बढ़ी भएको बेलामा उनलाई निराश तुल्याएका छन्। उनले तिनीहरूलाई खहरे खोलाहरूसँग तुलना गर्छन्, जसको पानी हामीलाई बढ़ी आवश्यक परेको बेलामा गायब हुन्छ । उनले तिनीहरूबाट केही पनि पाउने आशा गर्दैनथिए, तर तिनीहरूले उनलाई अनिश्चित दोष लगाइहालेका छन्, तर उनको खास पाप के थियो, सो प्रकट गर्न तिनीहरू असमर्थ भए ।

**अय्यूब ६:२४-३०ः** अय्यूबले आफ्नो इमानदारी कायम राखेका छन्; उनी गुप्त पापी कहाँ हुन् र ? एलिपजको बातचित र त्यसका निहित अर्थहरू जेसुकै होऊन् । उनी आफू कुन कुरामा चुके, सो उनले जान्न चाहन्छन् र आफ्नो जिब्रोले कहाँ अन्याय गरेको, यसको प्रमाण पाउन चाहन्छन् । अनि सत्ताइस पदमा उनले बरु आफ्ना साथीहरूलाई अभियोग पो लगाउँदा रहेछन् । अनि हुन सक्छ, यस पदमा जुन साथीको निम्ति तिनीहरूले खाड़ल खाने, ती साथी सम्भवतः अय्यूब आफै थिए, कि कसो हो !

**अय्यूब ७:१-१०ः** तर अब अय्यूब परमप्रभुलाई सम्बोधन गर्छन् । दिनभरि परिश्रम गरेको नोकरलाई विश्राम गर्ने ठूलो चाहना हुन्छ भने, उनलाई मर्ने चाहना किन नहुने ? यो स्वाभाविक कुरा हो । तर अय्यूबसित कुरा अर्को थियोः रातको समयले उनको कष्टले पीड़ित भएको शरीरलाई कुनै राहत दिँदैनथियो, तर उनले बिहानसम्म ओल्टाइ-पल्टाइ गरिरहन्थे । उनको आशाहीन जीवन जुलाहाका थुरी सरह छिट्टै बितिरहेको थियो, अँ, एउटा बादलजस्तै दृष्टिबाट लुप्त हुन लागेको थियो ।

**अय्यूब ७:११-२१ः** उनले परमप्रभुलाई निम्न प्रश्नहरू सोध्छन्ः उहाँले उनीजस्तै तुच्छ, नगण्य मानिसमाथि किन यति धेरै ध्यान लगाउनुभएको ? उहाँले उनीमाथि पहरा किन राख्नुभएको ? उहाँले उनलाई सपनाहरू-द्वारा किन तर्साउनुभएको, यहाँसम्म कि गला-घोटाइको पकड़मा परेको उनलाई लाग्यो । के मानिस यति महान् छ, कि परमेश्वरले उसलाई निरन्तर दुःखकष्टमा सुम्पनु खाँचो छ र ? मानौं, अय्यूबले पाप गरे, तब के उनलाई, जसको मृत्यु चाँड़ै हुन लागेको थियो, उनको पाप क्षमा हुन सक्दैनथियो ?

### ई) अय्यूब ८ः बिल्ददकको पहिलो तर्क

‘बिल्दद’ नामको अर्थ ‘कलहको पुत्र’ हुन सक्छ; अनि यो नाम यिनको निम्ति अति सुहाउँदो हो; किनकि अय्यूबका यी मित्र कलहप्रिय मानिस थिए । श्री सामुएल रिड्‌ले बिल्ददको शैली र ज्ञानचाहिँ एलिपजसँग निम्नानुसार तुलना गरेका छन्ः

> ‘एलिपजको बातचितमा जुन शिष्टाचार र मर्यादा थियो, बिल्ददमा त्यो शिष्टाचार र त्यो मर्यादा कम थियो, साथै अय्यूबप्रति यिनको मनमा केही कठोरता पनि थियो; किनकि अय्यूबले परमेश्वरको विरोधमा

तिक्त आरोप लगाइदिए । परमेश्वरका आत्मिक नियमहरूको विषयमा बिल्ददको ठूलो अज्ञानता थियो; ता पनि परमेश्वरको सम्मानको लागि लड्न यिनको जलन उठेको थियो, र यिनले उहाँमाथि कुनै दोष लागेको सहन सक्दैनथिए । यस कुरामा यिनी बिलकुल ठीक थिए । तर यिनी अय्यूबलाई उनको दोष साबित गराउन असफल भए; किनभने यिनका विचारहरूमा एउटा मूल त्रुटि थियोः "परमेश्वरले पापी मानिसलाई त्यसको पापको दण्ड दिनैपर्छ । तब अय्यूब पापी भएका हुनुपर्छ; किनभने उनले सजाय पाइरहेका छन् ।" ' 11)

**अय्यूब ८ः१-७ः** बिल्ददले अय्यूबलाई उनको बेहोशी, डीङ मारेको बोलीको विषयमा दोष लगाए। यिनले परमेश्वरको न्यायको प्रतिरक्षा गरे, जसले दुष्टहरूलाई दण्ड दिनुहुन्छ र इमानदार हुनेहरूलाई इनाम दिनुहुन्छ । यिनले निर्दयताको साथ के भन्छन् भने, अय्यूबका छोराहरू तिनीहरूको अपराधको खातिर नाश भए अरे । तर पवित्र वृत्तान्तबाट यसको निम्ति कुनै सङ्केत, कुनै लक्षण छैन । तर कुरा यस्तो भएको भए ठूलो दुःख र पीड़ामा परेको व्यक्तिलाई यसो भन्नु निश्चय क्रूर व्यवहार ठहरिन्छ । अय्यूबको निम्ति बिल्ददको सल्लाह थियोः 'हे अय्यूब, तिमी यत्नपूर्वक परमेश्वर-कहाँ फर्कनुपर्छ; तब तिम्रो निम्ति परमेश्वरको कृपा पाउने आशा जारी रहन्छ ।'

**अय्यूब ८ः८-२२ः** त्यसपछि यिनी इतिहासको सहारा लिन्छन्; किनकि यिनले अधर्म र त्यसको प्रतिफलको बीचमा सम्बन्ध रहेको कुरा प्रमाणित गर्न खोज्छन्। पानी नभएको नर्कट ओइलिन्छ; ठीक त्यस्तै भक्तिहीन र पाखण्डी मानिसको विनाश हुन्छ । (अनि याद रहोस्ः अय्यूब ८ः१६[क] चाहिँ बोटविरुवाले सूर्यको किरणबाट पर्णहरित/क्लोरोफिल तानेको अवशोषण-कार्यको लागि सङ्केत हुन सक्छ है।) परमेश्वर दुष्ट मानिसहरूलाई हटाएर निर्दोष मानिसलाई तिनीहरूको स्थानमा स्थापित गर्न प्रसन्न हुनुहुन्छ; त्यसपछि उहाँ निर्दोष मानिसलाई आशिष दिँदै जानुहुनेछ ।

### उ) अय्यूब ९-१०ः अय्यूबको जवाफ

**अय्यूब ९ः१-१३ः** जब अय्यूबले 'मानिस कसरी परमेश्वरको सामु धर्मी हुन सक्छ ?' भन्ने प्रश्न गर्छन्, तब उनले मुक्तिको बाटो जान्न खोजेका होइनन् । तर उनले भन्न खोजे, कि परमेश्वर यति महान् हुनुहुन्छ; यसकारण उहाँको सामु उनले आफ्नो निर्दोषता प्रमाणित गर्ने उनको कोशिश व्यर्थ भएको छ। परमेश्वरसँग वादविवाद गर्नु मूर्खता हो; किनकि कसैले उहाँलाई हजार प्रश्नहरूको एकै जवाफ दिन सक्दैन । उहाँ सार्वभौम अधिकारी हुनुहुन्छ; उहाँसँग सबै बुद्धि हुन्छ; उहाँ सर्वशक्तिमान् हुनुहुन्छ; यो कुरा पहाड़हरू, पृथ्वी, सूर्य, ताराहरू र समुद्र उहाँको नियन्त्रणमा रहेकोबाट देखिन्छ। हो, उहाँका अचम्मका कामहरू अनगिन्ती छन् !

**अय्यूब ९ः१४-३१ः** के अय्यूबले आफ्नो प्रतिवाद गर्ने मौका पाउलान् ? के परमेश्वर उनको कुरा सुन्दै हुनुहुन्थ्यो ? यस कुरामा उनी कसरी निश्चित हुन सक्नेथिए ? अय्यूबको विचारमा परमप्रभु निर्दयी, स्वेच्छाचारी र अन्यायी हुनुहुन्थ्यो; यसकारण निष्पक्ष न्यायजाँच पाउन उनको निम्ति असम्भव थियो। आफ्नो निराशामा अय्यूबले परमेश्वरलाई निम्न आरोप लगाउँछन्ः उहाँले निर्दोष हुनेहरू र दुष्टहरूलाई भेदभाव नगरी नाश गर्नुहुन्छ; उहाँ निर्दोष हुनेहरूको दुर्दशामा हाँस्नुहुन्छ र पृथ्वीका न्यायकार्ताहरूलाई अधर्म गर्न लगाउनुहुन्छ अरे । उनले के भन्छन् ? 'म निर्दोष छु, तर मलाई अब यसको के वास्ता ! मैले जीवनदेखि हार खाएको छु । निर्दोष हुनु-नहुनु केही फरक पर्दैन; किनकि परमेश्वरले निर्दोष र दोषी दुवैलाई नष्ट गर्नुहुनेछ' (अय्यूब ९ः२१-२२, टि.ई.वी.अनुसार) । उनको जीवन सकिन लागेको थियो; तब न आफ्नो विषयमा

निस्फिक्री हुनु, न आफ्नो जीवन सुधार्नुमा केही मतलब थियो ।

अय्यूब सुस्केरा हाल्छन् । ओहो, परमेश्वर र उनको बीचमा एकजना मध्यस्थ भए कति असल हुनेथियो ! तर उनले कोही मध्यस्थलाई पाउन सक्दैनथिए। तर हामीलाई थाहा छः उनको र हाम्रो सबैभन्दा ठूलो खाँचो पूरा गर्न सक्ने मध्यस्थ प्रभु येशू ख्रीष्ट हुनुहुन्छ (१ तिमोथी २:५)। श्री माथ्यू हेनरीको टिप्पणीमा यसो लेखिएको छः

'अय्यूब आफ्नो मामिला कसैको हातमा जिम्मा लगाउन कति खुशी हुनेथिए; तर कुनै पनि प्राणी निर्णायक हुन योग्य थिएन; अनि यही कारणले उनले आफ्नो मुद्दा परमेश्वरको हातमा सुम्पनुपर्‍यो र उहाँको न्यायमा सन्तुष्ट हुनु र चुपचापसित स्वीकार गर्नुपरेको थियो । हाम्रा प्रभु येशूचाहिँ यी परम धन्य प्रधानपञ्च हुनुहुन्छ, जसले स्वर्ग र पृथ्वीको बीचमा मध्यस्थको काम गर्नुहुन्छ, जसले पक्ष र विपक्षमा बस्नेहरूमाथि आफ्नो हात राख्नुहुन्छ । किनकि उहाँको हातमा परमेश्वर पिताले सम्पूर्ण न्यायको काम सुम्पि-दिनुभएको छ, र हामीले पनि आफ्नो मुद्दा उहाँकै हातमा राखिछोड्नुपर्छ । तर यो कुरा त्यस बेलामा त्यति स्पष्ट रूपले प्रकाशमा आएको थिएन, जसरी अहिले यो कुरा सुसमाचारद्वारा छरलङ्ग भएको छ; अनि सुसमाचारको प्रकाशले यस्तो खालको गुनासोको निम्ति कुनै ठावैं छोड्दैन ।'[12)]

**अय्यूब १०:१-७:** आफ्नो व्याकुलतामा अय्यूबले परमेश्वरसँग तिक्त गुनासो गरे र उहाँले सृष्टि गर्नुभएको मानिससँग आफ्नो अनुपयुक्त व्यवहार स्पष्ट पारिदिनुहुन अनुरोध गरे। अय्यूब दुष्ट नभएको कुरा थाहा हुँदा-हुँदै पनि उहाँले किन दयामाया नगरीकन उनको न्याय गर्नुभएको र किन तुच्छ मानिसले गरेझैं उनीसित कुव्यवहार देखाउनुभएको होला ?

**अय्यूब १०:८-१२:** श्री हरोल्ड सेन्त जोह्नले यस अनुच्छेदको विषयमा निम्नानुसार टिप्पणी गरेका छन्:

'मानिसरूपी माटोले सृष्टिकर्तारूपी कुमालेसँग वादविवाद गरेको यस अचम्मको खण्डमा हामीले निम्न कुराहरू भुल्नुहुँदैन; किनकि यसमा उनले परमेश्वरलाई के सम्झाए भने, उहाँले मानिसलाई सृष्टि गर्नुभएको हो; यसैले मानिसप्रतिका आफ्ना जिम्मेवारीहरूबाट उहाँ इज्जतसाथ उम्कन सक्नु-हुन्नथियो ।**क)** अय्यूब १०:८: "तपाईंका हातहरूले मलाई मेरो आकार दिएर मलाई बनाए ।" **ख)** अय्यूब १०:१०: उनकी आमाको गर्भमा उनको भ्रूणको रचना भएको थियो । **ग)** अय्यूब १०:११: त्यस बेलामा उनको छाला र मासुको वृद्धि भएको अनि उनका हड्डी र नसाहरूको विकास भएको हो । **घ)** अय्यूब १०:१२[क]: उहाँले उनलाई 'प्राण' भन्ने जीवन-दान, त्यसका बहुमुखी क्षमताहरूसहित दिनुभयो । अनि ङ) अय्यूब १०:१२[ख]: परमेश्वरको वास्ता र देखरेखमा मानिसलाई 'आत्मा' भन्ने उसको सर्वोच्च भाग प्रदान गरियो र सुरक्षित राखियो ।'[13)]

**अय्यूब १०:१३-२२:** परमप्रभुले अय्यूब-माथि किन कष्टमय विपत्तिहरू ल्याउनुभएको होला ? यसो हेर्दा उनी धर्मी भएको वा दुष्ट भएको कुराले कुनै फरक पार्दैन रहेछ; किनकि उनको जीवन ईश्वरीय क्रोधले भरिएको थियो । तब परमेश्वरले उनलाई किन जन्म लिन दिनुभयो ? अनि अब विस्मृतिको देशमा जानुभन्दा अघि, जहाँ उज्यालो अँध्यारोसित बराबर हुन्छ, उनले थोरै समय सान्त्वना किन नपाएको ?

### ऊ) अय्यूब ११: सोपरको पहिलो तर्क

**अय्यूब ११:१-१२:** नामाती सोपरको विचारमा यस्तो खोक्रो, अहङ्कारपूर्ण बात-चितको उत्तर जोड्को साथ दिनु थियो। अय्यूबको तेस्रो साथीको नामको अर्थको सन्दर्भमा श्री सामुएल रिड्ले यसो लेखेका छन्:

'सोपर भन्ने नामको अर्थ 'भँगेरा' हो, जुन शब्दचाहिँ 'चिरबिर गर्नु' भन्ने क्रियापदबाट आएको हो; अनि सोपरचाहिँ मोशाकी पत्नीको सिप्पोरा नामको पुलिङ्ग रूप हो । यिनीजस्तै तिनी अनजानमा मानिसको

शारीरिक स्वभावमाथि ठहराइएको परमेश्वरको न्यायको विरोधी भए, यद्यपि तिनी अय्यूबको जीवनमा अनुमान गरिएका शरीरका कामहरूको दोष देखाइदिनमा धेरै जोशिला थिए । तिनले लगाएका कड़ाभन्दा कड़ा आरोपहरू पूर्णतया अनुचित थिए; यसकारण यी आरोपहरू हानिकारक थिएनन्, तर केवल एउटा भँगेराको चिरबिर पो थिए, जुन भँगेराको नाम सोपरले पाएका थिए ।' 14)

सोपरको तर्क यस प्रकारको थियोः ओहो, अय्यूबले परमेश्वरको दृष्टि अपनाएर कुराहरू उहाँले जस्तै देख्न सकेका भए कति बढ़िया हुनेथियो ! तब उनले महसुस गर्नेथिए, कि उनले जति कष्ट भोगिरहेका थिए, यी दुःख-कष्टहरू केही पनि थिएनन्, किनभने उनी यीभन्दा बढ़ी दुःखकष्ट पाउन योग्य थिए। परमेश्वरको महानताको सम्बन्धमा अय्यूबको अज्ञानता यति विघ्न थियो, कि यस अज्ञानताले उनलाई उहाँको न्यायको विषयमा प्रश्न गर्न अयोग्य तुल्यायो । बाह्र पदमा अय्यूबलाई ताकेको, साह्रै नमीठो चोट पुर्‍याउने प्रहार थियो, जहाँ यस्तो लेखिएको छः 'यदि जङ्गली गधाको बछेड़ा मानिस भएर जन्मिन सक्छ भने बेवकुफ मानिस बुद्धिमान् हुन सक्छ ।'

**अय्यूब ११:१३-२०:** सोपरको विचारमा, अय्यूबको लागि गर्न सक्ने सबैभन्दा राम्रो कुरा के थियो भने, उनले आफ्ना पापहरू आफूबाट हटाएर टाढ़ा राख्नुपरेको थियो; तब परमेश्वरले उनलाई सुरक्षा, शान्ति र सान्त्वना दिनुहुनेथियो। तर उनले यसो गरेनन् भने उनको निम्ति विनाशबाट उम्कने उपाय हुनेथिएन ।

### ओ) अय्यूब १२-१४: अय्यूबको जवाफ

**अय्यूब १२:१-६:** **'**निश्चय खास मानिस तिमीहरू नै हौ, र बुद्धि तिमीहरूसँगै मर्ने रहेछ !' अहिले प्रसिद्ध भएको यस च्वास्स डसिदिने व्यङ्ग्यद्वारा अय्यूबले आफ्ना साथीहरूलाई तिनीहरूले आफ्नो बुद्धिको मिथ्यागर्व गरेको आरोप लगाए । परमेश्वर बुद्धिमान् र शक्तिशाली हुनुहुन्छ भन्ने कुरा कसले जान्दैन र? यो सर्वविदित कुरा हो। तर तिनीहरूले यसको स्पष्टीकरण दिऊन्: बितेको समयमा आफ्ना प्रार्थनाका उत्तरहरू पाउने मानिसले यत्रो यातनापूर्ण दुःखकष्ट किन भोग्नुपर्छ ? अनि भक्तिहीन मानिसहरूको फलिफापको विषयमा कसो हो ? 'तिमीहरूको समस्या छैन, र पनि तिमीहरूले मेरो खिल्ली उड़ाउँछौ र मलाई एउटा लड्‌नै लागेको मानिसलाई हिर्काउँछौ' (पद ५, टि.ई.वी.अनुसार) ।

**अय्यूब १२:७-१२:** प्रकृति-जगत्‌मा पनि अर्थात् पशुहरू, चराहरू र माछाहरूमा के देखिन्छ भने, कुनै-कुनै प्राणीलाई नाश गरेर र अरू कति प्राणीहरूलाई बचाएर उहाँले आफ्नो मनपरी गर्नुहुँदो रहेछ। अय्यूबका यी आलोचकहरूले खानेकुरा चाखेझैं होशियारपूर्वक शब्दहरूको जाँच गरेका भए तिनीहरू उहिलेका मानिस-हरूसँग सहमत हुनेथिए, किनकि ती उहिलेका मानिसहरू अय्यूबले भनेको कुरामा एकसाथ सहमत हुन्छन् ।

**अय्यूब १२:१३-२५:** अनि अबचाहिँ अय्यूबले परमप्रभुको सर्वाधिकार, उहाँको बुद्धि र शक्तिको बारेमा सविस्तार कथन शुरु गर्छन् । यी कुराहरू काममा लगाएर कस्ता-कस्ता अकथनीय, अनौठा परिणामहरू निस्कँदा रहेछन् !

**अय्यूब १३:१-१९:** अय्यूबले आफ्ना आलोचकहरूलाई गाली गर्छन्; किनकि तिनीहरूले कुनै नयाँ कुरा भनेका छैनन् । तर उनले आफ्नो मुद्दा परमेश्वरकहाँ पेश गर्न चाहन्छन्, यी झूट र कूटको रचना गर्नेहरूकहाँ होइन, जो बित्था वैद्यहरू हुन् । तिनीहरू चुप लागे भने, मानिसहरूको दृष्टिमा तिनीहरू बुद्धिमान् ठहरिनेथिए । परमेश्वरको कारबाहीको बारेमा तिनीहरूको स्पष्टीकरण सत्य थिएन; अनि तिनीहरू यसको लागि उहाँको सामु जवाफदेही हुनेथिए । तिनीहरूका तर्कहरू कति

कमजोर र कति व्यर्थ थिए ! तिनीहरू केवल चुपचाप बसेका भए, तब उनले आफ्नो मुद्दा परमेश्वरको सामु पेश गर्नेथिए र आफ्नो जीवन उहाँको हातमा सुम्पनेथिए। उनी निर्दोष साबित हुनेछु भन्ने कुरामा ढुक्क र निर्धक्क थिए। परमेश्वरले उनलाई मार्नुभए तापनि उनले उहाँमाथि अझै पनि भरोसा राख्नेथिए।

**अय्यूब १३ः२०-२८ः** यस पददेखि १४ः२२ पदसम्म, यस खण्डमा अय्यूबले परमेश्वरलाई सम्बोधन गरेका छन्। उनले आफ्नो कष्टबाट छुटकारा पाऊँ भन्ने अर्जी चढ़ाउँछन् र परमेश्वरले उनीसित किन यति कठोर व्यवहार गर्नुभएको, यसको स्पष्टीकरण पाउन खोज्छन्। उनी सड़ेको चीजझैं, माउले खाएको वस्त्रझैं नष्ट भएर जान्छन्; उनी परमेश्वरको यत्रो ध्यानको योग्य कहाँ थिए र ?

श्री फ्रान्सिस एन्डर्सनले अय्यूबका शब्दहरू निम्नानुसार मूल्याङ्कन गरेका छन्ः

> 'यहाँ अय्यूबले आफूलाई आफ्ना मित्रहरूभन्दा बढ़ी अवलोकन गर्ने इमानदार दर्शक र प्रफुल्लित विचारक प्रमाणित गरेका छन्। किनकि परमेश्वरको बारेमा उनको धारणा यति महान् छ, कि हाम्रो दिमाग लरबराउँछ। तर एलिपज, बिल्दद र सोपरअनुसार तिनीहरूको ईश्वर कति सानो हुँदो रहेछ, यो अनुमान गर्न सजिलो थियो र उसमाथि विश्वास गर्न पनि सहज थियो। तर अय्यूबको कत्रो विश्वास ! त्यसले हाम्रो आत्मालाई कड़ा परिश्रम गर्न लगाउँछ।' [15]

**अय्यूब १४ः१-६ः** अय्यूब प्रश्न गरिरहन्छन्। परमेश्वरले उनीजस्तै यति क्षणिक, यति कमजोर र भूलचूक गरिरहने व्यक्तिसँग किन लगातार यत्रो निर्दय व्यवहार गर्नुभएको होला ? एक पदचाहिँ व्यापक रूपले उद्धृत गरिन्छ; हुन सक्छ, यस पदमा भनिएको कुरा धेरै अवसरहरूसँग मिल्छ, कि के हो ?

> *'स्त्रीबाट जन्मेको मानिस थोरै दिनको र दुःखले भरिएको हुन्छ।'*

उनले आफ्नो छोटो बाँकी जीवन केही शान्तिको साथ किन जिउन नपाउने ?

**अय्यूब १४ः७-१२ः** उनको निम्ति भन्दा त काटेर ढालिएको रूखको निम्ति बढ़ी आशा थियो। किनकि मानिसको मृत्युको बारेमा एउटा भयानक अपरिवर्तनशील टुङ्गा हुन्छ; मरेको मानिस एउटा सुकेको खोलाजस्तो छ।

**अय्यूब १४ः१३-१७ः** अय्यूबको इच्छा के थियो भने, परमेश्वरको क्रोध शान्त नभएसम्म उहाँले उनलाई चिहानमा लुकाउनुभएको होस्। अनि जब सर्वशक्तिमान्‌ले उनलाई चिहान-बाहिर बोलाउनुहुन्छ, तब उनले आफूलाई निर्दोष साबित गर्नेथिए। अनि त्यस बेलासम्म परमेश्वरले उनको एक-एक पापमाथि ध्यान लगाउँदै बस्न सक्नुहुनेथियो।

अय्यूबले यस खण्डमा चारवटा कुराहरू गरेका छन्ः **क)** उनले आफ्ना पापहरू के-के थिए, यसको बारेमा प्रकाश पाऊँ भन्ने अनुरोध गरेका छन्। **ख)** उनले मानिसको जीवनको क्षणभङ्गुरता वर्णन गरेका छन्। **ग)** उनले मृत्युको अपरिवर्तनशील टुङ्गासित हार खाएका छन् (उनले एक मध्यस्थलाई पाउने चाहना गरे र परलोकको जीवनको आशा पक्रिराखे)। **घ)** उनले आफ्नो वर्तमान दुर्दशाको विषयमा गुनासो गरेका छन्।

अय्यूब १४ः१४क पदमा एउटा महत्त्वपूर्ण प्रश्न सोधिन्छः *'जब मानिस मर्छ, तब के त्यो फेरि जीवित हुन्छ ?'* हाम्रा प्रभु येशूले यूहन्ना ११ः२५-२६ पदहरूमा यस प्रश्नको उत्तर दिनुभएको छः *'बौरिउठाइ र जीवन म नै हुँ। जसले ममाथि विश्वास गर्छ, ऊ मरे तापनि जिउनेछ; अनि जो जिउँछ र ममाथि विश्वास गर्छ, त्यो कहिल्यै मर्नेछैन।'* श्री हरोल्ड सेन्त जोह्नले अय्यूब १४ः१४ र १५ पदको सिलसिलामा निम्न टिप्पणी गरेका छन्ः

> 'अय्यूब १४ः१४ र १५ पदहरूमा पूर्व फाटेर एउटा प्रशान्त सागरमाथि मिरमिरे उज्यालो खस्दैछ; किनकि यस अनुच्छेदमा आम्मै हो, अय्यूबले कत्रो बहादुरी आँट गरेका रहेछन्, जब उनले घोषणा गरेका छन्ः मानिस नाश हुने भौतिक थोकभन्दा महान् छ।

आकाश बितेर जानेछ र क्षय हुनेछ; अमर पहाड़हरू टुक्रा-टुक्रा हुनेछन्; अनि उनीचाहिँ हुन सक्छ, हजारौं वर्ष चिहानको पकड़मा पर्लान् । तर यस भावी दिनको उदय निश्चित हुने नै छ, जब परमेश्वरले आफ्नो हृदयमा आफ्नो मित्रको लागि तिर्सना गर्नुहुनेछ र आफ्नो हातको कामको चाहना गर्नुहुनेछ । त्यस दिनमा पातालको गहिराइबाट अय्यूबले उहाँलाई उत्तर दिनेछन्, र परमेश्वरसँग उनको पुनर्मिलन हुनेछ, जो आफ्नो सेवकको वियोगले गर्दा व्याकुल र आतुर हुनुहुन्छ; अनि तब उनी पहाड़हरूभन्दा, अँ, आकाश भन्दा चिरस्थाही हुनेछन् ।' [16)]

**अय्यूब १४ः१८-२२ः** प्रकृतिमा क्षयको प्रक्रिया अनिवार्य छ; ठीक त्यस्तै परीक्षामा परेको मानिस पनि खिएर जान्छ। उसको शरीर फेरि माटोमा मिल्छ, र उसको आत्मा-प्राण उराठलाग्ने ठाउँमा जान्छ ।

यसरी बातचितहरूको पहिलो चक्र समाप्त भयो। अय्यूबका साथीहरूको तर्क यस्तो थियोः **क)** परमेश्वर धर्मी हुनुहुन्छ; **ख)** यसैले उहाँले दुष्ट मानिसहरूलाई दण्ड दिनुहुन्छ; **ग)** अय्यूबले सहेको सजायले उनी दुष्ट हुन् भन्ने प्रमाण दिएको छ । तर अय्यूबले यो कुरा सरासर इन्कार गरेका छन् र आफू दुष्ट होइनन् भन्ने कुरा दृढ़तापूर्वक कायम राखेका छन् ।

## ख) अय्यूब १५-२१ः बातचितहरूको दोस्रो चक्र

बातचितहरूको दोस्रो चक्रमा अय्यूबको सान्त्वना दिनेहरूले उनलाई पश्चात्ताप गर्ने आह्वान गर्न छोड्छन्, तर तिनीहरूको भर्त्सना कड़ा, झन् कड़ा र बढ़ी जोड़दार हुन जान्छ । तर अय्यूब हठी र झन् हठी हुँदै जान्छन् ।

### अ) अय्यूब १५ः एलिपजको दोस्रो तर्क

**अय्यूब १५ः१-६ः** अब तेमानी एलिपजको निम्ति अय्यूबको खण्डन गर्ने पालो आयोः तिनले अय्यूबलाई उनको सारहीनता र उनका भक्तिहीन र लाभहीन शब्दहरूको खातिर हप्काउँछन् । वेगसित हानेकै-हानेकै एउटामाथि अर्को गर्दै गरेका प्रश्नहरूद्वारा तेमानीले अय्यूबको कथित ज्ञानको खिल्ली उदाउँछन् र 'यो कति खोक्रो ज्ञान हो' भनेर भन्छन् । हो, परमेश्वरलाई चुनौती दिने अय्यूबका दुःसाहसी शब्दहरूले उनलाई उनले परमेश्वरको भय पन्साएको आरोपको लागि आलोचनीय तुल्याए। तर उनलाई लगाइएको 'तिमीले धूर्तहरूको जिब्रो रोजेको' आरोप न्यायसँगत थिएन । अय्यूबलाई कुनै दोष लाग्नु हो भने, उनको गल्ती के थियो भने, उनी चाहिएको भन्दा बढ़ी खुला थिए, अँ, उनले आफूलाई बढ़ी खुलस्त पारेका थिए । तर उनी कपटी थिएनन् । तर उनको निम्ति र अरू जोसुकै व्यक्तिको निम्ति 'धर्मी हुँ' भन्ने दाबी गर्नु व्यर्थ हो ।

**अय्यूब १५ः७-१३ः** अब एलिपजले अय्यूबलाई तिनको विचारमा उनको अहङ्कार सम्झिएको कुराको विषयमा चुनौती दिन्छन् । किनकि तिनको रायमा, उनले आफ्ना विचार-हरूको विषयमा चाहिएको भन्दा बढ़ी सोचे । यसकारण 'के बुद्धिचाहिँ तिम्रै मात्र हो र ?' भनेर तिनले उनलाई सोध्छन्। तर एलिपजले तीनजना सान्त्वना दिनेहरूका शब्दहरू 'परमेश्वरका सान्त्वनाहरू' र 'कोमल वचन' भनेर के देखाउँछन् भने, साँचो, सहानुभूतिशील सल्लाह दिनको निम्ति तिनको हृदयको ठूलो कमी थियो ।

**अय्यूब १५ः१४-१६ः** परमेश्वरको पवित्रता र मानिसको पापी अवस्थाको विषयमा यहाँ एलिपजले अय्यूब ४ः१७-१९ पदको खण्डमा टिका-टिप्पणी गरेको आफ्नो कुरा दोहोऱ्याइराखेका छन्। तर अय्यूब कसरी एलिपजभन्दा ठूलो पापी भए? यस सिलसिलामा श्री सामुएल रिड़ूले निम्न प्रश्न सोधेका छन्ः

'तर एलिपजले यो कुरा किन अय्यूबमाथि लागू गरे त ? के तिनको यस तर्कले अय्यूबलाई अरू सबै मानिसहरूभन्दा ठूलो पापी ठहऱ्याउन सक्यो त ?

होइन, होइन, तर अय्यूबका सबै जोशिला वचनहरू-भन्दा बरु एलिपजको तर्क पो धूर्त थियो । एलिपजले अय्यूबको छेउमा आफ्नो ठाउँ लिनु थियो र आफू कति घृणित र कति फोहोर थिए, सो कुरा मानिलिनु थियो । तब यी बिचरा पीड़ित अय्यूबले त्यस्तो व्यवहारप्रति उचित प्रतिक्रिया जनाउनेथिए होलान् ।' 17)

**अय्यूब १५ः१७-२६ः** पितापुर्खाहरूबाट आएको प्राचीन बुद्धिकहाँ फर्केर एलिपजले दुष्ट मानिसले आफ्नो जीवनमा अनुभव गरेको पीड़ा वर्णन गर्छन् ।

**अय्यूब १५ः२७-३५ः** त्यसपछि तिनले दुष्ट मानिसमाथि आइपर्ने सङ्कष्टहरूको डरलाग्दो सूचि प्रस्तुत गर्छन्, र यी विपत्तिहरू त्यस मानिसको दोषअनुसार ठूला-साना हुन्छन् ।

### आ) अय्यूब १६-१७ः अय्यूबको जवाफ

**अय्यूब १६ः१-५ः** एलिपजले जसरी अय्यूबको परिस्थिति विश्लेषण गरेका छन्, तिनको यो विश्लेषण उनले अस्वीकार गर्छन् र आफ्ना आलोचकहरूलाई 'दुःखदायी सान्त्वना दिनेहरू' भन्ने नाम दिएर तिनीहरूलाई खण्डन गर्छन् । तिनीहरू उनको ठाउँमा भएका भए उनले तिनीहरूलाई सान्त्वना दिने प्रयास गर्नेथिए ।

**अय्यूब १६ः६-१४ः** तर के गर्ने ? परमेश्वर उनको विरुद्धमा उठ्नुभएको रहेछ; उहाँले उनलाई भक्तिहीन मानिसहरूको हातमा सुम्पिदिनुभएको र घाउमाथि घाउ लगाएर उनलाई सहन नसकिने गरी सताउनुभएको रहेछ । उनी कुनै अधर्मको दोषी थिएनन्, र पनि यो सब उनीमाथि आइपरेको थियो ।

**अय्यूब १६ः१५-२२ः** अय्यूबले आफ्नो छाला ढाक्न भाङ्ग्राको लुगा लगाएको त के, उनले भाङ्ग्राको लुगा सिलाए पो । यसले उनले लगातार शोक गरेको देखाउँछ । उनलाई सान्त्वना दिने साथीहरू थिएनन्, उनको मुद्दा लड्ने कोही पनि थिएन; यसैले उनी चाँड़ै कहिल्यै नफर्केर आउने बाटोमा जान लागेका थिए ।

याद रहोस्ः अय्यूब १६ः९-१९ पदको खण्डमा प्रयोग गरिएका शब्दहरू भजनसंग्रहको पुस्तकमा पनि प्रयोग गरिएका छन् र त्यहाँ मसीहमाथि लागू गरिएका छन् । यसकारण हामीले यी शब्दहरू ख्रीष्टका कष्टहरूमाथि लागू गर्न सक्छौं; यस प्रकारको व्याख्या गर्न न्यायोचित छ, तर यी शब्दहरूको प्राथमिक अर्थ यो होइन ।

**अय्यूब १७ः१-१२ः** आत्मा टुटेका अय्यूब चिहानको मुखमा लड़खड़ाइरहे; अनि यस्तो बेलामा उनका साथीहरूले उनलाई गिल्ला गरिरहन्छन् । उनको एकमात्र चाहना के थियो भने, अरू कसैले होइन, तर परमेश्वरले उनको मुद्दा जाँच्नुभएको होस्; किनभने उनका समालोचकहरूले आफूलाई निकम्मा साबित गरिसके । परमप्रभुले उनलाई अपमानको पात्र तुल्याउनुभयो । तर समयमा उनको अवस्था देखेर सीधा चाल चल्ने मानिसहरू उनका समालोचकहरूको विरुद्धमा खड़ा हुनेथिए, तर त्यस बेलासम्म उनले चाहिँ निरन्तर आफ्नो सच्चाइमा दृढ़तासाथ जोर दिनेथिए । उनले आफ्ना तीनजना विरोधीहरूमध्ये एकजना बुद्धिमान् मानिसलाई भेट्टाउन सक्दैनथिए ।

**अय्यूब १७ः१३-१६ः** अय्यूबको निम्ति उनको जीवनमा बाँकी के पो थियो र ? उनको लागि चिहान, अँ, त्यो चिसो, अन्धकार, सड़ावट र कीराहरूले युक्त चिहानबाहेक अरू केही बाँकी थिएन ।

### इ) अय्यूब १८ः बिल्ददको दोस्रो तर्क

**अय्यूब १८ः१-४ः** शूही बिल्ददले अय्यूबमा दोष भेट्टाउँछन्; किनकि उनले आफ्ना साथीहरूले र बिल्दद स्वयम्ले बोलेका बुद्धिका वचनहरूको धेरै खिसी गरे । बिल्ददको बारेमा भन्न सकिने राम्रो कुरा यो होः यिनका

तिरस्कारहरू यिनका सह-शान्तिदाताहरूका भन्दा छोटा छन् । यिनलाई संक्षिप्तिमा भएको सद्‌गुणको बारेमा अवगत भएको थियो होला; किनकि साहसी भई यिनले अय्यूबलाई 'तिम्रा वचनहरू अन्त गर' भन्ने सुझाउ दिन्छन् ।

**अय्यूब १८ः५-२१ः** दुष्ट मानिस आफ्ना पापहरूको जालमा फस्छ भन्ने नारासित हामी अहिलेसम्म सुपरिचित भइसकेका छौं, जुन नारा यिनले यहाँ फेरि दोहोर्‍याउँछन् । त्यसपछि यिनले पापी मानिसको घर-परिवारमाथि आइपर्ने विपत्तिहरूको डरलाग्दो सूचि पेश गर्छन् । मानिसहरूले आफ्ना पापहरूको लागि कष्ट भोग्छन् भन्ने कुरामा बिल्ददको राय सठीक थियो, तर अय्यूबले सहेका दुःखकष्टहरूको निम्ति यिनको यो स्पष्टीकारण पूरा गलत थियो । किनभने कसैको जीवनमाथि आइपरेको सबै दुःखकष्ट सीधा उसको पापको परिणाम हुँदैन होइन ।

### ई) अय्यूब १९ः अय्यूबको जवाफ

**अय्यूब १९ः१-२२ः** अय्यूबले आफ्ना साथीहरूलाई 'तिमीहरू ममाथि गरेको अन्यायको लागि लज्जित हुनुपर्नेथियो' भनेर भन्छन् । परमेश्वरले, उनका आफन्तहरू र साथीहरूले, साथै उनका नोकरहरूले समेत उनको दुर्व्यवहार गरेका छन् । अनि उनको शरीर खिएर घट्‌दै गएको छ, र उनी मुस्किलले मृत्युबाट उम्केका छन् । यसो भए पनि उनका साथीहरूले परमेश्वरसँग मिलेर उनलाई निर्दयतासाथ लगातार आक्रमण गरिरहेका छन् ।

**अय्यूब १९ः२३-२४ः** उनले भविष्यमा कुनै बेलामा उचित न्याय पाउन सकून् भन्ने हेतुले उनका प्रतिरक्षाका शब्दहरू एउटा पुस्तकमा छापिएका होऊन् र सदाको लागि फलामको कलम र सीसाले एउटा चट्टानमाथि कुँदिएका होऊन्; यो उनको उत्कृष्ट चाहना थियो ।

**अय्यूब १९ः२५-२७ः** *'किनकि म जान्दछु, मेरा उद्धारक जीवित हुनुहुन्छ ।'* यो प्रकाशको कत्रो दुर्लभ झलक हो ! उनले आफ्ना उद्धारकमाथि विश्वास गरिरहेका छन्, जसले एक दिन उनलाई निर्दोष ठहराउनुहुनेछ र उनलाई पुनर्स्थापित गर्नुहुनेछ, उनको मृत्यु र शरीरको सड़ावट जेसुकै होस् ।

महान् अंग्रेजी प्रचारक श्री सी. एच. स्पर्जन, जसको लेख्ने शैली अय्यूबको पुस्तकको जस्तै थियो, तिनले अय्यूब १९ः२५ पदको अर्थ निम्न किसिमले प्रयोग गरेका छन्ः

' "**मेरा** उद्धारक"; वास्तवमा यस 'मेरो' भन्ने सानो शब्दमा, साथै उनका उद्धारक *जीवित* हुनुहुन्छ भन्ने कुरामा अय्यूबको सान्त्वनाको सारतत्त्व रहेछ । ओहो, ख्रीष्ट येशू यी जीवित उद्धारकलाई पक्रिराख्नुहोस् ! हामीले उहाँमा आनन्द उपभोग गर्नुभन्दा अघि हामी उहाँमा हाम्रो व्यक्तिगत हक र अंश पाएका हुनुपर्छ । … । तब एकजना उद्धारकर्ता, जसले दाम तिरेर मलाई छुट्टाउन सक्नुहुन्न, उहाँको के काम ? मेरो रगतको बदला लिन मेरो पक्षमा कहिल्यै खड़ा नहुने दण्डनायकबाट मलाई के फाइदा भयो र ?"हो, मैले आफूलाई मेरा जीवित प्रभु येशूको हातमा सुम्पिदिएँ, र उहाँ मेरा हुनुहुन्छ" भनेर तपाईंले विश्वासको साथ भन्न सक्नुपर्छ; तपाईंले यसो भन्न सक्नुहुन्न भने यसो भन्न नसक्ने बेलासम्म सन्तुष्ट नरहनुहोस् ! हुन सक्छ, तपाईंले उहाँलाई कमजोर हातले समात्दै हुनुहुन्छ होला, र "उहाँ **मेरा** उद्धरकर्ता भएर जीवित हुनुहुन्छ" भन्न तपाईंलाई कत्रो दुःसाहस गरेको लाग्ला । तब याद गर्नुहोस् ! तपाईंसँग रायोको दानाजतिको विश्वास छ भने, त्यो सानो अल्प विश्वासले तपाईंलाई'उहाँ मेरो हुनुहुन्छ' भन्ने अधिकार दिन्छ । तर यहाँ ध्यान दिन लायकको अर्को शब्द पनि छ, जुन शब्दले अय्यूबको ठूलो निश्चयता र निर्धक्कता व्यक्त गरेको छः "म जान्दछु ।" "मलाई आशा छ"; "म आशावादी हुँ" भन्ने वचन केही हदसम्म शान्तिदायक होला; अनि प्रभु येशूको बगालमा हजारौं विश्वासी छन्, जसले योभन्दा बढ़ी कहिल्यै भन्न सक्दैनन् होलान् । तर सान्त्वनाको मुटुमा पुग्न र त्यसको पूरा रस पाउन हामीले "म जान्दछु" भन्न सक्नुपर्छ; हामी त्यहाँसम्म आइपुग्नुपर्छ ।' 18)

'अनि औंसाहरूले मेरो छाला, त्यसपछि मेरो यो शरीर नाश गरे ता पनि म मेरो यस शरीरमा परमेश्वरलाई देख्नेछु ।' अय्यूबको विश्वास यस्तो थियो । अनि उनको यस दृढ़ कथनले मृतशरीरहरूको पुनरुत्थान हुनेछ भन्ने शिक्षा सुदृढ़ पार्छ । तर यस प्रकारको शिक्षा पुरानो नियमको समयमा विरलै पाइन्थ्यो; तर हाम्रा प्रभु येशूको समयमा यो शिक्षा यहूदीहरूको बीचमा सामान्य धारणा भइसकेको थियो । श्री सी. एच. स्पर्जनले छबीस पदको सुन्दर टिप्पणी यस प्रकारले गरेका छन्ः

' "म परमेश्वरलाई देख्नेछु ।" अय्यूबको भक्तिपूर्ण प्रत्याशा ख्याल गर्नुहोस् ! उनले कसलाई देख्ने आशा गरे ? "म पवित्र जनहरूलाई देख्नेछु" भनेर उनले भनेनन्, यद्यपि पवित्र जनहरूसँगको हाम्रो मिलन निस्सन्देह ठूलो आनन्दको कारण हुनेछ । तर उनलेँम परमेश्वरलाई देख्नेछु" भनेर भनेछन् । "म नयाँ यरूशलेमका मोतीले बनेका मूलढोकाहरू देख्नेछु; म त्यस शहरको स्फटिकले बनेको पर्खाल देख्नेछु; म मग्न भई सुनका मुकुटहरू नियालेर हेर्नेछु" भनेर उनले भनेनन्; तर उनले "म परमेश्वरलाई देख्नेछु" भनेर भने नि । किनकि स्वर्गको योगफल र मुख्य विषयवस्तु परमेश्वर स्वयम् हुनुहुन्छ । अनि परमेश्वरलाई देख्नुचाहिँ सबै ख्रीष्ट-विश्वासीहरूको एकमात्र आशा र परम आनन्द हो ।' 19)

**अय्यूब १९ः२८-२९ः** अय्यूबको धर्मी ठहरिने दिन नजिकै थियो; यसकारण उनका साथीहरूले उनलाई सताउनुहुँदैनथियो, तर उनलाई सताउन छोड्नुपरेको थियो, नत्रता तिनीहरूले यसको निम्ति सजाय पाउनेथिए ।

### उ) अय्यूब २०ः सोपरको दोस्रो तर्क

**अय्यूब २०ः१-१९ः** अय्यूबको यो विश्वासको अङ्गिकार बहिरा कानहरूमाथि परेको रहेछ; यो स्पष्ट छ । किनकि सोपरले उनको कुरा सुन्दै सुनेनन् । तिनको तर्क सुनौं ! मानव इतिहास साक्षी छ, कि घमण्डी मानिस नाश हुनेछ र सधैंको निम्ति दृष्टिबाट लोप हुनेछ । त्यसका छोराछोरीहरूले गरिबहरूबाट कृपा-दान माग्नेछन्, र त्यसले अन्याय गरेर लिएको थोक तिनीहरूले फिर्ता गर्नुपर्नेछ । जवानीको बल भएको अवस्थामा त्यसको देहान्त हुनेछ । त्यसले जति सुखी जीवन बिताएको किन नहोस्, त्यसले गरिबहरूलाई थिचोमिचो र शोषण गरेर कमाएको सबै नीच कमाइ अचानक एकैक्षणमा गुमाउनेछ ।

**अय्यूब २०ः२०-२९ः** त्यसमाथि कुनचाहिँ विपत्ति आइपर्नेछैन ? भोक, कठिनाइ, पीड़ा, अस्त्र-शस्त्रको आक्रमण, आगलागी र शान्तिको हरण आदि – कल्पना गर्न सकिने हरेक विपत्ति त्यसमाथि आइपर्नेछ । स्वर्ग र पृथ्वी त्यसको विरुद्धमा छन्, र त्यसको सम्पत्ति उड़िजानेछ । यो दुष्ट मानिसको हकको सम्पत्ति हो, अँ, परमेश्वरले दुष्ट मानिसको लागि नियुक्त गर्नुभएको अधिकारको भाग यही हो ।

यसको बारेमा श्री जी. क्याम्पबेल मोर्गनले यसो भनेका छन्ः

'यस रोमहर्षित खण्डमा सोपरले पूरा जोश र उमङ्गको साथ नीच कमाइका लाभहरूको चञ्चलता वर्णन गर्छन् । किनकि त्यहाँ आनन्द त हुन्छ, तर त्यसको आनन्द छोटो छ । त्यहाँ समृद्धि होला, तर त्यो हिउँजस्तै छिट्टै पग्लिहाल्छ । त्यहाँ जवानीको बल त छ, तर त्यो धूलोमा पड्न जानेछ । त्यहाँ मिठास त छ, तर त्यो मिठास शोक र अफसोसमा परिणत हुनेछ । त्यसले धनसम्पत्ति निल्न त निल्छ, तर यो त्यसको निम्ति बान्ता पो बन्नेछ । त्यसले प्राप्त गरेको सम्पत्तिबाट त्यसले आनन्द लिन पाउनेछैन । दुष्ट मानिसको अन्तिम पतन र विनाश यस प्रकारको छः परमेश्वर त्यसमाथि आइलाग्नुहुन्छ र न्यायका हात-हतियारहरू लिएर त्यसको खेदो गर्नुहुन्छ । अन्धकारले त्यसलाई चारैतिरबाट छोप्छ । आकाशको ज्योतिले त्यसको अधर्म प्रकट गरिदिन्छ, र पृथ्वी त्यसको विरुद्धमा उठ्छ । दुष्टताको यस वृत्तान्तमाथि ध्यान दिनेले बुझ्छ, कि यो वर्णन बिलकुल साँचो र पूरा सय हो ।' 20)

### ऊ) अय्यूब २१ः अय्यूबको जवाफ

**अय्यूब २१ः१-२२ः** अय्यूबको माग के थियो भने, निश्चय तिनीहरूले उनको कुरा ध्यानसित सुन्नुपर्छ। किनकि उनको गुनासो खास कुनै मानिसको विरुद्धमा थिएन। तर उनको दयनीय अवस्था देख्ने जोसुकै मानिसको मनमा उनको यस हालतले सहानुभूति उत्पन्न गर्नुपर्नेथियो। उनले तिनीहरूका तर्कहरू खण्डन गरेर आफ्नो अवलोकनअनुसार यथार्थ कुरा के भन्छन् भने, जीवनको हरेक क्षेत्रमा प्रायः दुष्टहरूको समृद्धि हुन्छ-हुन्छ, र तिनीहरूको जीवनमा परमेश्‍वरको निम्ति कुनै स्थान नभए पनि तिनीहरूको पीड़ामुक्त मृत्यु हुन्छ। उनको प्रश्‍न छः कहिले र कहाँ दुष्टहरूले आफ्नो जीवनकालमा आफ्ना पापहरूको प्रतिफल पाउँछन्, भन्नुहोस्! अँ, कहिले तिनीहरू आँधीले उड़ाएर लगिएको भुसजस्तै उड़ाएर लगिएका हुन्छन् हँ, मलाई भन्नुहोस्!

'परमेश्‍वरले छोरालाई उसका बुबाले गरेका पापहरूको सजाय दिनुहुन्छ भनेर तपाईंहरू दाबी गर्नुहुन्छ। होइन, परमेश्‍वरले पापी मानिसहरूलाई नै दण्ड दिनुभएको होस्! उहाँले यो तिनीहरूका पापहरूको खातिर गर्नुभएको हो भन्ने कुरा स्पष्ट देखाइदिऊन्। पापी मानिसहरूले आफ्नै पापहरूको दण्ड भोगून्; तिनीहरूले सर्वशक्तिमान् परमेश्‍वरको क्रोध चाखून्। अनि जब मानिसको जीवन समाप्त हुन्छ, तब के उसले वास्तवमा आफ्ना छोराछोरीहरू सुखी भएको-नभएको कुरा वास्ता गर्छ र? अनि के, के मानिसले परमेश्‍वरलाई सिकाउन सक्छ, जसले उच्च पदहरूमा हुनेहरूलाई समेत न्याय गर्नुहुन्छ?'

(१९-२२ पदहरू, टि.ई.वी.अनुसार)

**अय्यूब २१ः२३-३४ः** यस्तो व्यक्ति छ, जो सुखचैनमा रहेर र पूरा बल हुँदा समृद्धिमा मर्छ। अर्को मानिस छ, जो आफ्नो मनको तीतोपन र गरिबीमा मर्छ। तर मृत्युमा सबै मानिसहरू उस्तै र बराबर छन्। यदि अय्यूबका साथीहरूले 'दुष्ट मानिसहरूलाई सधैं यस जीवनमा सजाय दिइन्छ' भन्ने कुरामा जोड़ दिए भने, उनले धेरै ठाउँहरूमा घुमफिर गरेका पर्यटकहरूलाई गवाही दिने आग्रह गर्छन्; किनकि दुष्ट मानिसलाई मृत्युपार परलोकमा सजाय त दिइन्छ, यो पक्का हो; तर नरलोकमा त्यो प्रायः खुशीको साथ जिउन पाउँछ। कसैले पनि त्यसलाई दोषी ठहराउँदैन, न त्यसलाई दण्ड दिन्छ; दुष्ट मानिस अरू सबै मानिसहरूजस्तै मर्छ। अनि अय्यूबको अन्तिम तर्क यस प्रकारको छः 'अनि तिमीहरूचाहिँ – तिमीहरूले मलाई व्यर्थ कुराले सान्त्वना दिन खोज्दैछौ। किनकि तिमीहरूले मलाई दिएको हरेक जवाफ झूट मात्र हो रहेछ!' (३४ पद, टि.ई.वी.-अनुसार)।

यी वचनहरू बोलेर अय्यूबले आफू र आफ्ना मित्रहरूको बीचमा चलेका बातचितहरूको दोस्रो चक्र अन्त्याएका छन्। यी 'सान्त्वना दिनेहरू' अय्यूबलाई पापको दोषी बनाउने प्रयासको आफ्नो अन्तमा आइपुगिसकेका छन्; तिनीहरूले अय्यूबसित बातचितको अर्को चक्र गर्न प्रयास गर्न लागेका छन्, तर त्यसमा सोपरले भाग लिँदैनन्।

अय्यूबको पुस्तकबाट उठेको समस्या अझै पनि समाधान हुन बाँकी नै छ। धर्मी जनहरूले किन कष्ट पाउँछन्? जे भए तापनि अय्यूबले केही आत्मिक प्रगति गरेका छन् र उनको कष्टको अँध्यारो भेदबाट उज्याला ससाना किरणहरू चम्कन थालेका छन्।

## ग) अय्यूब २२-३१ः बातचितहरूको तेस्रो चक्र

### अ) अय्यूब २२ः एलिपजको तेस्रो तर्क

तेस्रो चक्रमा आएर एलिपज र बिल्दद धेरै पटक आफ्ना तर्कहरू दोहोर्‍याउँदै आफ्नो निष्कर्षमा आइपुग्छन्। तर सोपर चुप लाग्छन्। अय्यूबले तिनीहरूलाई दिएको जवाफबाट

बुझिन्छ, कि तिनीहरूका तर्कहरूले उनलाई प्रभावित पार्न सकेनन्; किनकि उनले जान्दथिए, उनी गुप्त रूपले पाप गर्ने पापी नै थिएनन्; अनि उनी कपटी पनि होइनन्, तर एक अध्यायले भनेझैं उनी एक सिद्ध, दोषरहित मानिस थिए (तर उनी पापरहित थिएनन्, न उनी नम्र नै थिए।) एलिपजको अन्तिम जवाफमा गरिमा थियो र साहित्यको हिसाबले हेर्नु हो भने त्यो जवाफ शोभाले भरिएको थियो; तिनी अहिले कष्ट भोगिरहेका पीड़ित अय्यूब-प्रति केही हदमा अलिक बढ़ी नम्र भएका रहेछन्, तर पनि तिनले त्यसमा उनको अन्याय गर्दैथिए।

**अय्यूब २२ः१-११ः** एलिपजले जुन प्रश्नहरू सोध्छन्, ती प्रश्नहरूको एउटा उद्देश्य छः परमेश्वरलाई अय्यूबको आवश्यकता परेन; उहाँलाई न उनीसँग भएको सम्पत्ति, न उनले गरेको कुनै कामको खाँचो पर्छ, अँ, उनको इमानदार चाल पनि उहाँलाई दरकार परेन। तिनले ती प्रश्नहरूद्वारा यो देखाउन खोजेका हुन्। त्यसपछि तिनले अय्यूबलाई 'तिमीले घोर दुष्टता गरेका' भनेर झूटो अभियोग लगाएर आफ्नो लामो, विषवमनको प्रवाह छोड्छन्। अय्यूबले बिनसित्तिमा गरिबहरूबाट बन्धकहरू लिएको, उनले थाकेकाहरूलाई पिउने पानी सम्म नदिएको, उनले भोकाहरूलाई खानेकुरा नदिएको, उनले जबरजस्ती अरूको जग्गाजमिन हड़प गरेको, उनले विधवाहरू र टुहुराहरूको अत्याचार गरेको अरे। एलिपजको भनाइ-अनुसार योचाहिँ अय्यूबको वर्तमान नाजुक परिस्थितिको खास कारण थियो। तर वास्तविकता अर्कै थियो; किनकि अय्यूबले ठूलो सामाजिक चेतना देखाएका थिए, उनी आफ्नो परोपकार र कल्याण-सेवामा पूरा उदारचित्तको थिए।

**अय्यूब २२ः१२-२०ः** एलिपजको तर्क थियोः स्वर्गको उचाइमा विराजमान हुनुहुने परमेश्वरले तल पृथ्वीमा भइरहेको कुरा देख्नुहुन्न भन्ने विचार गलत हो; अय्यूबले यस प्रकारको विचार अपनाउनुहुँदैनथियो। किनकि उनले निरन्तर पाप गरिबसे भने, उनले नूहको समयमा बाँचेका मानिसहरूको नियति भोग्नुपर्ने-थियो – उनले यस्ता मानिसहरूको नियति भोग्नुपर्नेथियो, जसको समृद्धि परमेश्वरले पहिले गर्नुभएको थियो, तर पछि जलप्रलयले पृथ्वीको जग ठ्याकठुक सोरेर बगाइदियो। अनि दुष्ट मानिसहरूले दण्ड पाउँदा धर्मी जनहरू सधैं रमाउँछन्।

**अय्यूब २२ः२१-३०ः** आफ्नो अन्तिम प्रबल अनुरोध पेश गर्दा साँच्चै एलिपजसँग अय्यूबको लागि केही उत्कृष्ट शब्दहरू छन्ः 'अब उहाँसित आफूलाई परिचित गराऊ, र मेलमिलापमा बस' (पद २१[क]); 'हो, तब सर्वशक्तिमान् नै तिम्रो सुन र तिम्रो निम्ति बहुमूल्य चाँदी हुनुहुनेछ' (पद २५); 'अनि तिम्रा बाटाहरूमा ज्योति चम्किनेछ' (पद २८[ख])। तेइस पदअनुसार सर्वशक्तिमान् परमेश्वरकहाँ फर्केर जाने र आफ्नो वास-स्थानबाट अधर्म टाढ़ा हटाउने पश्चात्तापी मानिसको निम्ति यी वचनहरू सुन्दर मात्र होइन, तर कति सत्य र लाभदायक पनि छन्! तर यी शब्दहरूको प्रयोगमा त्रुटि पो भएको छ; किनकि अय्यूब पापमा जिएका थिएनन्। एलिपजले अय्यूबलाई गरेको अन्तिम अनुरोधको सारांश श्री अल्बर्ट बार्न्सले यसरी गरेका छन्ः

> 'सर्वशक्तिमान् उनको रक्षक हुनुहुनेथियो; उनी परमेश्वरमा सुखी हुनेथिए; उनले आफ्नो प्रार्थनाको उत्तर पाउनेथिए; उनका मार्गहरूमाथि ज्योति चम्किनेथियो; अनि जब अरू मानिसहरू होचिन्छन्, तब उनी उच्च पारिनेथिए।' [21)]

## आ) अय्यूब २३-२४ः अय्यूबको जवाफ

२३ र २४ अध्यायहरू अय्यूबले बोलेको उनको बातचितको एकै टुक्रा हुन्, तर प्राचीन बाइबल-विद्वान्हरूले यो खण्ड सुविधाको लागि दुई खण्डमा छुट्ट्याएका हुन्। तेइस अध्यायमा अय्यूबले तीनवटा मुख्य विषयहरू उठाएर

बढ़ाइरहेका छन्ः **क)** अय्यूब २३ः१-९ः उनले आफ्नो मुद्दा परमेश्वरको सिंहासनको सामु पेश गर्ने आफ्नो तीव्र चाहना व्यक्त गरे; **ख)** अय्यूब २३ः१०-१२ः यस खण्डमा उनले आफ्नो प्रतिरक्षा गरे; उनले आफ्नो धर्मी जीवन पेश गरे; अनि **ग)** अय्यूब २३ः१३-१७ः उनी कसरी परमेश्वरसँग डराइरहे; अनि यसमा उनले उहाँ उनको शत्रु हुनुभएको भान गरे ।

**अय्यूब २३ः१-९ः** अय्यूबको गुनासो तीतो छ । उनले परमेश्वरको सिंहासनको सामु आउन सके त ! उनले उहाँलाई भेट्टाउन सके त ! यस ठाउँमा श्री सी. एच. स्पर्जनले गरेको टिप्पणी यस प्रकारको छः

> ' "हे प्रभु, म आफ्नो शरीरको हरेक अङ्गमा फैलेर गएको रोगबाट निको हुन पाऊँ !" भनेर अय्यूबको पहिलो प्रार्थनाको अनुरोध थिएन । अनि"हे प्रभु, मेरा छोराछोरीहरूलाई मृत्युको पकड़बाट निकालिदिनुहोस् र म तिनीहरूलाई फेरि देख्न पाऊँ ! अनि लुट्नेहरूको हातबाट मेरो सम्पत्ति फेरि मकहाँ फर्केर आएको म देख्न सकूँ" भन्ने अनुरोध पनि उनले चढ़ाएनन् । तर उनका परमेश्वरलाई चढ़ाउने उनको एकमात्र विन्ती थियोः "म उहाँलाई कहाँ भेट्टाउन सक्छु, सो मलाई थाहा भए त ! ओहो, म उहाँको आसनको सामु आउन सके त !" आँधीबेह्री चल्न लागेको बेलामा परमेश्वरका छोराछोरीहरू घरतिर दगुर्छन् । परमेश्वरको निगाहको पात्र भएको विश्वासी जनले परमप्रभुका पखेटाहरूमनि सबै खराबीहरूबाट शरण पाउन खोज्छ; किनकि नयाँ जन्म पाएको मानिसमा भएको सहजज्ञानले उसलाई यसो गर्न सिकाउँछ ।' **22)**

अय्यूब पूरा विश्वस्त थिए, कि उनले परमप्रभुको सामु आउन पाएका भए परमेश्वरले अन्तमा अय्यूब धर्मी छन् भन्ने कुरा मानिलिनुपर्नेथियो; अनि यसरी नै उनले आफ्ना न्यायकर्ताबाट सदाको निम्ति छुटकारा पाउनेथिए ।

**अय्यूब २३ः१०-१२ः** 'जब उहाँ मलाई जाँच्नुहुन्छ, तब म सुनजस्तै निखुर भई निस्कनेछु ।' आत्मिक परीक्षाहरूबाट प्राप्त हुने शुद्धीकरणको लाभ प्रमाणित गर्न घरिघरि यो दस पद उद्धृत गरिन्छ, तर हामीले यस पदको सन्दर्भमा ध्यान दिनु हो भने, यसको अर्थ अर्को छः यो वास्तवमा 'निर्दोष' भन्ने फैसलाको बारेमा अय्यूबको दृढ़ विश्वासको अङ्गिकार पो हो । त्यो दिन नआएसम्म परमेश्वरलाई जे मन लाग्छ, उहाँले त्यही गरून्; अनि उहाँका डरलाग्दा न्यायका कामहरूले गर्दा अय्यूब डरले थरथर भएका छन् (१५ पद) । यसो भए पनि अय्यूबलाई के विश्वास थियो भने, परमेश्वरको न्याय-आसनको सामु उनको मुद्दाको सुनुवाइ भएको भए उनी निखुर सुनजस्तै शुद्ध र निर्दोष साबित हुनेथिए र परमेश्वरका वचनहरूप्रति सधैं आज्ञाकारी भएका प्रमाणित हुनेथिए; किनकि उनले उहाँका वचनहरू आफ्नो आवश्यक भोजनभन्दा पनि बढ़ी बहुमूल्य ठान्थे । दस पदका मनमोहक शब्दहरू आफ्नै जीवनको निम्ति कण्ठस्थ गर्न लायक छन्ः

> *'तर उहाँ मेरो चालचलन जान्नुहुन्छ;*
> *जब उहाँ मलाई जाँच्नुहुन्छ,*
> *तब म सुनजस्तो भई निस्कनेछु ।'*

**अय्यूब २३ः१३-१७ः** परमेश्वर अद्वितीय हुनुहुन्छ, र मानिसको दृष्टिमा उहाँ स्वेच्छाचारी हुनुहुँदो रहेछ । किनकि उहाँ आफ्नो मनले चिताएको कुरा गर्नुहुन्छ; अनि अय्यूब उहाँसँग डराइरहेका छन्, अँ, भयभीत र विचलित भएका छन्; किनभने परमेश्वरले अय्यूबको हृदय काँतर तुल्याउनुभयो ।

**अय्यूब २४ः१-१२ः** सर्वशक्तिमान् परमेश्वरबाट कुनै पनि कुरा लुकेको छैन; यसकारण अय्यूबले बुझ्न सकेननः उहाँलाई चिन्नेहरूको होइन, तर दुष्ट मानिसहरूको समृद्धि पो भएको, अहँ, यो उनको निम्ति एउटा जटिल समस्या भएको थियो, जसको समाधान किन भएन ? अनि अब उनले यस संसारमा भइरहेको घोर अन्यायको बेलिबिस्तार गर्छन् । उनले

अत्याचारीहरूका अपराधहरू र उत्पीड़ित-हरूका कष्टहरू विस्तृत रूपमा वर्णन गर्छन् ।

श्री सामुएल रिड्ले टिप्पणी गरेका छन्ः

‘उनले यहाँ वास्तविकताको भयानक चित्र कोरेका हुन्; अनि यो कुरा उनका साथीहरूले राम्ररी जान्दथिए र हामी पनि राम्ररी जान्दछौं । तब एलिपजले “यस जीवनमा सधैं जुनै खराब कामको निम्ति मानिसलाई उचित दण्ड दिइन्छ” भन्ने आफ्नो सिद्धान्तसँग यी यथार्थ कुराहरू कसरी मिलाउन सक्छन् त ? तर योभन्दा जटिल समस्या अझै छँदैथियोः परमेश्वर यी कुराहरूबाट कसरी आफ्ना आँखाहरू बन्द गर्न सक्नुहुन्छ र यी कुकर्मीहरूको सट्टामा अय्यूबजस्तै विश्वासयोग्य मानिसलाई कष्ट दिन सक्नुहुन्छ ? अनि यो अय्यूबको ठूलो समस्या भएको थियो; अनि यसको लागि उनले कुनै उत्तर पाएका थिएनन् ।’ [23)]

अय्यूबले परमेश्वरमा संसारको शासन गर्ने सम्बन्धमा दोष भेट्टाएर यस असफलताको विषयमा गुनासो गरेका छन् (पद १२)ः

‘शहरको बीचबाट मानिसहरूले सुस्केरा हालिरहेका छन्; अनि घायल भएकाहरूको मन गुहार पाउनको निम्ति चिच्च्याउँछ; तरै पनि परमेश्वरले तिनीहरूलाई अधर्मको दोष लगाउनुहुन्न, कसरी ?’

**अय्यूब २४ः१३-१७ः** त्यसपछि अय्यूबले विद्रोही, हत्यारा, व्यभिचारी र चोरको वर्णन गरेका छन् । ती सबैजनाले आफ्ना क्रिया-कलापहरूको लागि रातको सहारा लिन्छन्; किनकि तिनीहरूको निम्ति बिहान त मृत्युको छायासमान हो ।

**अय्यूब २४ः१८-२५ः** ती दुष्ट पापी मानिसहरूलाई यस पृथ्वीमा श्राप दिइनुपर्नेथियो र तिनीहरूको स्मृति नरहनुपर्नेथियो; तर परमेश्वरले तिनीहरूलाई सुरक्षा दिनुभएको, कसरी ? अय्यूबको दाबी यस प्रकारको छः दुष्ट मानिसको मृत्यु अरू मानिसहरूको भन्दा बढ़ी दुःखदय हुँदैन । उनको यो कुरा खण्डन गर्ने जोसुकै होस्, उनी यस्तो मानिससित बहस गर्न र उसलाई चुनौती दिन तयार थिए ।

बातचितहरूको तेस्रो चक्रमा बिल्ददको जवाफ धेरै छोटो थियो र सोपरको जवाफै भएन; अनि अय्यूबको जवाफ अति लामो भयो; यसकारण केही बाइबल-विद्वान्हरूको सुझाउ के हो भने, अय्यूब २४ः१८-२५ पदहरूमा लेखिएको कुरा वास्तवमा अय्यूबका शब्दहरू होइनन् अरे । अनि केही आधुनिक बाइबल-संस्करणहरूले यहाँ र अन्य ठाउँहरूमा लेखको लेआउट आफ्नो अनुमानअनुसार धेरै स्वतन्त्रतापूर्वक मिलाएका छन् । यस सम्बन्धमा हामीले श्री फ्रान्सिस आइ. एन्डर्सनको कुरा सुन्नुपर्छ, जसले यसो भनेः ‘अय्यूबले यी वचनहरू किन नबोलेका ? यसको निम्ति म कुनै खास कारण देख्दिनँ ।’ त्यसपछि तिनले कस-कसले यस खण्डसित के-के गरे, सो निम्न प्रकारले वर्णन गरेका छन्ः

‘अय्यूबले हाम्रो विचार र स्वादअनुसार भन्नुपरेको कुरा यहाँ नगरेका हुनाले हामीले उनका ओठहरूबाट यी शब्दहरू सजिलोसँग हटाउन हतार गर्नुहुँदैन । तर के गर्ने ? ठीक यही गर्न नहुने कुरा तीन प्रकारले गरिएको छः क) यो खण्ड पुस्तकको फट्केमा लेखिएको एउटा पार्श्व-टिप्पणीको रूपमा राखेर; यसरी तिनीहरूले अय्यूबलाई चाहिएको भन्दा बढ़ी निष्ठावान् तुलाए; तर वास्तवमा तिनीहरूले उनलाई यहाँ प्रस्तुत गर्न खोजेकोजस्तै उनी त्यस्तै थिएनन् । ख) यो खण्ड अय्यूबका मित्रहरूमध्ये कुनै एकजनाका शब्दहरू तुल्याएर, जसरी एन.ए.बी.-अनुवादले यो खण्ड बिल्ददका शब्दहरू तुल्यायो र श्री मार्विन पोपले यो खण्ड सोपरका शब्दहरू तुल्याए । ग) यस खण्डमा अय्यूबले आफ्ना साथीहरूले भनेको कुरा उद्धृत गरेको पारेर; आर.एस.वी.ले यस खण्डको शुरुमा निम्न शब्दहरू थप्योः “तिमीहरू भन्छौ, ... ।” अनि श्री रोबर्ट गोर्डिसले १८-२४ पदहरूको सम्पूर्ण खण्ड अय्यूबका साथीहरूका शब्दहरू तुल्याए, जुन शब्दहरू उनले उद्धृत गरे अरे ।’ [24)]

### इ) अय्यूब २५ : बिल्ददको तेस्रो तर्क

अय्यूबका सान्त्वना दिनेहरूको अन्तिम तर्क सोपरको होइन, तर शूही बिल्ददको हो । किनकि सोपरले आफ्नो तर्कको कोष खतम गरिसकेका रहेछन् । अनि बिल्ददको तर्क पनि निक्कै छोटो छ, तिनको यो तर्क अय्यूबको पुस्तकमा सबैभन्दा छोटो छ ।

> 'बिल्ददको यो बातचित छोटो छ, रयिनले यसमा पेश गरेको कुनै नयाँ कुरा छैन; यसबाट बुझिन्छ कि अय्यूबका यी साथीहरूले आफूसँग भएका सबै तर्कहरू सिद्ध्याइसकेका रहेछन् । तिनीहरू यहाँसम्म आफ्नो तर्क र आफ्नो दृष्टिकोण पेश गर्न सफल भए, तिनीहरू यति भन्न सक्षम भए । अनि यसको मतलब ठूलो छ; किनकि तिनीहरू विचारशील मानिसहरू थिए, जसका तर्कहरू व्यक्त गर्ने क्षमताहरू उत्कृष्ट थिए । तिनीहरूले प्रयोग गरेको भाषा स्तरीय र उच्च कोटिको थियो; तिनीहरूले पेश गरेका रूपकहरूमा शोभा र शब्दबल त थियो । तर तिनीहरूको तर्क र विचार गलत र संकीर्ण थियो अनि ग्रहण गर्न योग्य थिएन ।' [25)]

बिल्ददले स्पष्टसँग बुझे कि थुप्रै शब्दहरूको रासमा कुनै फायदा छैन रहेछ; यसकारण यिनले केवल दुईवटा विषयवस्तुहरू पेश गर्छन्ः क) अय्यूब २५ :१-३ : परमेश्वरको महानता र ख) अय्यूब २५ :४-६ : मानिसको शून्यता/सूक्ष्मता ।

**अय्यूब २५ :१-३ :** परमेश्वरसँग प्रभुत्व छ र डर देखाउने क्षमता पनि छ, र उहाँको सेनाहरूको सङ्ख्या अनगिन्ती छ ।

**अय्यूब २५ :४-६ :** चन्द्रमा र ताराहरू परमेश्वरको दृष्टिमा शुद्ध छैनन् भने, त मानिस जो एउटा औंसा र कीरा हो, उसको विषयमा कुरा नगरे हुन्छ; उसको निम्ति आशा के हुन सक्नेथियो ? बिल्ददका वचनहरू साँचो र सुन्दर ढङ्गले प्रस्तुत गरिएका छन्, तर यिनले बोलेका यी शब्दहरूमा प्रेम र सान्त्वनाको झलक थिएन, र यसैले यी शब्दहरूले अय्यूबको खाँचो पूर्ति गर्न सकेनन् ।

### ई) अय्यूब २६ : अय्यूबको जवाफ

**अय्यूब २६ :१-४ :** सबैभन्दा पहिले अय्यूबले बिल्ददको तर्कको वितर्क गर्छन् । ठीक छ, मानौं अय्यूबको शक्ति नभएको, अँ, उनीसँग बल र बुद्धि छैन; तब बिल्ददले यति भनेर उनलाई के पो सहायता गरे ? यिनका शब्दहरू व्यर्थ र असंवेदनशील थिए अनि अय्यूबका तर्कहरूको जवाफ दिन पूरा असफल भए ।

**अय्यूब २६ :५-१३ :** यस अध्यायको बाँकी खण्डमा ब्रह्माण्डमा चलिरहेको परमेश्वरको शक्तिको अद्‌भुत विवरण दिइएको छः उहाँको निर्देशनअनुसार पानी वाफ हुने वाष्पीकरण र वृष्टिपातको चक्र चल्छ; अनि बादलहरूको घनत्व, दिन र रात हुने नियम र समुद्रमा चल्ने आँधीबेह्रीको विषयमा कसो हो ? उहाँले आफ्नो आत्माको शक्तिमा ताराहरू र तारामण्डलहरू-द्वारा आकाश सिँगार्नुभयो ।

बिल्ददले आफ्नो उक्त बयानमा आकाशमा देखा परेको परमेश्वरको महिमामा जोड़ दिँदैथिए भने, अय्यूबले यहाँ गहिराइहरूमा देखिने उहाँको शक्तिमाथि आफ्नो विचार पुऱ्याउँछन्ः पानी-मनि के-के छ, अनि अधोलोक र विनाश छ ।

अय्यूबले यहाँ जे वर्णन गर्दैछन्, यो सिकाउन विज्ञानलाई अझै धेरै शताब्दीहरू लाग्योः परमेश्वरले पृथ्वी शून्यमा झुन्ड्याउनु-भयो । (काव्यात्मक भाषामा यहाँ सौर परिवारमा पृथ्वीको स्थान र गमन बयान गरिएको छ) ।

> 'यी थोरै, तर महान् उच्च शब्दहरूले अन्यजाति दार्शनिकहरूको विश्वोत्पत्तिवाद निक्कै तल छोड़े है । यी शब्दहरूमा श्री आइसक न्युटन र श्री योहन्नेस केप्लरका अनुसन्धानहरू बीउको रूपमा पेश गरिएका छन् । पवित्र धर्मशास्त्र बाइबलले वैज्ञानिक यथार्थताहरू सिकाउँदैन भन्ने सोचमा ठूलो भूल छ । किनकि वैज्ञानिक भाषा प्रयोग नगरीकन, तर

वैज्ञाननिक विशुद्धता कायम राखीकन पवित्र बाइबलले हामीले जान्नुपर्ने सबै आवश्यक सत्यता सिकाइदिन्छ ।' 26)

**अय्यूब २६ः१४ः** यी आश्चर्यकर्महरू केवल उहाँका मार्गहरूका छेउछाउ भएका कुराहरू हुन् भने, अनि हामीले उहाँको विषयमा सुनेको कुरा एउटा छनक वा साउती मात्र हो भने, अय्यूबको प्रश्न छः तब उहाँको शक्तिको पूरा गर्जन के हुनुपर्ला त ? के यो हाम्रो समझदेखि बाहिर र हाम्रो निम्ति बुझ्नै नसकिने कुरा हुनेछैन र ?

### उ) अय्यूब २७-३१ः अय्यूबको एकालाप

हो, अय्यूबका 'सान्त्वना दिनेहरू'ले आफ्नो कुरा प्रमाणित गर्न सकेनन्; अनि अय्यूबले चाहिँ ? उनले आफ्नो समस्या समाधान गरेका छैनन् । तर उनले अपनाएको बाटो सही बाटो हो, अनि उनी विश्वासमा बढ़िरहेका देखिन्छ ।

अय्यूबको एकालापमा तीनवटा मुख्य विषयवस्तुहरू छन्ः **क)** अय्यूब २७ः अय्यूबले आफ्नो इमानदारी अवस्था दुष्ट मानिसको विनाशसँग तुलना गर्छन्; **ख)** अय्यूब २८ः उनले बुद्धिको अमूल्य गुणको प्रशंसा गर्छन्; अनि **ग)** अय्यूब २९-३१ः अन्तमा उनी आफ्नो तर्कमा स्वकेन्द्रित रहन्छन् ।

**अय्यूब २७ः१-५ः** *'अनि अय्यूबले आफ्नो कुरा अघि बढ़ाएर भने ।'* यस अध्यायका शुरुका यी शब्दहरूले एउटा मुख्य विराम वा मुख्य मौड़ आएको सङ्केत दिन्छन् । किनभने अबदेखि उसो उनले बिल्ददलाई जवाफ दिँदैनन् (२६ः१); तर उनले यहाँ आफ्ना तीनैजना साथीहरूलाई सम्बोधन गर्छन् । अनि उनले धेरै कुराहरू आफ्नो मनबाट निकाल्दैछन् । अय्यूब आफ्नो इमानदारी, आफ्नो सच्चरित्र र आफ्नो धार्मिकतामा अडिग रहन्छन् । उनका आलोचकहरूले उनलाई गोप्य पापको दोष लगाइहाले र फलस्वरूप उनले यी कष्टहरू भोगे भन्ने अनुमान गरे । तर उनले एक क्षण पनि यो तिनीहरूको दोष आफूमाथि लाग्न दिँदैनथिए ।

**अय्यूब २७ः६-२३ः** अय्यूब दुष्ट, अधर्मी र कपटी मानिसको प्रतिरक्षा गर्दैनन् । तिनीहरू-माथि आइपरेको विपत्ति हर प्रकारले समुचित नै छ । अनि अब उनले आफ्ना तीनजना साथी-हरूलाई तिनीहरू स्वयम्ले जानेका यथार्थ कुराहरू अर्थात् अधर्मी मानिससित परमेश्वरको व्यवहार केकस्तो हुन्छ, सो बारेमा सिकाउन चाहन्छन् । किनकि दिव्य विपत्तिले प्रायः दुष्ट मानिसको परिवार, त्यसको धनसम्पत्ति, त्यसको घर र त्यसलाई प्रहार गर्छ नै, तर सधैं त होइन । अनि असल मानिसहरू रमाउन पाउँछन्, तर दुष्ट मानिस नाश हुनेछ ।

**अय्यूब २८ः१-११ः** 'तर बुद्धि कहाँबाट पाइन्छ ? र समझको ठाउँ कहाँ हो ?' यो मनमोहक अध्याय अय्यूब २८ः१२ र २० पदमा उठाइएका प्रश्नहरूको जगमाथि बसालिएको हो ।

यस अध्यायको शुरुको खण्डमा मानिसले बहुमूल्य धातु र मणिहरू खोज्नमा ठूलो सीप र लगनशीलता देखाउँछ। तर खानीमा देखाइएको उसको यस निपुणताले बुद्धि फेला पार्न सहायता दिन सक्दैन; यसको कुनै सीप लाग्दैन । अनि अय्यूब २८ः१३-१९ पदहरूको खण्डले मानिसको धनले बुद्धि किन्न सकिँदैन भन्ने कुरा देखाउँछ भने, अय्यूब २८ः२१-२८ पदहरूको खण्डमा परमेश्वरलाई बुद्धि दिने एकमात्र स्रोतको रूपमा पेश गरिएको छ ।

प्राचीन समयमा खानी-कर्म कसरी गरिएको, यसको विवरण धेरै आकर्षक छ; तर यसको बयानले बाइबल-अनुवादकहरूलाई निक्कै समस्याहरू दिएको छ । विशेष गरी चार पदको अनुवाद कठिन छ। किनकि हरेक अङ्ग्रेजी बाइबलको संस्करणमा यसको माने अनुवादकको बुझाइमा अर्को थियो। श्री फ्रान्सिस आइ. एन्डर्सनले यसको विषयमा निम्न टिप्पणी गरेका छन्ः

'तिनीहरू सबैको हातमा एकै हिब्रू पाण्डुलिपि भएको कुरा हामीलाई विश्वास गर्न गाह्रो छ'।[27)]

'बिल्ददको दृष्टिमा मानिस एउटा औंसा, एउटा कीरा थियो भने, अय्यूबको दृष्टिमा मानिसमा निपुणता थियो, जुन निपुणता, उदाहरणको लागि, उसले खानी-काममा प्रकट गऱ्यो । अनि खानी खन्ने काममा मानिसले प्राप्त गरेको उल्लेखनीय सफलताले ऊ कति निपुण र बुद्धिमान् छ भन्ने कुरा देखाउँछ; तर यसो भए पनि ऊ बुद्धि खोजेर निकाल्नमा पूरा असफल भएको छ ।'[28)]

**अय्यूब २८ः१२-१९ः** बुद्धिको बाटो पत्ता लगाउन त्यत्ति सजिलै होइन । बुद्धि जमिनभित्र भेट्टाइँदैन, र समुद्रको गहिराइमा पनि पाइँदैन; बुद्धि किन्न सकिँदैन, न ता यसको निम्ति उचित दाम दिन सकिन्छ; किनभने गोमेद र नीरमणिको दामभन्दा यसको मूल्य ज्यादा छ र निखुर सुनको तौलमा गन्न सकिँदैन ।

**अय्यूब २८ः२०-२८ः** बुद्धि र समझ सबै जीवित प्राणीहरूको नजरबाट लुकेको छ। विनाश र मृत्युले कतै बुद्धि र समझको बारेमा सुनेका रहेछन् । तर प्रकृतिका नियमहरू स्थापित गर्नुभएको परमेश्वर बुद्धिको स्रोत हुनुहुन्छ; किनभने उहाँले नै बुद्धिको घोषणा गर्नुभयो र उहाँले नै बुद्धि तयार गर्नुभयो । उहाँको भय मात्र बुद्धि हो र खराबीबाट अलग रहनुचाहिँ समझ हो ।

यस अध्यायमा हामीले सिक्नुपर्ने पाठको सङ्केत यस प्रकारको छः हामीले हामीसित परमेश्वरले देखाउनुभएको उहाँको व्यवहार बुझे-नबुझे पनि आफूलाई सधैं उहाँको पूर्व निर्धारित इच्छा र योजनाको अधीनतामा सुम्पनुपर्छ ।

**अय्यूब २९ः१-१७ः** अनि अबचाहिँ अय्यूब उदासी भई आफूले समृद्धि र सम्मानमा बिताएका विगत सुदिनहरूको उत्कृष्ट विवरण दिन्छन्; अनि ती सुदिनहरू फर्के त – उनको तीव्र चाहना थियो । किनकि उनले परमेश्वरको विगत समयमा अनुग्रह र उहाँको निर्देशन पाएर यसबाट आनन्द उठाउँथे । त्यस बेलामा उनका छोराछोरीहरू उनको साथमा हुन्थे; उनको सुखचैन ठूलो हुन्थ्यो; अनि शहरमा के जवानहरू, के वृद्धहरू, के शासकहरू, के भारदारहरू, सबका सबले उनका परोपकारी कार्यहरू, उनको धार्मिकता र उनको साँचो न्यायको खातिर उनलाई सम्मान गर्थे ।

**अय्यूब २९ः१८-२५ः** उनले 'आफ्नो गुँड़मा' लामो आयु र शान्तिमय मृत्यु पाउने आशा गरेका थिए; किनकि उनले समृद्धि, तागत र बल उपभोग गर्दैथिए। 'मेरो जरा पानीहरूतिर फैलिएको थियो; अनि रातभरि शीत मेरो हाँगामाथि खस्थ्यो । मेरो महिमा ममा ताजा रहन्थ्यो; मेरो धनु मेरो हातमा नयाँ हुँदै जान्थ्यो' भन्ने वाक्यले यसको सजीव शब्द-चित्र दिन्छ । किनभने किसानले वर्षा स्वागत गरेझैं मानिसहरूले उनको सल्लाह स्वागत गर्थे । अनि उनको मुस्कुराएको अनुहारले तिनीहरूको आड़भरोसा ताजा तुल्याइदिन्थ्यो। उनको अगुवा हुने सीपले उनलाई तिनीहरूको प्रधान तुल्यायो । अनि उनी सेनाको बीचमा राजाजस्तै बस्थे । उनी शोक गर्नेहरूलाई सान्त्वना दिने हुन्थे । उनीजस्तै धर्मी मानिसलाई परमेश्वरले किन सजाय दिनुभएको होला ? यो कुरा बुझ्न गाह्रो छ ।

**अय्यूब ३०ः१-८ः** तर दुःखको कुरा, अबचाहिँ अय्यूब जवान मानिसहरूको खिसीको कारण पो भएथे – यस्ता जवानहरूद्वारा उनी अपमानित भएथे, जसका बुबाहरू समाजबाट बहिष्कृत थिए, जुन बुबाहरू अय्यूबका कुकुरहरूलाई उनका भेड़ाहरूको हेरचाह गर्नमा सहायता गर्न समेत अयोग्य हुन्थे – ती बेकम्मा, कमजोर र गरिब मानिसहरू। तिनीहरू धेरै भोकाउँथे, जहाँसम्म तिनीहरूले उजाड़स्थानका झाड़ीका पत्ता र टुसा सिस्नुको झोलसित खाने गर्थे; तिनीहरू मानिसहरूको बीचबाट लखेटिएका थिए; तिनीहरू घरबारविहिन घुमन्ते हुन्थे; तिनीहरू देशबाट निकालिएका थिए ।

**अय्यूब ३०ः९-१५ः** अनि यी मानव कलङ्कहरूले अब अय्यूबलाई पूरा रूपले अपमान गरेका छन्। तिनीहरूको तिरस्कार र अवहेलना कस्तो थियो? यो निम्न वाक्यांशहरूबाट बुझिन्छ, जस्तैः 'म तिनीहरूको खिसीको गीतको विषयवस्तु', 'म तिनीहरूको उपमा' भएँ; 'तिनीहरू मलाई घृणा गर्छन्', 'तिनीहरू मेरो मुखमा थुक्नधरि बाँकी राख्दैनन्', 'तिनीहरूले मेरा खुट्टाहरू (मलाई लड़ाउन खोज्ने हिसाबले) धकेलिदिन्छन्', 'तिनीहरू मेरो बाटो भत्काउँछन्, (वा बाटो छेक्छन् कि अवरोध गर्छन्)' आदि। अय्यूबको सम्मान र समृद्धि पूरा गुम गयो; त्यो कहाँ गयो?

**अय्यूब ३०ः१६-२३ः** उनी पीड़ाले तड़पिरहेका थिए, अनि उनको यातनाले उनको रूप बिगारिदिएको थियो; उनी धूलो र खरानीसरह भएका थिए र मर्न लागेका थिए। तर परमेश्वरले उनका प्रार्थनाहरूको जवाफ दिनुहुन्नथियो। उहाँ कति क्रूर हुनुहुन्थ्यो; किनकि उहाँले उनको विरोध गर्नुहुन्थ्यो, र उनलाई उठाएर फनफनी फन्काउनुभयो। के उहाँले उनलाई मार्न लाग्नुभयो, कि के हो?

**अय्यूब ३०ः२४-३१ः** निश्चय नै उहाँले यस मानिसलाई चिहानमा दुःख दिनुहुनेछैन, जुन मानिसले मर्ने बेलामा उहाँसँग प्रार्थना गर्छ। अय्यूबले अरू मानिसहरूलाई दया देखाएका थिए, तर उनलाई भने कुनै दया देखाइएको थिएन। उनको एक्लोपन र तिरस्कार उनको परम पीड़ा थियो। उनको शारीरिक र मानसिक अवस्था दयनीय र नाजुक थियो। अय्यूबजस्तो धर्मी मानिस किन स्यालहरूको भाइ र शुतुरमुर्गहरूको साथी बन्नुपर्‍यो?

**अय्यूब ३१ः१-१२ः** अय्यूबले कुनै युवतीमाथि कामुक हेराइले आफ्ना आँखाहरू गाड्दैनथिए; यसमा उनको जोर थियो; उनलाई यसको दोष कहिल्यै नलागोस्! परमेश्वर यस्तो पाप देख्नुहुन्छ र त्यसको निम्ति दण्ड दिनुहुन्छ भन्ने कुरा उनलाई राम्रोसँग थाहा थियो। उनले छलको काम गरेनन्। तब एउटा इमानदार केरकार गरियोस्; यस प्रकारको जाँचले यस कुरामा परमेश्वरलाई विश्वस्त तुल्याउनेथियो। उनी धार्मिकताको मार्गबाट भड्किएका थिएनन्; नत्र उनी आफ्नो फसल गुमाउन योग्य हुनेथिए। उनले आफ्नो छिमेकीकी पत्नीको लालच गरेनन्; नत्रता उनकी पत्नी अर्काकी भइजाऊन्, अनि उनको श्रीसम्पत्ति र उनको जीवन नष्ट होऊन्।

**अय्यूब ३१ः१३-३७ः** अय्यूब आफ्ना नोकरहरूप्रति दयालु हुन्थे, अनि गरिब, विधवा र टुहुराहरूप्रति परोपकारी हुन्थे। उनले सुनको लोभ गर्दैनथिए; उनी लोभमुक्त थिए। उनी मूर्तिपूजा गर्न बहकिएका थिएनन्, अहँ, उनले कहिल्यै, अँ, गुप्त रूपले पनि मूर्तिपूजा गरेका थिएनन् (अर्थात् उनले सूर्यतिर वा चन्द्रमातिर आफ्नो हात चुम्बन समेत गरेका थिएनन्)। उनको मनमा उनका शत्रुहरूप्रति कुनै द्वेष थिएन। उनी सबैको अतिथि-सत्कार गर्ने मानिस थिए। उनी गुप्त पापबाट मुक्त थिए। अनि उनी आफ्नो कारोबार र लेनदेनमा पनि सधैं इमानदार हुन्थे। अनि उनको विरोधमा लगाइएका अभियोगहरू कुनै पुस्तकमा लेखिएका भए, उनले त्यो दोषपत्र गर्वको साथ आफ्नो काँधमा बोक्नेथिए र मुकुटजस्तै आफ्नो शिरमा लगाउनेथिए।

**अय्यूब ३१ः३८-४०ः** एकतीस अध्यायको अन्तमा अय्यूबले बोलेका शब्दहरू समाप्त भए। तर श्री सामुएल रिडू अय्यूबको अन्तिम वचनसँग सन्तुष्ट भएनन्ः

> 'मेरो विचारमा, अय्यूबका शब्दहरू तब मात्र ठीक प्रकारले सिद्धिन्छन्, जब उनले उहाँको प्रशंसा गर्छन्, जो केवल प्रशंसाको योग्य हुनुहुन्छ। अय्यूबका शब्दहरू यहाँ अन्त भएकोमा हामी खुशी छौं'।[29]

# खण्ड ३

# अय्यूब ३२-३७:

## एलिहूको हस्तक्षेप

### क) अय्यूब ३२: एलिहूले अय्यूबका तीनजना साथीहरूसँग बातचित गरेको

**अय्यूब ३२:१-६:** यहाँसम्म आएर अय्यूब र उनका तीनजना साथीहरूको बीचको बातचित सकियो। अघि अपनाइएको बातचितको चक्र-अनुसार अबचाहिँ बोल्ने पालो सोपरको हुनेथियो; तर यिनले केही कारणवश नबोल्ने निर्णय गरे।

बूजी बारकेलका छोरा एलिहू नाम गरेका जवान मानिसले अय्यूब र उनका तीनजना साथीहरूको बीचमा चलिरहेको चर्को बहस सुनिरहेका थिए। बाइबलका धेरै शिक्षाविद् विद्यार्थीहरूले तिनमा हाम्रा मध्यस्थ ख्रीष्ट येशूको चित्र देख्छन्। किनकि तिनले अय्यूबका साथीहरूले उनको बारेमा गरेका तिनीहरूको विश्लेषण र परमप्रभुको उपायको बीचमा उत्तम तवरले पुल बाँध्ने काम गर्छन्। छोटकरीमा भन्नु हो भने, तिनी मानिसहरू र परमेश्वरको बीचमा मध्यस्थकर्ता हुन्, जसले परमप्रभु दर्शनभूमि-रूपी मञ्चमा देखा पर्ने सबै कुरा तयार गर्छन्।

अन्य टिप्पणीकारहरू पनि छन्, जसले एलिहूको विषयमा आफ्नो प्रतिकूल राय दिएर तिनलाई अभिमानी युवा सिकारु प्रवर्तकको रूपमा देखेका छन्। जे भए पनि, एलिहू अय्यूबसँग रिसाए; किनकि उनले परमेश्वरलाई धर्मी ठहराउनुको सट्टामा आफूलाई पो धर्मी ठहराए। (एलिहू नामको अर्थ 'उहाँ मेरा परमेश्वर हुनुहुन्छ' हो।) अनि तिनी अय्यूबका तीनजना साथीहरूसित पनि रिसाएका थिए, किनकि तिनीहरूले अय्यूबलाई ठीक प्रकारको जवाफ दिन सकेनन्। अब आउँदा पदहरूको खण्डमा तिनले यहाँसम्म छलफल गरिएका उनन्तीस अध्यायहरूको संक्षिप्त सार दिन लागेका छन्।

**अय्यूब ३२:७-२२:** तिनीहरूको उमेर इज्जत गरेर तिनी चुपचाप बसे र तिनले तिनीहरूका शब्दहरू ध्यानसित सुने; तर अब तिनले आफूलाई रोकिराख्न सक्दैनथिए।

यी ठूला मानिसहरू एन.के.जे.वी.को फट्केमा लगाइएको टिप्पणीअनुसार उमेरदार मानिसहरू थिए। तिनको विचारमा तिनीहरू सधैं बुद्धिमान् हुँदैनथिए; अनि परमेश्वरले तिनीजस्तै जवान मानिसलाई पनि अन्तर्दृष्टि दिन सक्नुहुन्छ। अनि तिनले अय्यूबका आलोचक-हरूलाई हप्काउँछन्, किनकि तिनीहरूले ठोस तर्कहरू निकाल्न सकेनन्। अनि तिनीहरूको यस असफलताको खातिर तिनलाई भित्री मनबाट बोल्न बाध्य भयो; अनि अब तिनी कुनै पक्षपात वा कुनै चापलुसीविना बोल्नेथिए।

### ख) अय्यूब ३३: अय्यूबसँग एलिहूको बातचित

**अय्यूब ३३:१-७:** एलिहूले 'म तपाईंलाई विन्ती गर्छु' भन्ने शब्द प्रयोग गरेर अय्यूबको ध्यान आकर्षण गराउन चाहन्छन्; किनभने तिनी इमानदारीको साथ सत्य वचनहरू बोल्न लागेका थिए। अय्यूबले परमेश्वरको सामु आफूलाई प्रमाणित गर्ने मौका पाउन खोजिरहेका थिए। अनि अब एलिहू परमेश्वरको उपस्थितिमा अय्यूबसँग कुरा गर्ने उहाँको प्रतिनिधि र प्रवक्ताको भूमिका निभाइरहेका थिए; तिनी पनि अय्यूबजस्तै माटोबाट बनेको मरणशील मानिस थिए। अनि अय्यूबले चाहे भने उनले परमेश्वरको क्रोधको डर केही पनि नराखी

स्वतन्त्रतापूर्वक तिनको सामु आफ्नो प्रतिरक्षा गर्न सक्नेथिए।

**अय्यूब ३३:७-१८:** एलिहूले अय्यूबलाई हप्काउँछन्; किनकि उनले आफूलाई पूरा निर्दोष भएको दाबी गरे र परमेश्वरलाई उनीसित अन्याय गरेको दोष लगाए। परमेश्वर मानिसभन्दा महान् हुनुहुन्छ, अनि उहाँले मानिससँग गर्नुभएको व्यवहारको विषयमा कसैलाई कुनै लेखा दिनुपर्दैन। तर परमेश्वर मानिसहरूसित बोल्नुहुन्छ; किनभने उहाँले तिनीहरूलाई तिनीहरूको खराबी र तिनीहरूको घमण्डको विषयमा चेताउनी दिन चाहनुहुन्छ; उहाँ तिनीहरूलाई हिंसक मृत्युबाट बचाउन इच्छुक हुनुहुन्छ। यसकारण उहाँ सपना र रातका दर्शनहरूद्वारा मानिसहरूसँग बोल्नुहुन्छ।

**अय्यूब ३३:१९-३०:** अनि परमेश्वर मानिसहरूसित पीड़ाद्वारा र सिकिस्त रोग-बिमारीद्वारा पनि बोल्नुहुन्छ। त्यस बेलामा मानिसले स्वादिष्ठ भोजनको रुचि पनि राख्दैन। ऊसँग एकजना मध्यस्थ वा एकजना दूत भए असल हुनेथियो, जसले उसलाई परमेश्वरको सीधा मार्ग बताउन सक्छन्। अनि यदि यस पीड़ित व्यक्तिले विश्वासको सठीक प्रतिक्रिया देखायो भने, परमेश्वर उसलाई खाड़लमा पर्नदेखि बचाउनुहुन्छ; किनकि उहाँले उसको निम्ति उचित छुटकाराको दाम पाउनुभयो। एलिहूले यो छुटकाराको दाम के हो, यसको अर्थ खोलेनन्; तर हाम्रो निम्ति यो छुटकाराको दाम प्रभु येशू हुनुहुन्छ, *'जसले आफैलाई सबैको लागि छुटकाराको दामको रूपमा दिइहाल्नुभयो'* (१ तिमोथी २:६); यसको अर्थ यो लिनु न्यायसँगत कुरा हो। यसकारण एलिहूका शब्दहरूअनुसार जब कुनै मानिसले परमप्रभुको वाणी सुनेर यसप्रति आफ्नो सकारात्मक प्रतिक्रिया जनाउँछ, तब उसको शारीरिक र आत्मिक स्वास्थ्य उसकहाँ फर्कन्छ। यसकारण आफ्नो पाप स्वीकार गर्नुहोस्, तब तपाईं आफ्नो आत्मिक र शारीरिक मृत्युबाट छुट्नुहुन्छ।

**अय्यूब ३३:३१-३३:** अय्यूबको केही भन्नु छ भने, उनले बोलून्। होइन भने, उनी चुप लाग्नुपर्छ र उनले ध्यानसित सुनिरहनुपर्छ, अनि एलिहूले उनलाई बुद्धि के हो, सो कुरा सिकाउनुहुनेथिए।

### ग) अय्यूब ३४: एलिहूले अय्यूबका तीनजना साथीहरूसँग दोस्रो पल्ट बातचित गरेको

**अय्यूब ३४:१-१५:** त्यसपछि एलिहूले अय्यूबका तीनजना साथीहरूलाई 'जसरी जिब्रोले भोजनको स्वाद चाख्छ, त्यसरी नै तपाईंहरूले मेरा शब्दहरू जाँच्नुहोस्' भन्ने आग्रह गर्छन्। तिनले अय्यूबको दाबी लिएर तर्क गर्छन्: अय्यूबजस्तै धर्मी मानिसलाई कष्टमा सुम्पिदिएर के परमेश्वर अधर्मी हुनुहुन्थ्यो ? अनि के, के परमेश्वरलाई खुशी पार्न चाहने मानिसको भक्ति साँच्चै व्यर्थ थियो र? होइन नि!! किनकि परमेश्वर कहिल्यै कसैसित कुनै अन्याय गर्नुहुन्न, उहाँ अन्याय गर्न सक्नुहुन्न। किनभने उहाँले आफ्नो आत्मा र आफ्नो सास फिर्ता लिनुभएको भए उहाँले सृष्टि गर्नुभएका सबै प्राणीहरू तत्कालै नष्ट हुनेथिए।

**अय्यूब ३४:१६-३०:** कुनै राजालाई 'अधम' भन्नु अथवा कुनै महाजनलाई 'निकम्मा' भन्नु कति अनुचित कुरा हो भने त, ब्रह्माण्डका सार्वभौम अधिकारीमाथि, जो पूरा निष्पक्ष र पूरा पक्षपातरहित हुनुहुन्छ, दोष लगाउनु झन् कति बढ्ता अकल्पनीय कुरा हो! कुनै पनि दुष्टता परमेश्वरबाट लुक्न सक्दैन। उहाँले दुष्ट मानिसहरूलाई प्रहार गर्नुहुन्छ र उत्पीड़ित-हरूलाई छुटकारा दिनुहुन्छ।

**अय्यूब ३४:३१-३७:** अय्यूबलाई सम्बोधन गर्दै एलिहूले उनलाई 'तपाईंको पाप स्वीकार गरेर त्याग्नुहोस् र तपाईंको इच्छा पूरा हुनुपर्छ भन्ने माग परमेश्वरसँग गर्न छोड्नुहोस्' भन्ने सल्लाह दिन्छन्। किनभने अय्यूबले अज्ञानताको कुरा गर्दैथिए, उनले खराबी

बोल्दैथिए; उनले परमेश्वरको विरुद्धमा विद्रोह मच्चाउँदैथिए, उनले पापका शब्दहरू छाद्दैथिए र उहाँको विरुद्धमा धेरै कुराहरू बोल्दैथिए ।

### घ) अय्यूब ३५-३७ः अय्यूबसँग एलिहूको दोस्रो बातचित

**अय्यूब ३५ः१-८ः** त्यसपछि एलिहूले अय्यूबलाई हप्काउँछन्, किनकि उनले आफूलाई व्यवहारमा परमेश्वरभन्दा धर्मी भएको दाबी गरे र मानिसलाई आफ्नो धार्मिकताबाट कुनै लाभ हुँदैन भनेर भन्ने गर्थे । यसकारण उनले एलिहूको कुरा सुनून्ः मानिसको पापले सार्वभौम परमेश्वरलाई कुनै हानि गर्दैन र उसको धार्मिकताबाट परमेश्वरलाई कुनै लाभ हुँदैन ।

**अय्यूब ३५ः९-१६ः** अत्याचारको वृद्धिको कारणले मानिसहरू सङ्कष्टमा कराउँछन्, तर तिनीहरूले आफ्ना परमेश्वरलाई स्वीकार गर्दैनन्, जसले तिनीहरूलाई पृथ्वीका पशुहरूको र आकाशका पक्षीहरूको भन्दा धेरै बुद्धि दिनुभयो । यसकारण तिनीहरूले आफ्नो प्रार्थनाको उत्तर पाउँदैनन् । हामीले परमेश्वरलाई नदेखे ता पनि, उहाँ हामीलाई देख्दै हुनुहुन्छ; यसैले हामीले उहाँमाथि भरोसा गर्नुपर्छ र हामी अहङ्कारी हुनुहुँदैन ।

**अय्यूब ३६ः१-१२ः** एलिहूको चौथो बातचितमा तिनले परमेश्वरको न्यायको प्रतिरक्षा गर्न र यस संसारमा मानिसहरूमाथि परिआउने दुःखकष्टको अर्थ खोल्न गहन सत्यताहरू निकाल्ने दाबी गर्छन् । दुष्ट मानिसहरूसित उहाँको व्यवहार अनि थिचोमिचोमा परेकाहरूसँग उहाँको व्यवहार र धर्मी जनहरूसँग उहाँको व्यवहार पूरा सठीक र न्यायसँगत हुन्छ, चाहे तिनीहरू सिंहासनमाथि बस्ने राजाहरू हुन्, चाहे साङ्लाहरूले बाँधिएका कैदीहरू किन नहोऊन् (७-९ पद) । अनि जब हठधर्मी मानिसहरूले अहङ्कारपूर्ण काम गरे भने, उहाँले तिनीहरूलाई तिनीहरूका अपराधहरूको बारेमा कायल पारेर तिनीहरूलाई पश्चात्तापमा ल्याइपुर्‍याउन खोज्नुहुन्छ । तिनीहरूले उहाँका आज्ञापालन गरेर उहाँको सेवा गर्छन् भने, उहाँले तिनीहरूको समृद्धि गर्नुहुन्छ । तिनीहरूले उहाँको आज्ञापालन गर्दैनन् भने, तिनीहरू तरवारद्वारा र परमेश्वरको ज्ञानविना नष्ट हुन्छन् ।

**अय्यूब ३६ः१३-२१ः** अय्यूब विनम्र र पूरा पश्चात्तापी भएका भए, परमप्रभुले उनलाई अघिबाटै उनको नाजुक परिस्थिति र यस घोर सङ्कष्टबाट छुटकारा दिनुहुनेथियो; तर उनी जिद्दीवाल थिए, स्वधर्मी थिए; यसैले उनले कपटीहरूको दण्ड भोग्दैथिए । यसकारण एलिहूले उनलाई चेताउनी दिँदैथिएः 'तपाईं यसमा लागिपर्नुभयो भने तपाईंको ठूलो अशुभ भाग्य हुनेछ, जुन अशुभ भाग्यबाट ठूलो छुटकाराको दामले पनि तपाईंलाई दाम तिरेर छुटाउन सक्दैन ।' अठार पद पढ्न लायकको छ; किनकि यो चेताउनी सबै युगका पापी मानिसहरूको निम्ति अनिवार्य हो, जहाँ यसो लेखिएको छः *'किनभने क्रोध छँदैछ; होशियार ! नत्र ता उहाँले आफ्नो एउटै प्रहारले तपाईंलाई उठाएर लैजानुहुन्छ; तब ठूलो छुटकाराको दामले पनि तपाईंलाई छुटाउन सक्दैन ।'*

**अय्यूब ३६ः२२-३३ः** परमेश्वर सर्वबुद्धिमान् हुनुहुन्छ; यसकारण अय्यूबले उहाँको बढ़ाइ गर्नुपर्नेथियो । पानीझरी, बादलहरू, बज्रपात र बिजुली चम्काइ उहाँको नियन्त्रणमा रहेका छन्; यसबाट उहाँको महानता देखिन्छ । अनि उहाँले अघिबाट निर्धारित गर्नुभएका योजनाहरूअनुसारको उहाँको व्यवहारमा जुन महानता छ, सो हामी बुझ्न सक्दैनौं; तर हामी जान्दछौं, कि उहाँको पूर्वयोजनाअनुसारको उहाँको व्यवहारले उहाँको अनुग्रहमा उहाँका जनहरूको भलाइ गर्छ-गर्छ । श्री योहन्न वी. अन्ड्रेले धेरै पहिले यसरी लेखेका थिएः

> 'जुन आँधीबेह्री दण्डको रूपमा र विनाशको निम्ति भूमिहरूमाथि पठाइन्छ, त्यही आँधीबेह्री ती भूमिहरूलाई प्रशस्त आशिष दिन र फलवन्त तुल्याउन

नियुक्त गरिएको छ । यसकारण परमेश्‍वरका सबैभन्दा कड़ा न्यायका कामहरूको विषयमा कुरा पनि यस्तो छः उहाँका कड़ाभन्दा कड़ा सजायहरू हामीले आशिषको स्रोत मान्नुपर्छ, जहाँबाट परमेश्‍वरको अनुग्रह टपटप टप्केर निस्कँदो रहेछ ।' 30)

**अय्यूब ३७ः१-१३ः** परमेश्‍वरको बुद्धि, उहाँको शक्ति, उहाँको अद्‌भुत महानता र उहाँको स्वर्ण महिमा देखाउन एलिहूले प्रकृतिका विभिन्न क्षेत्रहरूमा खोज गरेर आफ्नो ज्ञान निकाल्छ । तिनले गरेको प्रकृतिको वर्णन स्मरणीय छः पहिले भारी पानीझरीसित आउने एउटा आँधीबेह्रीको बयान छ; त्यसपछि पृथ्वीमाथि हिउँ झरेको वर्णन, हल्का पानी परेको बयान, जाड़ो यामको, उत्तरको हावा चलेको, आकाशमा बाक्ला बादलहरू बनेका र घामको उज्यालो चम्केको बयान आउँछ ।

**अय्यूब ३७ः१४-२३ः** एलिहूले सुस्पष्ट अनुरोधको साथ आफ्नो कुरा अन्त्याउँछन्ः '*हे अय्यूब, यो कुरा ध्यानपूर्वक सुन्नुहोस् ! स्थिर भई खड़ा रहनुहोस्, र परमेश्‍वरका अचम्मका कामहरू विचार गर्नुहोस् !*' अनि नभन्दै तिनले अय्यूबलाई उनको प्रकृतिको ज्ञानको विषयमा चुनौती दिन्छन्ः बादलहरू कसरी माथि आकाशमा अड़िएर बसेका छन् ? अनि दक्षिणी हावा चल्दा उनलाई किन न्यानो हुन्छ ? यी कुराहरूबाट अघि बढ़ेर प्रकृतिको सम्बन्धमा अझ बढ़ी चुनौतीपूर्ण प्रश्‍नहरू उठ्छन्, जुन प्रश्‍नहरू सृष्टिकर्ता स्वयम्‌ले अय्यूबलाई यस पुस्तकको आँउदो मुख्य खण्डमा सोध्न लाग्नुभएको छ । परमेश्‍वरको भयानक प्रताप छ, त्यसले हाम्रो कमजोर समझ नाघ्छ । यसकारण मानिसले परमप्रभुको डर मानोस्, उहाँको ताड़नाको अधीनतामा बसोस् – सर्वोत्तम कुरा यही हो; तर हामी अय्यूबजस्तो हुनुहुँदैन, जसले उहाँलाई अन्याय गर्नुभएको दोष लगाए ।

**अय्यूब ३७ः२४ः** एलिहूको यो अन्तिम पद अय्यूबको जीवनमाथि लागू हुनु थियो; अनि यो पद यहाँसम्म छलफल गरिएको मामिलाको संक्षिप्त सार हो । यस पदको पहिलो भाग बुझ्न सजिलो छ; तर यसको दोस्रो भाग एन.के.जे.वी. र अन्य बाइबल-संस्करणहरूमा बुझ्न गाह्रो छ । श्री फ्रान्सिस एन्डर्सनले हिब्रू भाषाको सहारा लिएर यस वाक्यमा नकार्ने शब्द निषेधको अर्थको सट्टामा जोड़ गर्ने शब्दको रूपमा लिएर यस पदको दोस्रो भाग निम्न प्रकारले अनुवाद गरेका छन्ः

'यसकारण मानिसहरू उहाँको डर मान्छन्; निश्‍चय नै बुद्धिमान् हृदय भएकाहरू सबैजना उहाँसँग डराउँछन् !' 31)

# खण्ड ४

# अय्यूब ३८ः१-४२ः६ः

## परमप्रभुको प्रकाश

### क) अय्यूब ३८ः१-४०ः२ः परमप्रभुले अय्यूबलाई दिनुभएको पहिलो चुनौती

#### अ) अय्यूब ३८ः१-३ः उहाँको तर्कको परिचय

अब परमप्रभु आफैले अय्यूबलाई आँधीबेह्रीबाट जवाफ दिनुहुन्छ। पुरानो नियमको समयमा परमेश्‍वर बेला-बेलामा यस प्रकारले देखा पर्नुभयो । अघिल्ला अध्याय-हरूमा झगड़ाका शब्दहरू सुनेपछि हामीले अब परमेश्‍वरका शब्दहरू सुन्न पाएकोमा कति शान्ति छ ! यस्ता शब्दहरूलाई स्वागत छ । अय्यूबले ज्ञानहीन शब्दहरूद्वारा सल्लाहलाई अँध्यारो पारे, किनकि उनी मूर्ख भएर परमेश्‍वरले उनीसँग गर्नुभएको उहाँको व्यवहारमा अन्याय देखेका थिए । तर अब परमप्रभुले प्रश्‍न सोध्नुहुन्छ, र

अय्यूबको निम्ति अब उहाँलाई जवाफ दिन तयार हुने समय आएको छ !

निम्न प्रश्नहरूमा परमेश्‍वरले दुःखकष्टको भेद खोल्ने स्पष्टीकरण दिनुहुन्न। तर उहाँ आफ्नो प्रताप, महिमा, बुद्धि र शक्तिका झलकहरू दिन ब्रह्माण्डबाट कुराहरू निकाल्नुहुन्छ। अनि उहाँले भन्न खोज्नुभयोः 'मेरा चालहरूमा दोष भेट्टाउनुभन्दा अघि तैंले आफैलाई सोध्नुपर्छः जसरी मैले सृष्टिको असल सञ्चालन गर्दैछु, के यसरी नै तैंले यसको सञ्चालन गर्न सक्छस् ?' निस्सन्देह यस एउटै प्रश्नले अय्यूबलाई उनी कति शक्तिहीन, कति ज्ञानहीन, कति अगण्य, कति अक्षम, कति अयोग्य र कति सिमित रहेछन् भन्ने कुरा देखाउन सक्यो।

श्री सामुएल रिडूले टिप्पणी गरेर स्पष्ट गरेका छन्ः यहाँ हाम्रो सामु परमप्रभुको वाणी छः

> 'अब त हामीले अय्यूबका साथिहरूको बातचित-हरूमा जस्तै शारीरिक मानिसहरूको अन्धा मनका छामछाम-छुमछुमको कुरा सुन्नुपर्दैन; अनि हामीले अय्यूबको मुखबाट उनको घाइते विश्‍वासका चीत्कारहरू पनि सुन्नुपर्दैन; अनि हामीले एलिहूका सुस्पष्ट, गम्भीर शब्दहरू पनि सुन्नुपर्दैन। तर अब हामी परमप्रभुको उपस्थितिमा छौं, र उहाँ हामीसँग कुरा गर्दै हुनुहुन्छ।'[32)]

अनि जब हामी परमप्रभुका प्रश्नहरू सुन्न गइरहेका छौं, तब कतै हामीमा घरिघरि एउटा भान आउँछ कि के यी प्रश्नहरूमा कुनै रूपकात्मक अर्थ त होइन कि ? हुन सक्छ, यिनमा कुनै गहिरो आत्मिक अर्थ होला; अनि यी प्रश्नहरूको क्रममा पनि महत्त्व होला त नि। के गर्ने ? अहिलेसम्म हामी धमिलो देखिरहेछौं।

तर कतिजनाको गर्वसाथको भनाइ होलाः आधुनिक विज्ञानलाई धन्यवाद होस्, परमेश्‍वरले यहाँ, यस खण्डमा सोध्नुभएका प्रश्नहरूका धेरै जवाफहरू हामीले पाएका छौं। यसको सिलसिलामा आदरणीय बाबुसाहेब अलेक्जेन्डर हुम्बोल्टले यसरी स्वीकार गरेका छन्ः

> 'जुन प्रश्नको उत्तर अय्यूबले दिन सकेनन्, त्यस प्रश्नको उत्तर वैज्ञानिकहरूले पनि अहिलेसम्म दिन सकेका छैनन्। त्यो तिनीहरूको निम्ति अगम्य र अपार रहेको छ। वैज्ञानिकहरू धेरै ज्ञानी त छन्, तर तिनीहरूले सधैं केवल द्वितीयक कारणहरू बताउँछन्, तर प्राथमिक कारणहरू भने तिनीहरूले पत्ता लगाएका छैनन्। अचम्म, तिनीहरू किन र कसरी सबैको मूलकारणकहाँ, आफ्ना सृष्टिकर्ताकहाँ आइपुग्दैनन् ? तिनीहरू उहाँलाई किन चाहँदैनन् ?'[33)]

### आ) अय्यूब ३८ः४-३८ः सृष्टिका निर्जीव थोकहरूमा देखा परेका आश्‍चर्यकर्महरू उहाँको तर्कको पहिलो जग हुन्

**अय्यूब ३८ः४-७ः** परमप्रभु यहाँ पृथ्वीको उत्पत्तिको कुरा गर्दै हुनुहुन्छ। उहाँ यसको निम्ति कवितात्मक भाषा प्रयोग गर्नुहुन्छ, जसको शोभा अद्वितीय छ। उहाँले पृथ्वीका जगहरू बसाल्नुभयो, त्यसका नापहरू ठहराउनुभयो, त्यसमाथि सूत तान्नुभयो, त्यसको टेवा दिनुभयो (वास्तवमा, उहाँले पृथ्वी अन्तरिक्षमा झुन्ड्याउनुभयो); त्यस बेलामा स्वर्गदूतहरूले ठूलो हर्षले उत्सव मनाएका थिए। त्यसपछि उहाँले अय्यूबलाई सोध्नुहुन्छः 'यो सब हुँदा तिमी कहाँ थियौ ?'

**अय्यूब ३८ः८-११ः** उहाँको सृष्टिको बयान अघि बढ़िरहेको छ। ब्रह्माण्ड-विज्ञानबाट उहाँ भूगोलमा पुग्नुहुन्छ, र भूगोल-बाट उहाँ समुद्री विज्ञानमा आइपुग्नुहुन्छ। उहाँले समुद्रको निम्ति त्यसका तोकिएका किनाराहरू बाँध्नुभयो र त्यसलाई त्यसका सिमानाहरू नाघेर जान निषेध गर्नुभयो। उहाँले समुद्रको पानीलाई बादलहरू र बाक्लो अन्धकाररूपी वस्त्र लगाउनुभयो, एउटा सानो नवबालकलाई लपेट्ने लुगा लगाएको जस्तै।

**अय्यूब ३८ः१२-१८ः** त्यसपछि उहाँ सजीव भाषामा बिहानमाथि आफ्नो नियन्त्रणको

वर्णन प्रस्तुत गर्नुहुन्छ। बिहानै, उज्यालो खस्ने बेलामा घामका किरणहरू आकाशको एक छेउदेखि अर्को छेउसम्म फैलिजान्छन्, र त्यसको ज्योति जहाँ-जहाँ पुग्छ, त्यहाँ-त्यहाँ उज्यालै-उज्यालो हुन्छ; यसो हुँदा त्यसले रातको अन्धकारमा काम गर्ने दुष्ट मानिसहरूको भन्डाफोर गर्छ र तिनीहरूलाई धूलो झारेझैं टकटकाउँछ; त्यसको उज्यालोले पृथ्वीको सतहको आकृति प्रकट गर्छ, र त्यो आकृति मानौं साँचोबाट निकालिएको चिम्टे माटोजस्तै देखा पर्छ; अनि त्यसले भू-दृश्यमा मानौं एउटा सुन्दर पोशाक लगाएजस्तै रङ्गहरू भर्छ। अन्धकार दुष्ट मानिसहरूको 'ज्योति' हो, तर दिन हुँदै त्यो ज्योति तिनीहरूबाट रोकेर राखिन्छ र तिनीहरूका दुष्ट युक्तिहरू विफल पारिन्छन्। परमप्रभुले अय्यूबलाई चुनौती दिएर सोध्नुहुन्छः 'के समुद्रका गहिराइहरू, मृत्युको राज्य र पृथ्वीको चौड़ाइको बारेमा तिम्रो ज्ञान छ ?'

**अय्यूब ३८ः१९-२४ः** परमेश्वर अब ज्योतिको उत्पत्ति र त्यसको स्वभावको विषयमा अय्यूबको जिरह-सवाल गर्नुहुन्छ। ज्योतिको उत्पत्ति र स्रोत सूर्य हो भन्ने जवाफ पर्याप्त हुँदैन; किनभने सूर्यले आफ्नो स्थान लिनुभन्दा अघि उज्यालो थियो (उत्पत्ति १ः३ र १ः१६)। के यस प्रश्नको उत्तर जान्न अय्यूबको उमेर पुग्छ र? अनि हिउँ र असिनाको बारेमा उनलाई के थाहा छ ? किनकि कहिलेकाहीं परमेश्वरले सङ्कष्टका समयहरूमा र युद्ध हुने बेलामा हिउँ र असिना आफ्नो हातहतियार तुल्याएर प्रयोग गर्नुहुन्छ। ज्योति र पूर्वीय हावा एकै बिन्दुबाट आएको जस्तो देखिन्छ, तर ज्योति र पूर्वीय हावा पृथ्वीको सतहमा कसरी अलग-अलग हुने गरी फैलिन्छन् ?

**अय्यूब ३८ः२५-३०ः** त्यसपछि मौसमको कक्षामा बसेर अय्यूबले वर्षावृष्टि र मेघगर्जनको विषयमा उत्तर दिनुपर्छ। कसरी मरुभूमिमाथि पानी पर्छ, र कसरी त्यसले त्यहाँ प्रशस्त उपज उत्पन्न गर्छ ? त्यसपछि उनलाई वर्षा, शीत, बर्फ र तुसारोको स्रोतको बारेमा प्रश्नहरू सोधिन्छन्। पानी जमेर कसरी ढुङ्गाजति कड़ा हुन्छ, र गहिरो सागरको सतह कसरी ठोस वस्तु बन्छ ?

**अय्यूब ३८ः३१-३३ः** खगोल विज्ञान-जस्तै कुनै विज्ञान छैन, जसले मानिसलाई उसको महत्त्वहीनता देखाउँछ। यसकारण परमेश्वरले अय्यूबलाई 'के तिमी ताराहरू र तारामण्डलहरू आफ्नो नियन्त्रणमा राख्न सक्छौ ? के तिमी नक्षत्रहरू तिनीहरूका ग्रह-पथहरूमा बाँधिराख्न सक्छौ ? अथवा के तिमी पृथ्वीमाथि तिनीहरूको प्रभाव निर्धारण गर्न सक्छौ ?

आधुनिक मानिसले विज्ञानको माध्यम-मार्फत प्रकृतिमाथि ठूलो नियन्त्रण पाएको छ अरे; तब श्री सी. एच. स्पर्जनका निम्न शब्दहरूमा ध्यान दिन उचित छ, जसले एकतीस पदको आधारमा त्यस उक्त रायमा सन्तोषजनक सन्तुलन ल्याएका छन्ः

> ' *"कृत्तिका नक्षत्रका गुच्छा के तिमी बाँध्न सक्छौ, अथवा मृगशिराका बन्धनहरू फुकाउन सक्छौ ?"* (अय्यूब ३८ः३१)। हामीमा आफ्ना क्षमताहरूको बारेमा घमण्ड गर्ने झुकाउ होला; तब प्रकृतिको विशालता र वैभवमाथि ध्यान दिनु उचित छ; त्यसबाट हामी कति साना, सूक्ष्म प्राणी रहेछौं, सो छिट्टै बुझिन्छ। हामी चम्किरहेका ताराहरूमध्ये सबैभन्दा सानो तारा सार्न सक्दैनौं। हामी घामको एउटा किरण पनि निभाउन सक्दैनौं। हामी शक्तिको कुरा गर्छौं, तर आकाश हाम्रो खिसी गरेर हाँस्छ। जब वसन्त-ऋतुमा कृत्तिका नयाँ जोश र उमङ्गको साथ चम्किन्छ, तब हामी त्यसको प्रभाव रोक्न सक्दैनौं; अनि जब मृगशिरा आकाशमा राज्य गर्छ, र हाम्रो ऋतु हिउँदको पकड़मा परेको हुन्छ, तब हामी बर्फका बन्धनहरूबाट मुक्त हुन सक्दैनौं। ऋतुहरू ईश्वरीय नियुक्तिअनुसार बदली हुन्छन्; अनि सम्पूर्ण मानव-जातिका सबै मानिसहरूले मिलेर त्यसमा कुनै परिवर्तनल्याउन सक्दैनन्। हे प्रभु, मानिस के हो र ?' [34)]

**अय्यूब ३८ः३४-३८ः** कुरा स्पष्ट छः परमेश्वरलाई उहाँको बुद्धि र उहाँको शक्तिको विषयमा प्रश्न गर्ने मानिसले कम्तीमा ठूलो सोरले चिच्च्याएर बादलहरूबाट पृथ्वीमाथि पानीझरी बर्साउन सक्नुपर्छ र बिजुलीलाई त्यसले तुरुन्तै उसको कुरा मान्ने गरी आदेश गर्न सक्नुपर्छ ! मानिसको दिमाग र मनले कसरी काम गर्छ, अनि मानिसले यी सबै क्षेत्रहरूमा बुद्धि र समझ कसरी प्राप्त गर्छ, के अय्यूबले परमेश्वरलाई बताउन सक्छन् ? [35] कुनै पनि मानिसमा बादलहरू गन्न सक्ने बुद्धि छैन, तब जलकणहरू गन्ने कुरा नगरे हुन्छ। किनकि अनगिन्ती जलकणहरूबाट बादलहरू बन्छन् । अनि कड़ा ढिका र डल्लाहरू बनेको बन्जर जमिनमाथि कहिले पानी पर्नुपर्छ, सो मानिसहरूमा कसैले पनि निर्धारित गर्न सक्दैन ।

### इ) अय्यूब ३८ः३९-४०ः२ः पशुजगत्मा देखिने आश्चर्यकर्महरू उहाँको तर्कको दोस्रो जग हुन्

**अय्यूब ३८ः३९-४१ः** परमेश्वर अब सृष्टिका निर्जीव थोकहरूबाट पशुजगत्तिर अघि बढ्दै हुनुहुन्छ। उहाँले अय्यूबलाई प्रश्नहरूमाथि प्रश्न गरेर उनलाई आफ्नो ईश्वरीय प्रबन्धको सम्झना गराउनुहुन्छ। उहाँ आफ्नो मुठी खोल्नुहुन्छ र हरेक जीवित प्राणीको भोक मेटाउनुहुन्छ; पशुहरूका राजा मानिएका, आफ्ना ओड़ार र लुक्ने ठाउँहरूमा बस्ने सिंहहरूदेखि लिएर आकर्षक नभएको काग र त्यसका बच्चाहरूसम्म उहाँ सबैलाई खुवाउनुहुन्छ ।

**अय्यूब ३९ः१-८ः** अब हिमाली बाख्रा र मृगको कुरा आयो । अय्यूबलाई सम्झाइन्छ, कि परमेश्वरबाहेक अरू कसैले पनि हिमाली बाख्रा र मृगको गर्भवती हुने समय, जन्माउने आदत र सहज प्रवृत्तिहरू जान्दैन । अनि जङ्गली गधाले लगाम, शहरी जीवन र साजलाई घृणा गर्छ, तर त्यो हरेक हरियो चीज भेट्टाउन मरुभूमि र पहाड़हरूहुँदो आफ्नो राजीखुशीमा खोजिहिँड्छ ।

**अय्यूब ३९ः९-१८ः** अनि जङ्गली साँढ़ेले पनि हलो जोत्ने वा ढुवानी गर्ने जीवन अस्वीकार गर्छ। अनि शुतुरमुर्ग र त्यसका असाधारण पखेटाहरूको विषयमा कसो हो ? त्यसले कति मूर्ख काम गर्छ, किनकि त्यसले अण्डाहरू भुइँमा छोड़िराख्छ, जहाँ ती अण्डाहरू असुरक्षित हुन्छन् । अनि त्यो आफ्ना बच्चाहरूप्रति कठोर हुन्छ । तर छिटो दौड़ेर त्यसले जुनै पनि दौड़को घोड़ा र यसको घोड़चढ़ीलाई उछिन्न सक्छ ।

**अय्यूब ३९ः१९-२५ः** त्यसपछि परमेश्वरले अय्यूबलाई सोध्नुहुन्छः 'के तिमीले युद्धको घोड़ालाई त्यसको बल दिएका छौ ? के तिमीले त्यसको गर्दनमा त्यसको जगर लगाइदिएका छौ ?' त्यो कति राजसी र कति निडर जनावर हो ! आफ्नो हड़बड़ी र अवेगमा फुत्कार छोड़ेर र टाप मारेर त्यसले एकैक्षणमा ठूलो दूरी पार गर्छ। यो कति घमण्डी पशु हो, जसले न सेनाको ललकार, न तुरहीको ध्वनि, न ता चमचम चम्किने भाला र खुकुरीहरूको धार वास्ता गर्छ, तर जो पूरा उत्सुकता र अधीरताको साथ छिटो-छिटो रणभूमितिर टाप मारेर लम्कन्छ ।

**अय्यूब ३९ः२६-३०ः** के अय्यूबले बाजलाई दक्षिणतिर बसाइँ सर्नुपर्छ भन्ने बुद्धि दिए ? अनि के, के उनैले चीललाई उड्न सिकाए ? के उनले त्यसलाई अग्लो चट्टानको चुलीमा गुँड़ बनाउने, धेरै टाढ़ाबाट आफ्नो शिकार ल्याउने र त्यसका बचेराहरूलाई तिनीहरूको आहारा खोज्ने शिक्षा दिए ?

**अय्यूब ४०ः१-२ः** अनि परमप्रभुले फेरि पनि अय्यूबलाई हप्काउनुहुन्छ; किनकि उनले आफ्नो धृष्टतामा सर्वशक्तिमान् परमेश्वरमा गल्ती पाएका थिए र बेहोशी भई उहाँलाई दोष देखाएका थिए। उनी यति बुद्धिमान् र यति शक्तिशाली भएदेखि उनले भर्खरै परमप्रभुको

मुखबाट सुनेका थुप्रा सूचित प्रश्नहरूको उत्तर दिन सक्नुपर्नेथियो ।

### ख) अय्यूब ४०ः३-५ः अय्यूबको जवाफ

परमप्रभुले अय्यूबलाई सोध्नुहुन्छः सृष्टिको सम्बन्धमा उनको अल्प ज्ञान यति धेरै भएपछि उनले उहाँलाई उहाँको प्रबन्धको विषयमा सुधार्ने वा हप्काउने अधिकार कहाँबाट लिए होलान् त नि ? तब बल्ल अय्यूबले उनलाई सुहाएको स्थान ग्रहण गरेर यसो भन्छन्ः 'हेर्नुहोस्, म एक नीच व्यक्ति हुँ; म तपाईंलाई के जवाफ दिऊँ ? म आफ्नो हात मेरो मुखमाथि राख्नेछु ।' परमप्रभुको विस्तृत ज्ञानबाट अभिभूत भएर उनले अबदेखि उसो नबोल्ने निर्णय गरे ।

### ग) अय्यूब ४०ः६-४१ः३४ः परमप्रभुले अय्यूबलाई दिनुभएको दोस्रो चुनौती

#### अ) अय्यूब ४०ः६-१४ः परमप्रभुको चुनौतीः 'हे अय्यूब, मानिसलाई सुहाउँदो रीतिले मलाई जवाफ देऊ !'

तर अय्यूबको प्रतिक्रिया पश्चात्तापको योग्य भएन; यसकारण परमप्रभुले यस आँधीबेह्रीबाट उनीसँग अझै बहस गर्न र आफ्नो आपत्ति जनाउन अघि बढ्नुहुन्छ । उहाँले अय्यूबलाई मानिसलाई सुहाउँदो गरी बोल्न चुनौती दिनुहुन्छ; किनकि अय्यूबले परमेश्वरलाई अन्याय गर्नुभएको आरोप लगाएका थिए र आफूलाई धर्मी ठहराउन उहाँलाई दोष लगाएका थिए । यसकारण उनले परमेश्वरको स्थान ओगटून् र आफ्नो सर्वशक्ति देखाऊन् र चट्याङको आवाजमा बोलून् । उनले स्वर्गको सिंहासन ग्रहण गरून्, अनि आफूलाई गौरव, सर्वश्रेष्ठता, महिमा र सुन्दरताले सुशोभित पारून् । उनले आफ्नो क्रोध हरेक दोषीमाथि खन्याऊन् र हरेक घमण्डीलाई नम्र तुल्याऊन् । उनले यी सबै कामहरू गर्न सक्छन् भने, परमप्रभुले उनको शक्ति यसो भन्दै स्वीकार गर्नुहुनेथियोः 'हो, उनको हातले उनलाई बचाउन सक्दो रहेछ ।'

#### आ) अय्यूब ४०ः१५-२४ः परमप्रभुको चुनौतीः 'हे अय्यूब, बिहेमोतलाई विचार गर !'

त्यसपछि परमप्रभुले अय्यूबलाई यसो भन्दै चुनौती दिनुहुन्छः 'बिहेमोतलाई विचार गर, जसलाई मैले तिम्रो साथसाथै बनाएँ !' यस कुराले 'बिहेमोत र लिव्यातानचाहिँ प्राचीन समयमा प्रख्यात भएका, पौराणिक कथाका कल्पानिक प्राणीहरू हुन्' भन्ने धारणा काटिहाल्छ, जुन मिथ्या धारणा कतिपय टिप्पणीकारहरूको भूल धारणा हो । किनकि तपाईं आफै भन्नुहोस्, एउटा हुँदै नभएको, काल्पनिक पशुले अस्तित्व राखेको मानिसको निम्ति कसरी एउटा चुनौती हुन सक्ला ?

'बिहेमोत' भन्ने हिब्रू शब्दको अर्थ यस प्रकारको छः योचाहिँ 'बेह-माह' शब्दको बहुवचन हो, जसको अर्थ गाईवस्तु हो । अनि श्री मेरेडिथ क्लाइनले यसको व्याख्या यस प्रकारले गरेका छन्ः

> 'बिहेमोत शब्दको बहुवचनचाहिँ प्रवर्धक शब्दको रूप लिन्छ भने, बिहेमोतबाट 'उत्कृष्ट जनावर'को अर्थ निस्कन्छ । तब "परमेश्वरका मार्गहरूमा त्यो श्रेष्ठ हो" भन्ने गुणसूचक वाक्यजस्तै 'बिहेमोत' पनि एउटा गुणसूचक शब्द हुन जान्छ (पद १९[क]) । अय्यूब ४१ः३३-३४ पदहरूमा "त्योजस्तै अरू कुनै छैन" भनेर लिव्यातानको विषयमा उस्तै उच्च कुराहरू लेखिएकोमा ध्यान दिनुहोस् ![36)]

परमेश्वरले बिहेमोतलाई 'मेरा मार्गहरूको सर्वश्रेष्ठ' पशुप्राणी भन्नुभयो र त्यस बिहेमोतलाई पशुजगत्को सर्वोत्तम प्रदर्शन-वस्तु तुल्याउनुभयो । हामीले 'बिहेमोत यो थियो कि त्यो थियो' भनेर निश्चित रूपले तोक्न नसके तापनि हामीलाई थाहा छ, कि यो जनावरचाहिँ शाकाहारी, स्थलचर-जलचर र अत्याधिक शक्तिशाली प्राणी थियो । यो पशु ओझेल परेको, दलदले ठाउँहरूहुँदो विश्राम गर्थ्यो र

कसैबाट अलिकति पनि डराउँदैनथियो। अय्यूबको निम्ति बिहेमोतबाट सिक्नुपर्ने पाठ के थियो भने, उनले यस जङ्गली जनावरलाई तह लगाउन सकेनन् भने, उनले यो संसार कसरी सञ्चालन गर्न सक्लान् ?

कहिलेकाहीं बिहेमोतलाई हिप्पोपोटामस नामक पानीहात्तीसँग[37] तुलना गरिएको छ, र फ्रान्सेली भाषामा बाइबल अनुवाद गर्ने श्री लुइस सेगोन्डले बिहेमोतको अनुवाद पानीहात्ती नै गरे। तर कुनै हालतमा पनि हिप्पोपोटामसलाई 'परमेश्वरका मार्गहरूमा सर्वश्रेष्ठ' भन्न सकिँदैन, बरु एउटा हात्ती वा 'मम्मोत' नामक प्राचीन हात्तीचाहिँ यस गुणसूचक वाक्यसित मिल्ला, तर हिप्पोपोटामसचाहिँ अवश्य होइन नि ! जब हाम्रा नानीहरू चिड़ियाखानामा जान्छन्, तब तिनी-हरूले हिप्पोपोटामसको मायालाग्दो सानो पुच्छरतिर औंलाएर हर्षले चिच्च्याउँछन्; किनकि त्यसको पुच्छर देवदारजस्तोको हुँदैन होइन।

कोही इसाई वैज्ञानिकहरू छन्, जसले बिहेमोत कि त अहिलेसम्म विलुप्त भइसकेको कि त अफ्रिकाको घनघोर बाक्लो जङ्गलका दुर्गम ठाउँहरूहुँदो पाइने जनावर हुनुपर्ला भन्छन्। वास्तवमा, डाइनासोर परिवारको कुनै सरीसृपचाहिँ यहाँ, यस खण्डमा बयान गरिएको जनावरसित खूबै मिल्छ।[38]

## इ) अय्यूब ४१ः परमप्रभुको चुनौतीः 'हे अय्यूब, लिव्यातानलाई विचार गर !'

परमेश्वरले अय्यूबका गुनासोहरूअनुसार उनलाई सीधा जवाफ दिनुभएन। तर उहाँले भन्न खोज्नुभएको कुरा यस प्रकारको छः 'तैंले मजस्तै महान्, राजसी र प्रतापी व्यक्तिको बुद्धि, प्रेम र शक्तिमा भरोसा गर्न सक्नुपर्छ।'

**अय्यूब ४१ः१-९ः** अर्को भयानक स्थलचर-जलचर प्राणी लिव्यातान हो, जो परमेश्वरले सृष्टि गर्नुभएका थोकहरूमा अद्वितीय छ। 'के तिमीले त्यसमा लगाम लगाउन सक्छौ ?' परमेश्वर अय्यूबबाट यो जान्न चाहनुहुन्छ। 'त्यसलाई एकैपल्ट मात्र छोऊ, र तिमीले त्यसलाई फेरि कहिल्यै छुने आँट गर्नेछैनौ; किनकि तिमीले त्यससितको यो एकै जुधाइ कहिल्यै बिर्सनेछैनौ' (पद ८, टि.इ.वी.अनुसार)। प्राचीन कनानी साहित्य-अनुसार लिव्यातान शब्दको सन्दर्भ 'सातवटा टाउका भएको समुद्री अजिङ्गर' थियो। तर श्री फ्रान्सिस आइ. एन्डर्सनले गरेको टिका-टिप्पणीअनुसार 'तर त्यस कुराले कुनै प्रकारले यस अध्यायमा बयान गरिएको लिव्यातानचाहिँ पौराणिक अयथार्थ विशाल जन्तु थियो भन्ने कुरा प्रमाणित गर्दैन।'[39]

अङ्ग्रेजी र नेपालीमा हामी स्वर्ग र बैकुण्ठ, आइतवार र विहिवार आदि शब्दहरू प्रयोग गर्छौं, तर यी शब्दहरू कहाँबाट उत्पन्न भएर आए, यिनको अन्यजातीय धर्मको मूलअर्थसित कुनै सरोकार राख्दैनौं। किनकि शब्दहरूको प्रयोगले यिनको अर्थ निर्धारित गर्छ। अब यहाँको कुरा आयोः परमेश्वरले अय्यूबलाई चुनौती दिनुभयोः उनले लिव्यातानमा एउटा वास्तविक जन्तुलाई विचार गर्नुपरेको थियो। तर कारणवश हामीले वर्तमान समयमा लिव्यातान कस्तो जनावर थियो, सो निश्चित रूपले तोकेर भन्न सक्दैनौं। लिव्यातानचाहिँ नील नदीको गोही थियो भन्ने अनुमान लोकप्रिय भएको छ; किनकि लिव्यातानको बयान कता-कतै यस घस्रेर हिँड्ने जन्तुसित मिलेको छ।

बिहेमोतचाहिँ प्रायः एउटा स्थलचर प्राणी थियो भने, लिव्यातानचाहिँ एउटा जलचर प्राणी थियो। मानिसले त्यसलाई न बिल्छीले पक्रन, न डोरीले बाँध्न सक्थ्यो। कसैले त्यसलाई पाल्तू पशु बनाउन वा कुकुर-बिरालोजस्तै पाल्न सक्दैनथियो। त्यसको मासु स्वादिष्ठ थिएन, कुनै भोजमा टक्राउन लायक थिएन। त्यसको कवचजस्तो चाम्रो, बाक्लो छाला माछा मार्ने बर्छीबर्छी र भालाहरूले छिर्न सकिँदैनथियो, र

त्यसको दृश्य यति डरलाग्दो थियो, कि कसैले पनि त्यससित जुध्न चाहँदैनथियो ।

**अय्यूब ४१ः१०-११ः** परमेश्वर सन्दर्भबाट उठेको एउटा प्रश्न सोध्न बीचमा लिव्यातानको विषयमा गर्नुभएको आफ्नो बयान रोकि-राख्नुहुन्छ । मानिसहरू सृष्टि गरिएको यही प्राणीको डर राख्छन् र भयाकुल, भयातुर हुन्छन् भने, तिनीहरूले झन् बढ्ता गरी यस प्रकारको प्राणी सृष्टि गर्नमा सक्षम हुनुभएको सृष्टिकर्ताको भय मान्नुपर्नेथियो । किनकि उहाँ अनन्त हुनुहुन्छ; अनि कसैप्रति उहाँको बाध्यता छैन; किनभने उहाँ सबैका मालिक र सृष्टिकर्ता हुनुहुन्छ । यस सम्बन्धमा श्री मेरेडिथ क्लाइनले यस प्रकारको टिप्पणी गरेका छन्ः

> 'यस खण्डको मुख्य बुँदा यहाँ छः अय्यूबले एउटा सहचर प्राणीलाई आफ्नो वशमा ल्याउन नसक्ने आफ्नो दुर्बलता पत्ता लगाउनु थियो; अनि यसबाट उनले सृष्टिकर्ताको सिंहासनमाथि बस्न चाहने आफ्नो मूर्खता कति ठूलो रहेछ, सो बुझ्नु थियो ।'[40)]

**अय्यूब ४१ः१२-३४ः** आउनुहोस्, हामी लिव्यातानमा फर्कौं ! त्यसको बनावट विशाल थियो र त्यसको शक्तिबल अति ठूलो थियो । त्यसको छालाचाहिँ एउटा कड़ा, संरक्षणीय ढकना थियो । त्यसलाई लगाम लगाउन सकिँदैनथियो । त्यसको मुख र त्यसका दाँतहरू पेचकसजस्तै थिए । त्यसको छालामा पाता-पातीका लहरहरू एकसाथ टाँसिएका थिए; यसले गर्दा त्यो कवचजस्तै देखिन्थ्यो । अनि कवितात्मक ढङ्गमा परमप्रभुले त्यसको हाच्छिउँ, त्यसका आँखाहरू, त्यसको मुख र नाकका प्वाँलहरू डरलाग्दो प्रकारले वर्णन गर्नुहुन्छ । तब कसले त्यसको शान्ति भङ्ग गर्ने आँट गर्ला ? लिव्यातानको शक्ति अति ठूलो थियो र त्यसको मासुका पत्रहरू एकसाथ टाँसिएका थिए । त्यो निडर थियो; तर त्यसले आफ्नो चारैतिर हिलो पानी कुटपिट गर्दा सबैभन्दा साहसी हृदय पनि डरले थरथर हुन्थ्यो । अनि सामान्य हतियारहरू त्यसको छालाबाट उछिट्टिन्थे । अनि जब त्यो घस्राँदा-घस्राँदै दलदले हिलोबाट भएर अघि बढ्थ्यो, तब त्यसको मनिको भाग खपटाका धारिला टुक्राहरूसरह भएको हुनाले त्यसले आफ्नो पछि बाटोभरि फ्याँट्ने हतियारले मुजा पारेझैं तीखा, चुच्चा परेका चिन्हहरू छोड्थ्यो । त्यसले गहिरो पानी भाँड़ाको पानी उमालेझैं खलबलाइ-दिन्थ्यो, यहाँसम्म कि पानीमा सेतो चहाकिलो रेखा देखा पर्थ्यो । ठिक्कै छ, हामी मानिलिन्छौं, यहाँ, यस बयानमा मध्यपूर्वको प्राच्य काव्यात्मक भाषा, त्यसको बढ़ाई-चढ़ाई गरिने अतिशयोक्ति प्रयोग गरियो होला; यसो भए पनि यहाँ, यस खण्डमा गोहीको बयान गरिएको छ, अँ, मानौं यो सबैभन्दा ठूलो गोहीको बयान भएको, सो हामीलाई पत्याउन निक्कै गाह्रो परेको छ; किनभने कुनचाहिँ गोहीलाई 'सबै घमण्डका सन्तानहरूमाथिको राजा' भन्न मिल्ला, सो मलाई भन्नुहोस् ![41)]

यी अध्यायहरूमा जुन जङ्गली जनावरहरू र हुन सक्छ, जुन डाइनासोरहरूको वर्णन गरिएको छ, त्यस बयानले परमेश्वरको महिमा, शक्ति र पराक्रम झल्काउन खोजेको छ । यी जन्तुहरू उहाँका सृष्टिका थोक हुन्, र यिनको सृष्टिमा उहाँको उद्देश्य थियो; किनभने उहाँले यी जन्तुहरू आफ्नो महिमा र शक्तिको उदाहरणको रूपमा दिन चाहनुभयो । यसकारण उहाँले आफ्नो बयान मृग र कागजस्ता मामुली पशुप्राणीहरूबाट शुरु गर्नुभयो र क्रमशः उहाँ त्यहाँदेखि अघि बढ्दै ठूला र झन् ठूला, अन्तिममा सबैभन्दा ठूला प्राणीहरूकहाँ पुग्नुभयो – त्यो स्थलचर प्राणी बिहेमोत र जलचर प्राणी लिव्यातानकहाँ, जो सबै जनावरहरूको राजा थियो, जो एउटा अति डरलाग्दो, अति भयानक, एउटा सुप्रख्यात अद्‌भुत भयावह जन्तु थियो ।

### घ) अय्यूब ४२ः१-६ः अय्यूबको विनम्र जवाफ

अय्यूब पराजित भए। अब उनलाई अति भइसकेको थियो। उनले परमेश्‍वरको सार्वभौमिकता र सर्वाधिकार मानिलिए। उनले आफ्ना ओठले अनुचित शब्दहरू बोलेको स्वीकार गरे। उनले परमप्रभुको बारेमा सुनेका मात्र होइन, तर अब उहाँलाई आफ्नै आँखाले देखेका छन्। उनले अब आफैलाई घृणा गर्छन्; उनले धूलो र खरानीमा बसेर पश्‍चात्ताप गर्छन्। पक्कै पनि, उनले वास्तवमा परमेश्‍वरलाई आफ्नै आँखाले देखेका थिएनन्[42], तर उनले उहाँको बुद्धि, उहाँको शक्ति, उहाँको पूर्वप्रबन्ध र उहाँको सर्वाधिकारको विषयमा यत्रो ज्वलन्त प्रकाश पाए कि यो महान् परमेश्‍वरको दृश्य-समान थियो।

अय्यूब १ः१ पदमा अय्यूबलाई 'सिद्ध' अथवा 'निर्दोष' मानिस भनिएको थियो। तर यहाँ, यस पुस्तकको अन्तमा उनले आफैलाई घृणा गर्छन्। अनि युगौंदेखि योचाहिँ परमेश्‍वरका मानप्राप्त पवित्रजनहरूको अनुभव थियो र अनुभव हो।[43] यस सिलसिलामा श्री डि. एल. मुडी लेखेका छन्ः

> 'मानिस अनुग्रहमा जति बढ़ी बढ्छ, त्यति नै बढ़ी ऊ आफ्नो नजरमा नीच हुँदो रहेछ'।[44]

# खण्ड ५

# अय्यूब ४२ः७-१७ः

## उपसंहारः अय्यूबको विजय

### क) अय्यूब ४२ः७-९ः अय्यूबका साथीहरूले हप्की खाए, र तिनीहरूको पुनर्स्थापना भयो

त्यसपछि परमप्रभुले एलिपज र तिनका दुईजना साथीहरूलाई[45] हप्काउनुहुन्छ; किनकि तिनीहरूले उहाँको विषयमा गलत वर्णन दिए। किनभने मानिसहरूले सहेका सबै दुःखकष्टहरू तिनीहरूका पापको फल थिए भन्ने कुरामा तिनीहरूले जोड़ दिए। तर अय्यूबको सन्दर्भमा यो कुरा सत्य थिएन। परमेश्‍वरको आज्ञाअनुसार तिनीहरूले सातवटा बहर र सातवटा साँढ़-भेड़ाहरू होमबलिको रूपमा चढ़ाए; यो तिनीहरूको निम्ति एउटा निक्कै ठूलो होमबलि थियो। अनि अय्यूबले आफ्ना साथीहरूको निम्ति प्रार्थना गरिदिए र यसरी उनी तिनीहरूको मध्यस्थ भए। अनि फलस्वरूप तिनीहरूबाट न्याय टारियो र अय्यूबलाई स्वीकार गरियो।

### ख) अय्यूब ४२ः१०-१७ः अय्यूबको समृद्धिको पुनर्स्थापना

**अय्यूब ४२ः१०-१२ः** अय्यूबले आफ्ना तीनजना साथीहरूको निम्ति प्रार्थना गर्नेबित्तिकै परमप्रभुले अय्यूबलाई अघि उनको भएको धनसम्पत्तिको दुई गुणा फर्काउनुभयो; त्यसो हुँदा उनले पशुधन गुमाएको क्रम यहाँ उल्टो

भयोः पहिले उनले दोब्बर भेड़ाबाख्राहरू, त्यसपछि दोब्बर ऊँटहरू, दोब्बर गोरुहरू र दोब्बर गधाहरू फिर्ता पाए ।

**अय्यूब ४२ः१३-१७ः** अनि उनले सातजना छोराहरू र तीनजना छोरीहरूलाई पनि प्राप्त गरे, र यसरी उनको परिवारका सदस्यहरू दोब्बर भए; किनकि उनले आफ्ना पहिलेका छोरा-छोरीहरूलाई गुमाएका थिएनन् रहेछन्; किनभने तिनीहरू स्वर्गमा थिए । अय्यूब अझै एक सय चालीस वर्ष बाँचे । अनि परमप्रभुले अय्यूबलाई उनका शुरुका दिनहरूमा भन्दा उनका पछिल्ला दिनहरूमा अधिक आशिष दिनुभयो । यसरी अय्यूब वृद्ध भएर र धेरै उमेर खाएपछि उनको मृत्यु भयो । अनि अय्यूबले यो सब भए पनि परमेश्वरलाई सरापेनन्; शैतानले भनेको कुरा सत्य ठहरेन ।

परमेश्वरको अनुग्रहमा एउटा सुन्दर विशेषता छः अय्यूबको रूप उनको रोगले गर्दा साह्रै बिग्रेको थियो; उनको पुनर्स्थापनापछि उनका तीनजना छोरीहरू भए, जो असाध्यै सुन्दर थिए; (अनि कुनचाहिँ बुबा होलान्, जसलाई आफ्ना सुन्दर छोरीहरूको विषयमा गर्व गर्न मन लाग्दैन ?) । अय्यूबका छोरीहरूका नामहरूमा शिक्षाप्रद अर्थ [46] छः यमिमाको अर्थ ढुकुर हो; अनि केसियाचाहिँ सुगन्धित तेजपातको रूख, दालचिनीको बोक्रा र त्यसको धूलो हो; अनि केरेन-हप्पूकको अर्थचाहिँ गाजलको सिङ्ग हो [47] । अय्यूबले उनीहरूलाई पनि उनीहरूका दाजुभाइहरूको साथमा आ-आफ्नो अधिकारको भाग दिए । अनि हुन सक्छ, उहिलेका पिता-पुर्खाहरूको जमानामा छोरीहरूको बीचमा यस प्रकारको अंश-भागबन्डा गर्ने चलन थिएन, कि के हो ?

# खण्ड ६

## निष्कर्षः अय्यूबको पुस्तकबाट हामीले सिक्न पाउने पाठहरू

वास्तवमा, हामीले मानिसहरूले सहेका दुःखकष्टहरूको विषयमा रहस्यको पूरा बोध पाएनौं । यस सम्बन्धमा श्री वेस्ली बेकरले निम्न टिप्पणी गरेका छन्ः

> 'अय्यूबको पुस्तकको अन्तमा आइसकेपछि हामीले यसमा त्यस प्रश्नको बारेमा कुनै लिखित जवाफ पाएनौं; किनभने यहाँ हाम्रो तर्कसम्मत् दिमागलाई सन्तुष्ट पार्ने केही पनि छैन !' [48]

तर हामी यी दुईवटा कुराहरूको विषयमा निश्चित हुन सक्छौंः

**क)** सर्वप्रथम, अय्यूबले सहेका दुःख-कष्टहरू उनको कुनै व्यक्तिगत पापको प्रत्यक्ष प्रतिफल थिएन । किनकि परमेश्वरले उनको विषयमा साक्षी दिनुभयोः उनी सिद्ध र इमानदार मानिस थिए (अय्यूब १ः८) । अनि परमेश्वरले अय्यूबका तीनजना साथीहरूको तर्क झूटो ठहराउनुभयो, जसले उनका पापहरूको खातिर परमेश्वरले उनलाई दण्ड दिनुभएको भन्ने गर्थे (अय्यूब ४२ः८) ।

**ख)** ठिक्कै हो, अय्यूब आफूले पाप गरेको खातिर दुःख भोगेनन्; तर उनका परीक्षाहरूले उनको हृदयको घमण्ड, उनको आफूलाई दोषमुक्त गर्ने प्रतिवाद र उनको वैरभाव, उनको द्वेषभाव प्रकट गरे । अनि उनले आफ्नो शून्यता र परमेश्वरको महानताको दर्शन नपाएसम्म (अय्यूब ४२ः१-६) र आफ्ना साथीहरूको

निम्ति प्रार्थना नगरेसम्म उनले आफ्नो कष्टबाट छुटकारा पाएनन् (अय्यूब ४२:१०)।

तर दुःखकष्टको सम्बन्धमा हामीले अय्यूबको पुस्तकबाट सिक्नुपर्ने केही पाठहरू निम्न प्रकारका छन्ः

१) धर्मी जनहरू कष्टबाट मुक्त हुँदैनन्।

२) दुःखकष्ट सधैं पापको प्रतिफल हो भन्न मिल्दैन।

३) परमेश्वरले धर्मी जनहरूको वरिपरि सुरक्षाको बार लगाइदिनुभएको छ।

४) परमेश्वरले रोग र कष्ट पठाउनुहुन्न। यो त शैतानबाट आएको हो (लूका १३:१६; २ कोरिन्थी १२:७)।

५) दुष्ट मानिसहरूमाथि अर्थात् अय्यूबको सन्दर्भमा शबाका मानिसहरू र कल्दीहरूमाथि शैतानको केही अधिकार छँदैथियो; यसकारण त्यसको सीमित अधिकार निम्न कुराहरूमाथि रहेको छः क) पाकृतिक प्रकोपहरूमाथि, किनकि आकाशबाट आगो झर्‍यो; ख) मौसम-माथि, किनभने ठूलो आँधीबतास चल्यो; ग) रोगमाथि, किनकि अय्यूबको शरीरमा निस्केका खटिराहरू शैतानको काम थियो; अनि घ) मृत्युमाथि।

६) तर केवल परमेश्वरको अनुमति पाएर शैतानले यस्ता कुराहरू ख्रीष्ट-विश्वासीको जीवनमाथि ल्याउन सक्छ।

७) परमेश्वरले जुन कुराको निम्ति अनुमति दिनुहुन्छ, त्यो कुरा उहाँले गर्नुभएको प्रायः भानिन्छ, मानिन्छ, जसरी अय्यूबले पनि भनेः *‘अँ, हामी परमेश्वरको हातबाट असल कुराहरू लिन्छौं; तब के हामी खराब कुरा नलिने त?’*

८) हामीले हाम्रो जीवनमाथि आइपरेका सबै कुराहरू शैतानको तर्फबाट आएको होइन, तर प्रभुबाट आएका, उहाँको अनुमतिमा भइरहेका कुराहरूको रूपमा हेर्नुपर्छ। *‘परमप्रभुले दिनुभयो, र परमप्रभुले लैजानु-भयो; परमप्रभुको नाम धन्यको हो।’*

९) परमेश्वरले हामीलाई सधैं हाम्रो कष्टको खास कारण बताउनुहुन्न।

(प्रकाशकको टिप्पणीः तर हामी जान्दछौं, पहिलो मानिस आदमद्वारा संसारमा पापको प्रवेश भयो; अनि मानिसहरूमाथि आइपर्ने दुःखकष्टहरूमध्ये धेरैभन्दा धेरै यसको सुनिश्चित प्रतिफल हुन्।)

१०) दुःखकष्टले सहनशीलता उत्पन्न गर्छ।

११) जब हामी कष्टमा परेका पवित्र जन-हरूलाई भेट्न जान्छौं, तब हामीले तिनी-हरूको न्याय गर्नुहुँदैन।

१२) तिनीहरूसित हाम्रो भेटघाट छोटो हुनुपर्छ।

१३) मानिसहरूका विभिन्न सल्लाह र उपयुक्त विचारहरू व्यर्थ छन्। किनकि परमेश्वर मात्र पूरा रूपले सान्त्वना दिन सक्नुहुन्छ।

१४) अय्यूबको पुस्तकको अन्तमा आएर हामी के देख्छौं भने, *‘प्रभु अति टिठाउनुहुने र दयालु हुनुहुन्छ’* (याकूब ५:११)। अनि हामी यो पनि सिक्छौंः कहिलेकाहीं यस जीवनमा कुनै न कुनै बेठीक भएको कुरा सुध्रेर सठीक र सही हुन जाँदो रहेछ।

१५) कष्टमा परेका अय्यूबको धीरजले परमेश्वरलाई आफूलाई सत्य ठहराउने मौका दिलायो।

१६) अय्यूबको धीरजले शैतानलाई झूटो आरोप लगाउने अभियोक्ता र झूट बोल्ने झूटा साबित गरिदियो।

१७) के मानिस उसको वरिपरि भएका कुराहरूभन्दा महान् छैन र? तब हाम्रो

धनसम्पत्ति र हाम्रो घरपरिवारमाथि आइपर्ने कुराहरू जेसुकै किन नहोऊन्, हामीले सङ्कष्टमा पर्नुभन्दा अघि गरेजस्तै सबैको निम्ति परमेश्वरको प्रशंसा गर्न सक्नुपर्छ र उहाँमाथि भरोसा राख्न सक्नुपर्छ ।

**१८)** हामी सामान्य कथनहरू गर्नुमा होशियार हुनुपर्छ; हामीले आफ्ना रायहरूमा अपवाद-हरूको निम्ति पनि ठाउँ राख्नुपर्छ ।

**१९)** शैतान न सर्वव्यापी छ, न सर्वशक्तिमान् छ, न ता सर्वज्ञानी छ ।

**२०)** परमेश्वर हाम्रा कर्महरूसित सरोकार नराखिने कष्ट हामीमाथि आइपर्न दिनुहुन्छ; तापनि उहाँ आफ्नो व्यवहारमा सधैं सच्चा र भलो हुनुहुन्छ ।

पवित्र बाइबलका अन्य खण्डहरूको प्रकाशमा हामी परमेश्वरले किन आफ्ना पवित्र जनहरूलाई दुःखकष्ट भोग्न दिनुहुन्छ, निम्न कारणहरू पाउँछौं:

**क)** कहिलेकाहीं हाम्रो जीवनमा हामीले स्वीकार नगरेको पाप छ, जसको कारणले हामीले दुःखकष्ट भोग्छौं (१ कोरिन्थी ११:३२) ।

ख) हामीमा धीरज, सहनशीलता र नम्रता-जस्ता आत्मिक सद्‌गुणहरू उत्पन्न गर्न परमेश्वरले दुःखकष्टहरू आफ्नो माध्यम तुल्याउनुहुन्छ (रोमी ५:३-४; यूहन्ना १५:२) ।

**ग)** दुःखकष्टहरूले ख्रीष्ट-विश्वासीको जीवनबाट कुनै खोट खार्ने वा अन्य अशुद्धता-हरू हटाउने काम गर्छन्; प्रभुले आफ्नो स्वरूपको छरलङ्ग प्रतिबिम्ब हामीमा धमिलो होइन, तर सिद्ध प्रकारले देख्न चाहनुहुन्छ (यशैया १:२५) ।

**घ)** दुःखकष्टहरूबाट पार भएर आएको परमेश्वरको छोराछोरीले उहाँबाट जुन सान्त्वना पाएको छ, त्यही सान्त्वना लिएर उसले अरू मानिसहरूलाई पनि सान्त्वना दिन सक्छ (२ कोरिन्थी १:५) ।

**ङ)** हामीले सहेका दुःखकष्टहरूद्वारा मुक्तिदाता प्रभुका कष्टहरूमा सहभागी हुन सक्छौं, तर उहाँको त्राणात्मक मृत्युमा उहाँले सहनुभएका दुःखकष्टहरूमा होइन; किनकि यी दुःखकष्टहरूमा हामी कुनै हालतमा पनि सहभागी हुनै सक्दैनौं। अनि यसरी हामी उहाँप्रति झन् कृतज्ञ र धन्यवादी बन्दै जान्छौं (फिलिप्पी ३:१०) ।

**च)** हामीले सहेका दुःखकष्टहरूचाहिँ स्वर्ग र पृथ्वीमा भएका प्राणीहरूको निम्ति एउटा वस्तुगत पाठ हुन् (२ थिस्सलोनिकी १:४-६) । यस पाठले उनीहरूलाई के सिकाउँछ भने, परमेश्वर प्रेम गर्न योग्य हुनुहुन्छ; उहाँले हामीलाई देखाउनुभएका उपकारहरूको खातिर मात्र होइन, तर उहाँ आफ्नै खातिर हाम्रो प्रेम पाउन योग्य हुनुहुन्छ ।

**छ)** परमेश्वरले उहाँलाई प्रेम गर्नेहरूलाई मात्र ताड़ना दिनुहुन्छ; यसकारण हामीले सहेका दुःखकष्टहरू हामी उहाँका छोराछोरी भएको निश्चयता दिलाउने पक्का प्रमाण हुन् (हिब्रू १२:७-११) ।

**ज)** दुःखकष्टहरू पवित्र जनहरूले आफ्नो शक्तिमाथि होइन, तर केवल परमेश्वरमाथि भरोसा गरून् भन्ने हेतु हुन् (२ कोरिन्थी १:९) ।

**झ)** दुःखकष्टहरूद्वारा परमेश्वरले आफ्ना जनहरूलाई आफूसँग नजिक राख्नुहुन्छ (भजनसंग्रह ११९:६७) ।

**ण)** जुन दुःखकष्टहरूमा हामी सहभागी हुन्छौं, ती दुःखकष्टहरू हामीले भविष्यमा प्राप्त गर्ने महिमाको बैना हुन् (रोमी ८:१७-१८) ।

**ट)** परमेश्वरले हामीलाई हाम्रो शक्ति-देखि बाहिरको परीक्षामा कहिल्यै पर्न दिनुहुन्न (१ कोरिन्थी १०:१३) ।

*'तिमीहरूले अय्यूबको धीरजको विषयमा सुनेका छौ, अनि प्रभुबाटको परिणाम देखेका छौ; किनकि प्रभु अति नै टिठाउनुहुने र दयालु हुनुहुन्छ ।'* याकूब ५:११[ख]

## FOOTNOTES:

**1) Introduction:** Samuel Ridout, Job: An Exposition, p. 5.

**2) Introduction:** Genesis 1–11 is generally dated from about 2000 B.C. and much earlier as one traces back through the genealogies.

**3) 1:1–3:** "Others support an identification with the region East of Edom in North Arabia" (The Revell Bible Dictionary, ed. by Lawrence O. Richards, p. 1138).

**4) 1:4-5:** Charles Haddon Spurgeon, Morning and Evening, p. 721.

**5) 1:6–12:** In the Semitic languages "sons of God" was a standard term for angels.

**6) 2:1–10:** Harold St. John, Job, The Lights and Shadows of Eternity, p. 9.

**7) Chapter 3–31: Introduction:** Samuel Ridout, Job, p. 33.

**8) Chapter 3–31: Introduction:** The New ScofieldStudy Bible, New King James Version, p. 595.

**9) Chapter 3–31: Introduction:** Ibid., p. 598.

**10) Chapter 3–31: Introduction:** Samuel Ridout, Job, pp. 43, 44.

**11) Chapter 8: Introduction:** Samuel Ridout, Job, p. 64.

**12) 9:32–35:** Matthew Henry, 'Job," in Matthew Henry's Commentary on the Whole Bible, III:59.

**13) 10:8–12:** Harold St. John, Job, p. 17.

**14) 11:1–12:** Samuel Ridout, Job, p. 31.

**15) 13:20–28:** Francis I. Andersen, Job: An Introduction and Commentary, p. 163.

**16) 14:13–17:** Harold St. John, Job, pp. 17, 18.

**17) 15:14–16:** Samuel Ridout, Job, p. 84.

**18) 19:25–27:** C. H.Spurgeon, Morning and Evening, Devotion for April 21, Morning.

**19) 19:25–27:** Ibid., p. 21.

**20) 20:20–29:** G. Campbell Morgan, Searchlights from the Word, p. 145.

**21) 22:21–30:** Albert Barnes, 'Job," in Notes on the Old Testament, II:3.

**22) 23:1–9:** C. H.Spurgeon, Morning and Evening, Devotion for November 19, Evening.

**23) 24:1–12:** Samuel Ridout, Job, p. 124.

**24) 24:18–25:** Francis I. Andersen, Job, p. 213.

**25) Chapter 25: Introduction:** Samuel Ridout, Job, p. 127.

**26) 26:5–13:** Samuel Ridout, Job, pp. 133, 134.

**27) 28:1–11:** Francis I. Andersen, Job, p. 225.

**28) 28:1–11:** Francis I.Andersen, Job, p. 225.

**29) 31:38–40:** Samuel Ridout, Job, p. 169.

**30) 36:22–33:** Quoted by Otto Zöckler, 'The Book of Job," in Lange's Commentary on the Holy Scriptures, IV:596.

**31) 37:24:** Francis I. Andersen, Job, p. 268.

**32) 38:1–3:** Samuel Ridout, Job, pp. 210, 211.

**33) 38:1–3:** Cited by William Kelly in Eleven Lectures on the Book of Job, p. 278.

**34) 38:31–33:** C. H.Spurgeon, Morning and Evening, Devotion for March 21, Evening.

**35) 38:34–38:** Because verse 36 seems to interrupt the discussion of weather phenomena in verses 34–38, many other translations have been suggested. The Hebrew is admittedly difficult.

**36) 40:15–24:** Meredith G. Kline, "Job," in Wycliffe Bible Commentary, p. 488.

**37) 40:15–24:** For example, Albert Barnes used the following description to make the text fit a hippopotamus: 'The huge head of the animal, from the prominency of its eyes, the great breadth of its muzzle, and the singular way in which the jaw is placed in the head, is almost grotesque in its ugliness. When it opens its jaws, its enormously large mouth and tongue, pinkish and fleshly, and armed with tusks of most formidable character, is particularly striking" ("Job," II:247, 248). The problem with this depiction is that while A. Barnes's description of the hippopotamus is good, the tusks, fleshy pink mouth, etc., are not found in Job! Also, neither the jaw, head, nor muzzle of the behemoth (ch. 40) is described in Scripture.

**38) 40:15–24:** See Ken Ham, "What Happened to the Dinosaurs? Answers to some of the Most Asked Questions on Creation/ Evolution" (Sunnybank, Australia: Creation Science Foundation Ltd., 1986). Seealso Henry Morris, The Remarkable Record of Job (Grand Rapids: Baker Book House, 1990).

**39) 41:1–9:** Francis I. Andersen, Job, p. 289.

**40) 41:10-11:** Meredith G. Kline, "Job," p. 488.

**41) 41:12–34:** Leviathan may have been an ocean-dwelling dinosaur. The description of the reptile with its four giant flippers and a very long neck could be the "plesiosaurus," an enormous aquatic but believed-to-be extinct reptile. The descriptions in Job 41 are consistent with this creature or similar sea-dinosaur. The famous "Loch Ness Monster" description also fits the plesiosaurus.

**42) 42:1–6:** It is possible that God appeared in a theophany to Job, a visible manifestation of God's glory.

**43) 42:1–6:** Some other biblical figures who sensed their own wretched sinfulness in God's presence include Moses (Ex. 3:6); Isaiah (Isa. 6:5); Peter (Luke 5:8); Paul (Acts 9:4); and John (Rev. 1:17).

**44) 42:1–6:** D. L. Moody, Notes fromMy Bible, p. 62.

**45) 42:7–9:** It is interesting to notice that Elihu, the fourth man to address Job, is not rebuked. Furthermore, he is not mentioned again in the book. His advice was apparently correct, and perhaps was used as a "transition" between the friends' bad advice and

God's majestic answer to Job. This may also fit in with the fore-mentioned theory that Elihu was a type of Christ.

**46) 42:13–17:** Samuel Ridout believes that the names have "divine significance... .These are the fruit of Job's trials. The dove, suggesting the gentleness and love of the bird of sorrow. Cassia, telling of the fragrance that has come from his bruising; and the horn of cosmetic, of the 'beauty for ashes' that is now his. Love, fragrance, beauty — these come of our sorrows. Truly there are no daughters so fair as these" (Job, pp. 263, 264).

**47) 42:13–17:** The ancient women emphasized their eyes with makeup more than their lips. All this illustrates Solomon's words that 'There is nothing new under the sun"!

**48) Conclusion:** Wesley C. Baker, More Than a Man Can Take: A Study of Job, p. 128.

## BIBLIOGRAPHY

Andersen, Francis I. *Job: An Introduction and Commentary*. London: Inter-Varsity Press, 1976.

Baker, Wesley C. *More Than a Man Can Take: A Study of Job*. Philadelphia: The Westminster Press, 1966.

Delitzsch, F. "The Book of Job." In *Biblical Commentary on the Old Testament*.Vol. 9, 10. Reprint. Grand Rapids: Eerdmans Publishing Co., 1971.

Green, William Henry. *The Argument of the Book of Job*. Reprint. Minneapolis, MN: James &Klock Christian Publishers, 1977.

Ham, Ken. "What Happened to the Dinosaurs? *Answers to Some of the Most Asked Questions on Creation/Evolution*". Sunnybank, Australia: Creation Science Foundation Ltd., 1986.

Kelly, William. *Eleven Lectures on the Book of Job*. Reprint. Denver: Wilson Foundation, n.d.

Kline, Meredith G. "Job." In *Wycliffe Bible Commentary*. Chicago: Moody Press, 1962.

Minn, H. R. *The Burden of this Unintelligible World* or *The Mystery of Suffering*. Auckland, New Zealand: Whitcombe& Tombs Limited, 1942.

Morris, Henry. *The Remarkable Record of Job*. Grand Rapids: Baker Book House, 1990.

Ridout, Samuel. *The Book of Job: An Exposition*. Seventh Printing. Neptune, NJ: Loizeaux Brothers, 1976.

St. John, Harold. *Job, The Lights and Shadows of Eternity* (pamphlet). New York: Bible Scholar, n.d.

Zöckler, Otto. "The Book of Job." In *Lange's Commentary on the Holy Scriptures*.Vol. 4. Grand Rapids: Zondervan Publishing House, Reprint, 1960.